# खण्ड २

# भजन ४२-७२:

# पुस्तक दुई

## भजन ४२: परमेश्वरको निम्ति तिर्खाएको तिर्सना

कति मानिसहरू छन्, जसले यस भजनमा दाऊदको छोरा अब्शालोमले विद्रोह मच्चाइ-रहेको समयमा दाऊद देशनिकाला भएर भड्किएर हिँड्ेको बेलामा तिनले पुकारेको आवाज सुन्छन्। अरूले यस भजनमा तिरस्कृत र पीड़ित हुनुभएको ख्रीष्ट येशूको आवाज सुन्छन्। अझै अरू मानिसहरू छन्, जसले यस भजनमा सङ्कष्टकालको भावी समयमा बाँकी रहेका यहूदीहरूको कष्ट र पीड़ाले सुँकसुँकाएको आवाज सुन्छन्। अन्तमा यस्ताहरू पनि छन्, जसले यस भजनको अर्थ यस्तो ख्रीष्ट-विश्वासीलाई लगाइदिन्छन्, जसले आफ्नो पहिलो प्रेमका दिनहरूको सम्झना गर्छ, र प्रभुसित फेरि यस किसिमको घनिष्ठ र मीठो सङ्गति पाउने चाहना गर्दछ।

धन्न, हाम्रो निम्ति यस भजनको अर्थ एउटै धारणामा सीमित राख्नु दरकार छैन; किनभने सबै उक्त धारणाहरूमा कुनै न कुनै व्यावहारिक उपयोग छँदैछ। किनभने भजनहरूमा यिनका बहुमुखी प्रयोगहरू यिनको विशेषता छ।

**भजन ४२:१:** परमेश्वरको सङ्गतिको निम्ति हाम्रो भित्री उत्कट चाहना हामी केसित तुलना गरौं? यो त सुक्खा भूमिहुँदो तिर्खाले हरहर भएर खोलाको पानी पिउन हाँपझाँप गरी धाउने मृगको तिर्सनासित तुलना गर्न सकिन्छ। श्री गमलिएल ब्र्याडफोर्डले यो चित्रण आफैमा लागू गराएर यसो भनेका छन्:

> जहाँ-जहाँ मेरा पाउहरू टेकिरहेका छन्,
> मेरो एकनाश भइरहेको एकमात्र चाहना,
> परमेश्वरको निम्ति कहिल्यै तृप्त नभएको त्यो तिर्सना, मेरो मनबाट कहिल्यै नहट्ने त्यो प्रखर हरहरती हो।

**भजन ४२:२:** हाम्रो तिर्सना परमेश्वरले बाहेक अरू कुनै कुराले, अरू कुनै व्यक्तिले तृप्त पार्न सक्दैन। यसकारण उहाँ हाम्रो एकमात्र तिर्सना हुनुपर्छ। यसकारण प्रिय भाइबहिनीहरूहो, निर्जीव मूर्तिहरूको निम्ति होइन, तर जीवित परमेश्वरको निम्ति तिर्सना गर्नुहोस्! यो यस्तो एउटा चाहना हो, जुन-चाहिँ व्यक्तिगत रूपले प्रभुको सामु देखा नपरुन्जेल कहिल्यै पूरा तृप्त हुँदैन। यसकारण उहाँको मुहार निहार्न पाउने आफ्नो सौभाग्य प्रयोगमा ल्याउनुहोस्!

> हे प्रभु, आफ्नो ईश्वरीय सुन्दरताले पूर्ण ज्योतिर्मय चेहराको एक झलक मलाई दिनुहोस्! तब म तपाईंको प्रेममा छोड़ेर अरू कुनै प्रेममा मग्न हुनेछैनँ, न ता अरू कसैको सपना गर्नेछु;
>
> तपाईंको ज्योतिको चमकमा अरू सबै ससाना ज्योतिहरू अँध्यारा हुनेछन्, सबै ताराहरू अलप भइजानेछन्। तब यो सुन्दर पृथ्वी पनि मेरो निम्ति फेरि कहिल्यै सुन्दर देखिनेछैन।
>
> अज्ञात लेखकको रचना

**भजन ४२:३:** प्रभुको सङ्गतिबाट वञ्चित भएको तिक्त बिछोड़को निम्ति उचित शब्द पाएर कसले बयान गर्न सक्ला? यो त निरन्तर आँसुको घुट्को पिउनुपर्ने जस्तो, कहिल्यै शमनीय नहुने दुःखले पूर्ण जीवनको नमीठो अनुभवजस्तै हो। त्यतिले मात्र भएन;

तर तिनका वैरीहरूले 'तेरो परमेश्वर खोइ, कहाँ छ ?' भनी तिनको गिल्ला गरिदिँदा झन् काटेको घाउमा नुनचुक गरेजत्तिकै हुन्छ। शिमीले दाऊदलाई 'तँ आफ्नै दुष्टतामा फसेको छस्; किनकि तँ खूनी मान्छे होस्' भन्दाखेरि तिनलाई यस प्रकारले पिरोल्न खोजेको थियो (२ शमूएल १६:८)। अनि मुख्य पूजाहारीहरूले क्रूसमा टाँगिनुभएको ख्रीष्ट येशूको विषयमा *'यसले परमेश्वरमाथि भरोसा राख्थ्यो; उहाँले यसलाई चाहनुभयो भने उहाँले अहिले नै यसलाई छुटकारा दिएका होऊन्'* भनेर भन्न चाहेको तात्पर्य पनि उहाँलाई खिसी गरेर चोटमाथि चोट पुर्‍याउनु थियो (मत्ती २७:४३)।

**भजन ४२:४:** तर त्यसपछि तिनलाई शुभ दिनहरूको सम्झना जरुर आउँछ। परमेश्वर-सँग अटुट सङ्गतिमा हिँड़ेको सम्झना कति मीठो छ! यस प्रकारको मीठो सङ्गतिबाट वञ्चित भएको अनुभव तिनको निम्ति असह्य छ। श्री रोनल्ड नोक्स्‌ले भजन ४२:४ पदको भावानुवाद यस प्रकारले गरेका छन्:

'मेरो मन पगालिदिने सम्झनाहरू मलाई आउँछन्; किनकि बितेको समयमा मैले हर्षोल्लास र धन्यावादको साथमा परमेश्वरको भवनमा जाने भीड़लाई अगुवाइ गरें; यो कत्रो हलचल मच्चाउने उत्सव थियो !'

**भजन ४२:५:** सुखले पूर्ण विगत समयको सम्झनाले तिनमा आत्मिक खिन्नता पैदा गर्छ; अनि निराशा र विश्वासको बीचमा पारस्परिक हार-जीतको संघर्ष चल्न शुरु गर्छ। तिनको मन व्याकुल र खिन्न हुन्छ। तर विश्वासले यस बोझले लादिएको मन-स्थितिलाई चुनौती दिन्छः *'हे मेरो प्राण, परमेश्वरमाथि आशा राख्; किनकि उहाँको चेहराको सहायताको खातिर म अझै पनि उहाँको स्तुति गर्नेछु।'* के यो 'सबै कुरा आफैआफ ठीक भइहाल्छ नि' भन्ने धार्मिक आशावाद मात्र हो र ? तब यो एउटा बिलकुल फोस्रो भावना ठहरिनेथियो। तर यो त 'परमेश्वरका जनहरूले उहाँको अनुहार देख्नेछन्' भन्ने परमेश्वरको वचनको प्रतिज्ञा-माथि स्थापित भएको आशा हो (भजन १७:१५; प्रकाश २२:४); यसकारण यो आशा सय प्रतिशत पक्का हुन्छ।

**भजन ४२:६:** जब खिन्नताको चक्र चल्छ, तब मनको खिन्नता घरिघरि फर्केर आउँछ। तर विश्वासले सुदृढ़ कथन भनेर त्यो व्याकुलता हटाइदिन्छः 'म यर्दनको देश अनि हर्मन र मिजारको डाँड़ादेखि परमेश्वरको सम्झना गर्नेछु।' हुन सक्छ, यी तीनवटा ठाउँहरूले तीनवटा आत्मिक अनुभवहरू सङ्केत गर्लान्; तर यो कुरा हामी निश्चित रूपले भन्न सक्दैनौं। तर एउटा कुरा सुस्पष्ट छः यर्दन, हर्मन र मिजारको डाँड़ाचाहिँ देश-बाट निकालिएको र यरूशलेममा भएको परमेश्वरको भवनदेखि टाढ़ा भएको अवस्था बुझाउने ठाउँहरू हुन्। अनि जब हामी परमेश्वरको भवनमा जान सक्दैनौं, तब हामी यस भवनमा वास गर्नुभएको परमेश्वरलाई सम्झना गर्न सक्छौं नि। यहाँ भन्न खोजिएको तात्पर्य यही हो।

**भजन ४२:७:** यस सातौं पदमा आइपुग्दाखेरि हाम्रो आत्मिक सहज-बुद्धिले हामीलाई बताउँछ, कि हामी यहाँ आत्मिक प्रकारले गलगथामा आइपुगेछौं, जहाँ परमेश्वरका न्यायरूपी छाल र लहरहरू प्रभु येशूमाथि ओइरिँदा उहाँका चीत्कारहरू सुनिन्छन्। जब उहाँले हाम्रा पापहरू आफ्नै शरीरमा लादेर यो पापको बोझ क्रूसमा बोकेर लानुभयो, तब ईश्वरीय क्रोधरूपी झरनामाथि झरना गर्जिरहेको आवाजमा उहाँमाथि ओइरिए।

यस तीव्र पीड़ाको अन्तिम दृश्य हेर,
जहाँ परमेश्वरका सबै छाल र लहरहरू
उहाँमाथि ओइरिए !

मेरो आत्मा बचाउन उहाँ क्रूसमा एकलै यस क्षीण अवस्थामा छोड़िनुभयो;
अनुपम प्रेम, कति महान् ! मेरो निम्ति सित्तैंमा, कसरी ? किनकि प्रभु येशूले मेरो निम्ति आफ्नो प्राण दिनुभयो ।

श्री जे. जे. होप्किन्स

**भजन ४२ः८ः** श्री जर्ज मिलरले भनेका छन्ः 'परीक्षाजाँचहरूचाहिँ विश्वासको पोष्य आहार हुन् ।' यसैकारण हामी यहाँ एकजना आश्वस्त ख्रीष्ट-विश्वासीलाई दृढ़तापूर्वक यसो भनेको सुन्छौंः *'दिनको समयमा परमप्रभुले आफ्नो करुणा पठाउनुहुनेछ; अनि रातमा मेरो जीवनको परमेश्वरको निम्ति मेरो प्रार्थनाको रूपमा उहाँको गीत मसित हुनेछ ।'*

तीन पदमा दिनरातको कुरा थियो भने, यहाँ यसको मिल्ने जोड़ी भएको छ। भजन ४२ः३ पदमा भजनकारले *'मेरा आँसुहरू दिनरात मेरो भोजन भएका छन्'* भनेर भने; तर अबचाहिँ दिउँसो तिनको समय परमेश्वरको अटल प्रेमले भरिएको छ र राति तिनको समय गीत र प्रार्थनाले भरिएको हुन्छ। यसरी नै दिउँसो र राति परमेश्वरको भलाइ प्रमाणित हुन्छ ।

**भजन ४२ः९-१०ः** दाऊदमा निराशा फर्केछ। यस पालि शत्रुको नित्य थिचो-मिचोले गर्दा तिनको जीवनमा निराशा आएको छ । के परमेश्वरले आफ्नो छोरालाई बिर्सनुभयो ? तिनलाई यस्तो लागेछ। एकलो र निराश भएको ख्रीष्ट-विश्वासी र शोकित मानिस यस कुरामा बराबर छन्ः तिनीहरू उदास भई यताउता भौंतारिन्छन्। 'मेरा शत्रुहरूले मेरो मुटु छेड़ पार्ने गरी चिच्च्याएर मेरो निन्दा गर्छन्' (जोसेफ जेलिनो) । बाहिरी दृष्टिले हेर्दा परमेश्वरले आफ्नो छोरालाई भुल्नुभएको जस्तो देखा परेको थियो। यसकारण तिनका शत्रुहरूले तिनलाई 'तेरो परमेश्वर खोइ, कहाँ छन्' भन्ने प्रश्न गर्दै तिनको निरन्तर गिल्ला गरिरहे ।

**भजन ४२ः११ः** तर विश्वाससँग सधैं अन्तिम निर्णायक शब्द छँदैछ। यसकारण आउनुहोस्, हामी विश्वासलाई फैसला गर्न दिऔं, जसले भन्दछः 'निराश नहोऊ ! विचलित नहोऊ ! परमेश्वरमाथि आशा राख ! तिमीले आफ्ना शत्रुहरूबाट छुटकारा पाउने नै छौ, साथै तिम्रो व्याकुलताबाट पनि मुक्त हुनेछौ। त्यसपछि तिमीले आफ्ना मुक्तिदाता परमेश्वरको स्तुतिप्रशंसा गर्नेछौ ।' अन्तमा एकजना भाइको कुरा सुनौं, जसले यसो भनेका छन्ः 'खिन्नताको औषधि यस प्रकारको छः आफ्नो व्याकुल मनलाई चनौती दिनुहोस्, आफ्ना आँखाहरू उठाउनुहोस् र आशा गर्नुहोस् ! ख्रीष्टिय जीवनचाहिँ सतर्क, उच्च प्रयासले पूर्ण, सक्रिय र दौड़ दौड़ने जीवन हो । इसाई जीवन उँधो फर्केको मुन्टो र बाँधिएको हात लिएर आफ्नो हार स्वीकार गर्ने जीवन नै होइन ।'

## भजन ४३ः 'तपाईंको ज्योति र तपाईंको सत्यता पठाउनुहोस् !'

यो भजन यसभन्दा अघिको भजनको जोड़ी हो। यी दुईवटा भजनहरूको बीचको सम्बन्ध यति घनिष्ठ छ, कि एन.ई.बी.-बाइबलले यी दुवै भजनहरू जोड़ेर एउटै भजन बनाएको छ ।

**भजन ४३ः१-२ः** देशबाट निकालिएको मानिसको प्रार्थना यस भजनमा आफ्नो निरन्तरता पाएको छ। ती मानिस सियोनमा आएर परमेश्वरको उपासना गर्न चाहन्छ, तर एउटा भक्तिहीन जाति र कुनै एक अन्यायी मानिसले तिनलाई विरोध गरिरहेको रहेछ। यस कुराले सङ्कष्टकालमा बाँकी रहेका भक्त यहूदीहरूले सहनुपर्ने अत्याचार चित्रण गर्ला, जब तिनीहरूले इस्राएली जातिका विश्वास नगर्ने मानिसहरू र ख्रीष्ट-विरोधीबाट यस प्रकारको कुव्यवहार सहनुपर्नेछ ।

तिनको पहिलो प्रार्थनाको विन्तीचाहिँ दोषमुक्त हुने अनुरोध र सहायता पाउने अनुरोध हो। भजनकारले परमेश्वरलाई 'विश्वास नगर्ने यहूदी भाइबन्धुहरू र पापको पुरुषको विरोधमा आफ्ना जनहरूको मुद्दा लड्नुहोस्' भन्ने अन्तर्विन्ती चढ़ाउँछन्। परमेश्वरकहाँ शरण लिएर पनि आफूलाई उहाँबाट त्यागिएको लाग्नु विश्वासका कष्टपूर्ण अनुभवहरूमध्ये एक मानिन्छ। विजेताको पक्षमा भएर पनि शत्रुको थिचोमिचोमा पर्नु विश्वासका पहेलीहरूमध्ये एक हो।

**भजन ४३ः३ः** *'तपाईंको ज्योति र तपाईंको सत्यता पठाउनुहोस्! तिनीहरूले मलाई डोर्‍याऊन्; तिनीहरूले मलाई तपाईंको पवित्र पर्वत र तपाईंका निवासस्थानहरूमा ल्याइपुर्‍याऊन्!'* त्यसपछि 'म सियोनमा फर्किआउन पाऊँ' भन्ने सुनिश्चित र सुस्पष्ट विन्ती चढ़ाइन्छ। यस पदमा प्रयोग गरिएको भाषा चौपट्टै सुन्दर छ। भजनकारले परमेश्वरको पहरा-टोली पाउन खोजे, जुन पहरा-टोलीमा परमेश्वरको उपस्थितिको ज्योति र परमेश्वरको प्रतिज्ञारूपी सत्यता थिए। यी दुवै कुराहरूले तिनलाई डोर्‍याउनेछन् अनि उहाँको भलाइ र करुणा तिनको पछि-पछि आउनेछन् (भजन २३ः६)। तब पक्का पनि तिनी खुशीसाथ परमेश्वरको पवित्र पर्वतमा फर्किआउनेछन्। यस कुरामा तिनी निश्चित थिए।

**भजन ४३ः४ः** तीन पद र चार पदमा देखिएको प्रगति याद राखौंः

**क)** तपाईंको पवित्र पर्वतमा
**ख)** तपाईंको निवासस्थानमा
**ग)** परमेश्वरको वेदीमा
**घ)** परमेश्वरकहाँ, जो मेरो असीम आनन्द हुनुहुन्छ।

परमेश्वरको साँचो उपासक कुनै भौगोलिक ठाउँसित अथवा कुनै भवन वा वेदीसित सन्तुष्ट हुँदैन; ऊ परमेश्वरकहाँ पुग्नैपर्छ।

**भजन ४३ः५ः** भविष्यमा परमेश्वरको सामु देखा पर्न पाउने उज्यालो आशाले प्रोत्यसाहित भएका भजनकारले आफूलाई निरुत्साहित र व्याकुल भएकोमा फेरि एकपल्ट हपार्छन्, र आग्रह गरेर भन्छन्ः 'परमेश्वरमाथि आशा राख्! र उहाँले तँलाई तैंले मन्तव्य गरेको तेरो लक्ष्यमा पुर्‍याइदिनुहुनेछ।'

हे मेरो मन, शान्त रहो!
किनकि तेरा परम स्वर्गीय मित्रले
काँड़ैकाँड़ा भएको मार्गबाट भएर
तँलाई आनन्दले भरपूर लक्ष्यमा पुर्‍याउनुहुनेछ।
श्रीमती क्याथारिना वोन श्लेगल

## भजन ४४ः काटमारको निम्ति ठहराइएका भेड़ाहरू

भूतपूर्व जीतहरूको सम्झनामा हारको पीड़ा झन् तिक्त र साह्रै नमीठो हुन्छ। अनि जब हामीलाई परमेश्वरको अनुहार हामीदेखि लुकेको लागेको छ, त्यति बेलै मात्र हाम्रो दृष्टिमा उहाँसितको सङ्गति बढ़ी मूल्यवान् गनिन्छ; कुरा प्रायः यस्तो हुन्छ।

**भजन ४४ः१-३ः** इस्राएली जातिको इतिहास परमेश्वरले तिनीहरूको पक्षमा हस्तक्षेप गर्नुभएका रोमहर्षक घटनाहरूले भरपूर छ। उहाँले अन्यजातिहरूलाई कनान देशबाट धपाउनुभयो र त्यो देश आफ्ना जनहरूलाई दिनुभयो। कनानीहरूलाई वशमा पारेर उहाँले इस्राएलीहरूलाई आफ्नै देशमा स्वतन्त्र तुल्याउनुभयो। आफ्नो ठूलो सैनिक शक्तिद्वारा यहूदीहरूले त्यो मनोहर देश अवश्य अधिकार गरेनन्, न ता आफ्नै बाहुबलद्वारा तिनीहरू विजयी भए। होइन नि; तर परमेश्वरको शक्तिशाली दाहिने हात, सर्वशक्तिमान्को बाहुबलद्वारा र उहाँको

निगाहले तिनीहरू विजयी भए; किनकि तिनीहरूमाथि उहाँको कृपादृष्टि रहेको थियो र तिनीहरू उहाँको निगाहका पात्र थिए ।

**भजन ४४:४-८:** प्रभुले हाम्रो निम्ति के-के गर्नुभयो ? यसको सम्झना गरेर हाम्रो हृदयले उहाँको प्रशंसा गर्ने प्रेरणा पाउँछ । उहाँ महान् राजा हुनुहुन्छ; उहाँ ती सर्वशक्तिमान् परमेश्वर हुनुहुन्छ, जसले अयोग्य याकूबका अयोग्य सन्तानहरूलाई विजयमाथि विजय दिनुहुन्छ । उहाँद्वारा नै इस्राएली जातिले आफ्ना शत्रुहरूका मोर्चाहरू पेल्न सक्यो र आफ्ना आक्रामकहरूलाई कुल्चन सक्यो । लड़ाइँ जित्न धनुमाथि भर पर्नुहुँदैन रहेछ, अनि तरवारको बलले पनि बचाउन सक्दैन रहेछ, यसको निम्ति तरवार उपयोगी रहेनछ भनी इस्राएली जातिले सिक्यो । आफ्ना जनहरूलाई छुटकारा दिनुहुने र तिनीहरूका शत्रुहरूलाई पूरा अलपत्र पारिदिनुहुने परमेश्वर नै हुनुहुन्छ । यसकारण मानिसहरू उहाँसँग आफ्नो सम्बन्ध रहेकोमा कति गर्वान्वित थिए, र तिनीहरूले यस विजयको अवस्थामा 'हामी उहाँलाई धन्यवाद चढ़ाउन कहिल्यै छोड्नेछैनौं' भन्ने प्रण घरिघरि दोहोस्याइराखे ।

**भजन ४४:९-१२:** तर यसको बीचमा कुनै न कुनै घटना घटेको हुनुपर्छ, जुन घटनाले तिनीहरूको स्तुतिगान एउटा विलापको गीतमा बदली गस्यो । परमप्रभुले आफ्ना जनहरूलाई भुल्नुभयो र तिनीहरूलाई अपमान सहन छोड़िदिनुभयो, कि के हो ? तिनीहरूका सेनाहरू परमेश्वरको उपस्थिति र सहायताविना रणभूमिमा उत्रे; यसकारण तिनीहरू चाँड़ै डरले हार खाएर पछि हटिहाले, र तिनीहरूको शत्रुहरूले इस्राएली जातिको सारा सम्पत्ति लुटे । परमप्रभुले आफ्ना भेड़ाहरूलाई कसाईहरूको हातमा छोड़िदिनुभयो र तिनीहरूबाट बाँचेकाहरूलाई अन्यजातिहरूको बीचमा तितरबितर पारिदिनुभयो । परमेश्वरले कसरी आफ्ना जनहरूलाई यति सस्तोमा, अति नै अल्प मूल्यमा बेच्न सक्नुभएको ? यो कति अनौठो लेनदेन थियो ? ! अनि तिनीहरूको शत्रुचाहिँ ? यस खराबीको निम्ति त्यससित कुनै पनि कारबाही गरिएन; त्यसको कुनै सजाय भएन ।

**भजन ४४:१३-१६:** बिचरा इस्राएली जाति; यो त अरू जातिहरूको निम्ति हाँसोको पात्र, खिसी र निन्दाको विषय पो बनेछ ! यहूदीहरूको इज्जत झार्ने लोकप्रचलित कथन र उखानहरू प्रयोग गरेर तिनीहरूलाई हाँसोमै उड़ाइन्थ्यो । परमेश्वरका प्राचीन जनहरू अन्यजातिहरूको बीचमा साह्रै नीच ठट्टाहरूको तारो र निशान बने । तिनीहरू यस प्रकारको शर्मबाट उम्कन सक्दैनथिए । तिनीहरूका शत्रुहरूका खिसी र निन्दाहरूले गर्दा, तिनीहरूसँग बदलाको भावना राख्ने वैरीलाई देख्नसाथ तिनीहरूको अनुहार निरन्तर लाजले रातो हुन्थ्यो ।

**भजन ४४:१७:** इस्राएली जातिको पछि हटाइ तिनीहरूले यस प्रकारको हार र शर्म सहनुपरेको ठोस कारण थिएन । अचम्म लाग्ने कुरा यही रहेछ । तिनीहरूको इतिहास पल्टाउनु हो भने, अरू बेलाहरूमा तिनीहरूले सहनुपरेको दुःखकष्ट सीधा तिनीहरूको पापसित सम्बन्धित हुन्थ्यो । तर यहाँ, यस भजनमा प्रस्तुत गरिएको मामिलामा यस्तो कुनै कारण थिएन । तर यहाँ के बुझिन्छ भने, ती मानिसहरू परमेश्वरका चुनिएका जनहरू भएका हुनाले तिनीहरू त्यस दुर्दशामा परे । परमेश्वर र उहाँको वाचाको खातिर हालैमा यो दुःखकष्ट तिनीहरूमाथि आइपरेको थियो ।

**भजन ४४:१८-१९:** यस्ता मानिसहरूमाथि विपत्तिहरू आइपरेका थिए, जुन मानिसहरूले परमेश्वरपट्टि आफ्नो पिठ्यूँ फर्काएका थिएनन्, न ता उहाँको वाचा उल्लाङ्घन गरेका थिए । तिनीहरूले उहाँलाई प्रेम गर्न छोड़ेका थिएनन्, न ता उहाँले

तिनीहरूका निम्ति ठहराइदिनुभएको मार्ग त्यागेका थिए। तर पनि परमप्रभुले तिनीहरूलाई स्यालहरूको निर्जन देशमा चकनाचूर पार्नुभयो र तिनीहरूलाई मृत्युको छायाले ढाक्नुभयो।

**भजन ४४:२०-२२:** तिनीहरूले आफ्ना परमेश्‍वरको नाम बिर्सेका भए अथवा मूर्तिहरू पुजेका भए के यो कुरा परमेश्‍वरलाई थाह हुनेथिएन र? उहाँले हाम्रो भित्री हृदयका विचारहरू र अभिप्रायहरू जान्नुहुन्छ। अहँ, यस प्रकारको कुनै कारण थिएन। परमप्रभुसित ती मानिसहरूको सम्बन्ध भएको हुनाले तिनीहरूले दुःख भोगिरहेका थिए। उहाँको खातिर तिनीहरू मरेतुल्य जीवन जिए, र तिनीहरूलाई कसाईखानामा लागिएका भेड़ाहरू ठहरिएर तिनीहरूसँग साह्रै तुच्छ दुर्व्यवहार गरिएको थियो।

सायौं वर्षपछि प्रेरित पावलले आफूलाई यही अवस्थामा पाए र आफ्नो परिस्थिति बयान गर्न भजन ४४:२२ पद उद्धृत गरे (रोमी ८:३६)। हरेक युगमा परमेश्‍वरका जनहरूले यस प्रकारको दुःखकष्ट सहनुपरेको थियो र सहनुपरेको छ।

**भजन ४४:२३-२६:** तेइस पदमा विन्ती चढ़ाउने व्यक्तिको आग्रह चरमसीमामा पुगेको छ। मानौं प्रभु निदाउनुभएको थियो, र उहाँलाई निद्राबाट बिउँझाएर उहाँलाई आफ्ना जनहरूको पक्षमा काम गरिदिनुहुन अनुरोध गर्नुपरेको थियो। भजनकारले यो बुझ्नै सक्दै सकेनन्: परमेश्‍वरका जनहरू धूलोमा लम्पसार परिरहेको बेलामा उहाँले आफ्नो अनुहार कसरी लुकाउन सक्नुभयो? के उहाँले तिनीहरूलाई यति साह्रै बेवस्ता र हेला गर्नुहुन्थ्यो? यसकारण तिनले फेरि एक पल्ट परमप्रभुलाई जगाउने किसिमले आफ्नो आवाज उठाएर विन्ती गरेका छन्: *'हाम्रो सहायताको निम्ति उठ्नुहोस्, र आफ्नो करुणाको खातिर हामीलाई छुटकारा दिनहोस्!'*

## भजन ४५: राजाहरूका राजा

**भजन ४५:१:** यो भजन लेख्न भजनकारलाई सजिलो लाग्यो। वास्तवमा राजाको विषयमा यो कविता रच्न यी शब्दहरू तिनको हृदयबाट फुट्ट निस्केका थिए; यी शब्दहरू तिनको कलमबाट सललल बगे। तिनी प्रेरणाको तरङ्‌गमा तहरिएर बग्दैथिए। तिनको जिब्रो निपुण लेखकको कलमजस्तै थियो। अनि ती निपुण लेखक पवित्र आत्मा हुनुहुन्थ्यो। यस प्रकारको अर्थ लगाएर हामीले अनर्थको व्याख्या गरेका होइनौं।

**भजन ४५:२:** शुरुमा हामीलाई राजाको परिचय दिइएको छ। उहाँको शोभा अद्वितीय छ; दस हजारमा उहाँ सर्वोत्तम हुनुहुन्छ र बिलकुल मनोहर हुनुहुन्छ। उहाँका ओठहरूमा अनुग्रह खन्याइएको छ; उहाँको बोली अति मीठो छ। उहाँको व्यक्तिगत उत्कृष्ट श्रेष्ठताले गर्दा परमेश्‍वरले उहाँलाई सदा-सर्वदाको निम्ति आशिषित तुल्याउनुभएको छ।

> पृथ्वीले जन्माएको समस्त मानव-जातिमा
> परम सुन्दर तपाईं, सुन्दरताले सिद्ध तपाईं;
> अनुग्रहले पूर्ण छन् तपाईंका ओठहरू,
> र प्रेमले पूर्ण छ तपाईंको कोमल हृदय।
> सदा धन्य परमेश्‍वर, तपाईंको सामु हामी घुँड़ा टेक्छौं, र मानिलिन्छौं, कि सबै परिपूर्णता तपाईंमा वास गर्छ।
>
> अज्ञात लेखकको रचना

**भजन ४५:३-५:** त्यसको लगत्तै पछि हामी यस खण्डमा ख्रीष्ट येशूको दोस्रो आगमनमा पुगेका हुन्छौं, त्यस क्षणमा, जब उहाँ ठूलो शक्ति र ठूलो महिमाको साथ यस पृथ्वीमा फर्केर आउनुहुनेछ। त्यस बेलामा उहाँ नासरतको सिकर्मीको दीन रूपमा होइन,

तर जयवन्त शूरवीर योद्धाको रूपमा आउनुहुनेछ। जब यी परम सामर्थी प्रभु आफ्नो महिमा र आफ्नो प्रतापको साथ ओर्ली आउनुहुनेछ, तब उहाँको कम्मरमा एउटा तरवार भिरिएको हुनेछ। सत्यता, नम्रता र धार्मिकताको मुद्दा लड्न उहाँ सफलताको साथ महिमामय प्रतापको सवार हुनुहुनेछ। काँटीको डोब भएको उहाँको दाहिने हात डरलाग्दो शक्तिको साथमा आफ्ना शत्रुहरूको विरुद्धमा तरवार चलाउन निपुण छ। राजाका शत्रुहरूको मुटु उहाँका काँड़हरूको निम्ति ताकेर हान्ने सुनिश्चित निशान हुनेछ; जाति-जातिका मानिसहरू पटक-पटकमा उहाँकै सामु सोतर भएर ढल्नेछन्।

**भजन ४५:६-७[क]:** अबचाहिँ उक्त लड़ाइँ शमनीय भयो; अनि राजा यरूशलेममा आफ्नो महिमाको सिंहासनमाथि विराजमान हुनुहुन्छ। अनि स्वर्गबाट परमेश्वरको वाणी सुनिन्छ। यस वाणीमा राजालाई 'परमेश्वर' भनेर सम्बोधन गरिएको छ, जसको राज्य अनन्त राज्यको रूपमा घोषणा गरिएको छ। अनि हामी जान्दछौं, कि यस वाणीमा परमेश्वर आफै बोल्नुभएको छ; किनकि हिब्रू १:८-९ पदहरूमा यो भनिएको हो, जब यसो लेखिएको छः *'तर पुत्रको विषयमा उहाँ भन्नुहुन्छः "हे परमेश्वर, तपाईंको सिंहासन युगानुयुग रहिरहन्छ; धार्मिकताको राजदण्ड तपाईंको राज्यको राजदण्ड हो। तपाईंले धार्मिकतालाई प्रेम गर्नुभएको र अधर्मलाई घृणा गर्नुभएको छ; यसकारण परमेश्वरले, तपाईंका परमेश्वरले तपाईंलाई तपाईंका साथीहरूलाई भन्दा बढ़ी हर्षको तेलले अभिषेक गर्नुभएको छ।"'*

याद गर्नुहोस्ः परमेश्वरले यहाँ, यस खण्डमा आफ्ना पुत्रलाई 'परमेश्वर' भनेर सम्बोधन गर्नुभएको छ। पवित्र बाइबलमा ख्रीष्ट येशूको परमेश्वरत्व प्रमाणित गर्ने सुस्पष्ट प्रमाणहरूमध्ये यो एक हो। तर हामी स्वीकार गर्न तयार छौं, कि कति बाइबल-अनुवादकहरूले भजन ४५:६ पद 'हे परमेश्वर, तपाईंको सिंहासन सदा-सर्वदा रहिरहन्छ' नभनेर 'तपाईंको ईश्वरीय सिंहासन सदा-सर्वदा रहिरहन्छ' भनेर अनुवाद गरे। तर जब तिनीहरूले यो उद्धृत गरिएको पद हिब्रूहरूको पुस्तकमा अनुवाद गरे, तब यो पद 'हे परमेश्वर, तपाईंको सिंहासन युगानुयुग रहिरहन्छ' भएछ। यसकारण ख्रीष्ट येशूको सिंहासन ईश्वरीय सिंहासन भएको कुरा साँचो हो; तर उहाँ परमेश्वर हुनुहुन्छ भन्ने कुरा पनि उत्तिकै साँचो र बिलकुल सत्य हो।

ख्रीष्ट येशूको राज्य सदा-सर्वदा रहिरहनेछ। उहाँले यस पृथ्वीमा एक हजार वर्ष राज्य गर्नुहुनेछ, त्यसपछि उहाँको त्यो राज्य हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्यसित एक भएर जानेछ (२ पत्रुस १:११)।

ख्रीष्टको राजदण्ड निष्पक्षताको राजदण्ड हो। राजदण्ड भनेको विशेष किसिमको लौरो हो, जुन लौराचाहिँ राजकीय अधिकारको प्रतीक हो। यसो हो भने, मसीह राजाले पूर्ण न्यायको साथ शासन गर्नुहुनेछ। अनि उहाँको शासन-व्यवस्था सम्पूर्ण रूपले पवित्र हुनेछ; किनकि यी राजाले धार्मिकता मन पराउनुहुन्छ र दुष्टतालाई घृणा गर्नुहुन्छ।

**भजन ४५:७[ख]-८:** प्रभु येशूमा धार्मिकता र सच्चाइ भएको कारणले परमेश्वरले उहाँलाई अरू सबै शासकहरूलाई भन्दा बढ़ी हर्षको तेलले अभिषेक गर्नुभएको छ। हर्षको तेलले पवित्र अभिषेकको तेल सङ्केत गर्छ, जुन अभिषेकको तेलद्वारा पूजाहारीहरू उनीहरूको पूजाहारी-पदमा नियुक्त गरिन्थे (प्रस्थान ३०:२२-२५)। हाम्रा प्रभु पूजाहारी एवम् राजा हुनुहुनाले उहाँको निम्ति यो अभिषेकको तेल प्रयोग गरियो। गन्धरस र अगरु अभिषेकको तेलका मुख्य सामग्री थिए भने, श्रेष्ठगीत ४:१४

पदअनुसार तेजपात वा दालचिनीचाहिँ उत्तम मसलाहरूमध्ये एक गनिन्थ्यो। यी सुगन्धित मसलाहरूले हाम्रा प्रभु येशू र उहाँको त्राणको कामको सर्वश्रेष्ठता प्रकट गरिदिने सुबास्ना सङ्केत गर्छन्। अनि गन्धरस र अगरुचाहिँ विशेष गरी उहाँले सहनुभएका दुःखहरू र उहाँको मृत्युसित सम्बन्धित हुन्छन्; किनकि उहाँको मृत शरीर दफन गर्न तयार गर्दा ती सुगन्धित मसलाहरू प्रयोग गरिएका थिए (यूहन्ना १९:३९)।

हस्तिहाड़का महलहरूबाट तिनीहरूले उहाँलाई आनन्दित तुल्याउँछन्। यो त त्यो राजकीय वाद्य-मण्डल हो, जुन वाद्य-मण्डल-को सङ्गीतद्वारा संसारको आनन्दोत्सवको ध्वनि चारैतिर गुञ्जायमान हुन्छ; किनभने मानिस-जातिको निम्ति रोदन र सुस्केराको समय सकिएको र बल्ल सुनौलो युगको उदय भएको छ।

**भजन ४५:९:** राजा आफ्नो सत्तामा एकलै रहनुहुनेछैन। पृथ्वीका राजाहरूका छोरीहरू उहाँका राजकीय नोकरचाकरहरूको बीचमा हुनेछन्। उहाँको दाहिने हातपट्टि ओपिरको सुनले सुसज्जित भएकी रानी हुन्छिन्। अनि यी रानीचाहिँ को हुन् त? यो त मण्डली पो हो कि भन्ने धारणादेखि हामी टाढ़ा रहनुपर्छ; किनकि ख्रीष्ट येशूको मण्डली पुरानो नियमको प्रकाशको विषयवस्तु नै होइन (एफेसी ३:५-९; कलस्सी १:२६)। उक्त रानीचाहिँ इस्राएली जातिका छुटकाराप्राप्त जनहरूको बाँकी भाग हो भनेर हामी विश्वास गर्छौं (इजकिएल १६:१०-१४)। अनि ती नोकरचाकरहरूले चाहिँ इस्राएली जातिको गवाहीद्वारा ख्रीष्ट येशूकहाँ ल्याइएका अन्य-जातिहरूलाई सङ्केत गरेका हुन सक्छ।

**भजन ४५:१०-११:** 'हे छोरी, आफ्ना मानिसहरूलाई र आफ्नो बुबाको घर बिर्स!' यहाँ एकजना अपरिचित व्यक्तिको सोर सुनिन्छ। हुन सक्छ, यहाँ पवित्र आत्माले यी रानीलाई यिनका मानिसहरूलाई र यिनका पिताको घर बिर्सने सल्लाह दिनुभएको होला। जुन बन्धनहरूद्वारा यिनी मुक्ति पाउनुभन्दा अघि बाँधिएका थिए, ती बन्धनहरू तोड़ेर यिनले अब राजा, आफ्ना मालिक र स्वामीप्रति पूरा समर्पित हुनुपर्छ भन्ने अर्थ निस्सन्देह यस आज्ञाको सुस्पष्ट अर्थ हो। यस दिव्य सरसल्लाहले लूका १४:२६ पदमा हाम्रा प्रभु येशूले भन्नुभएको वचनको पूर्वाभास दिलाउँछ, जहाँ उहाँले यसो भन्नुभयो: *'कोही मानिस मकहाँ आउँछ, र आफ्ना बुबा, आमा, स्वास्नी, छोराछोरीहरू, दाजुभाइहरू र दिदीबहिनीहरूलाई, अँ, र आफ्नो प्राणलाई पनि घृणा गर्दैन भने त्यो मेरो चेला हुन सक्दैन।'*

ख्रीष्ट येशूप्रति हाम्रो प्रेम यति प्रगाढ़ हुनुपर्छ, कि यसको तुलनामा हाम्रा अरू सबै प्रेमका सम्बन्ध र प्रीतहरू घृणासमान ठहरिनुपर्छ। हृदयको अखण्डता र एक-चित्ततामा यस्तो एउटा सुन्दरता छ, जुन सुन्दरता उहाँलाई अति प्रिय लाग्छ। उहाँ हाम्रा प्रभु हुनुहुनाले उहाँ हाम्रो जीवन पाउनु योग्य हुनुहुन्छ र हामीसित भएका सबै कुराहरू पनि पाउनु योग्य हुनुहुन्छ।

**भजन ४५:१२:** धनी टायरकी छोरी सौगात लिएर रानीकहाँ आउँछिन्। हो, संसारका सबैभन्दा धनवान् मानिसहरूले उत्तमभन्दा उत्तम उपहारहरू लिएर यरूशलेमको यात्रा गर्नेछन्।

**भजन ४५:१३:** त्यसपछि राजाकी छोरी राजसी वैभवको पहिरनमा राजमहलमा देखा परेकी छिन्; अब एकै क्षणमा यिनी राजाकहाँ ल्याइन्छिन्। एक समयमा यिनी पापले थकित भएकी दासी थिइन्; तर अहिले यिनी सुनको बेलबुट्टा हानिएको वस्त्रले सिँगारिएर आफ्नो कोठामा बस्दैछिन्।

**भजन ४५:१४-१५:** अनि नभन्दै रङ्गरङ्गको कार्चोपी वस्त्र पहिरेकी दुलही

राजाकहाँ पुर्‍याइन्छिन्, यिनका कन्या सहेलीहरू पनि यिनको साथमा छन्। ठूलो हर्षोल्लासको साथमा यिनीहरू अघि बढ्नेछन् र अन्तिम आएर राजाको महलभित्र पस्नेछन्।

> 'पितालाई आनन्द दिलाउने, पुत्रलाई आनन्द दिलाउने र पवित्र आत्मालाई आनन्द दिलाउने, साथै पवित्र स्वर्गदूतहरूलाई आनन्द दिलाउने यो परम आनन्दको विषय अवर्णनीय छ। अनि आफ्नो प्रभुको आनन्दमा प्रवेश गर्नेहरूको आनन्दको निम्ति उचित शब्दै छैन। भएभरको सौन्दर्यले पूर्ण सुन्दर यिनी, सम्पूर्ण सद्गुण-हरूले सुशोभित भएकी यी अपसरा! सम्पूर्ण मनोहरताले मनोहर भएकी, सम्पूर्ण आकर्षणले आकर्षित भएकी, सम्पूर्ण तवरले परमेश्वरका पुत्रको रूपमा बदली भएर रूपवान् भएकी यिनी!'
>
> अज्ञातको लेख

**भजन ४५:१६-१७:** यी अन्तिम दुईवटा पदहरूमा परमेश्वर पिताले ख्रीष्ट राजासँग बोल्नुभएको छ। उहाँले ख्रीष्ट राजालाई छोराहरू दिन्छु भन्ने प्रतिज्ञा गर्नुहुन्छ, जुन छोराहरू उहाँका पितापुर्खाहरूको सट्टामा पृथ्वीमा सक्षम शासकहरू हुनेछन्। श्री रोनल्ड नोक्सअनुसार 'तिनीहरूले संसारलाई आपसमा आ-आफ्ना अधिकारका क्षेत्रहरूमा विभाजन गर्नेछन्' अरे।

अनि राजाको विषयमा कसो हो? पुस्तौंपुस्तासम्म राजाको नामको प्रशंसा हुनेछ। जाति-जातिका मानिसहरूले सदा-सर्वदा उहाँको श्रद्धाभक्ति गर्नेछन्। अबदेखि उसो यस्तो कुनै समय कहिल्यै हुनेछैन, जुन समयमा मानिसहरूले उहाँको भक्ति र सम्मान गर्दैनन्।

## भजन ४६: परमेश्वर हाम्रो साथमा

यो पहिलो विश्व-युद्धको कुरा होः स्कटल्याण्डको पहाड़ी क्षेत्रमा जवान मानिस-हरू ठूलो सङ्ख्यामा सेनामा भर्ती भए। जहिले-जहिले तिनीहरूका सैन्य दलहरू समुद्र-यात्रा गर्न पोतघाटमा जम्मा भए, तहिले-तहिले ती जवानहरूका आफन्त र इष्टमित्रहरू त्यहाँ भेला भए, र तिनीहरूले उनीहरूको निम्ति यो भजन गाएः

> परमेश्वर हाम्रा शरणस्थान र हाम्रा बल हुनुहुन्छ,
> सङ्कष्टमा तुरुन्तै पाइने सहारा।
> यसकारण चाहे पृथ्वी हटिजाओस्,
> चाहे पहाड़हरू समुद्रको गहिराइमा फालिऊन्,
> समुद्रको पानी गर्जोस्, त्यसको छालहरू उर्लून्,
> चाहे त्यो उर्लेर आएकोले पहाड़हरू हल्लिऊन्,
> तर हामी डराउनेछैनौं।
>
> एउटा नदी छ, जसका धाराहरूले परमेश्वरको शहरलाई, अँ, त्यस पवित्रस्थानलाई आनन्दित तुल्याउनेछन्, जहाँ परमप्रधान प्रभुले आफ्नो वासस्थान बनाउनुभएको छ।
>
> परमेश्वर त्यसको बीचमा वास गर्नुहुन्छ,
> कुनै कुराले पनि त्यसलाई हटाउनेछैन;
> परमप्रभु त्यसका सहायक हुनुहुन्छ।
>
> शान्त होओ र परमेश्वर म नै हुँ भनी जान!
> अन्यजातिहरूको बीचमा म उच्च हुनेछु,
> पृथ्वीमा म अति उच्च हुनेछु।
>
> हाम्रा परमेश्वर सेनाहरूका परमप्रभु हुनुहुन्छ;
> उहाँ अझै पनि हाम्रो पक्षमा हुनुहुन्छ;
> याकूबका परमेश्वर, सदा-सर्वदा रहिरहनुहुने
> हाम्रा शरणस्थान हुनुहुन्छ।
>
> स्कटिश भजनहरूको पुस्तकबाट उद्धृत

उक्त घटनाजस्तै हजारौं छन्, जुन-जुन बेलामा परमेश्वरका पवित्र जनहरूले ठूलो सङ्कष्टमा परेको समयमा यस भजनबाट सान्त्वना र ढाढ़स पाए। रोगको ओछ्यानमा, शोकित परिवारमा, सतावटको काल-कोठरीमा, कष्टमय र दुःखद परिस्थितिको चेपारोमा परेकाहरूको कानमा यस भजनबाट यी प्रतापी शब्दहरू पढ़िदिँदाखेरि अनगिन्ती हृदयहरूले उत्साह र प्रोत्साहन पाए। यही भजनले यातना र सतावटभोगी भूतपूर्व

अगष्टिन पन्थी मोठबासी मार्टिन लुथरलाई धर्मसुधारको बेलामा आफ्नो सुप्रख्यात गीत 'ए माइटी फोर्टर्स इज आवर गड' लेख्ने प्रेरणा दिएको थियो। यस भजनको सन्देश कालातीत छ, र यसबाट मिल्ने उत्साह अटुट र सुनिश्चित छ।

श्री जी. क्याम्पबेल मोर्गनले यो भजन तीन विविध खण्डमा विभाजित गरेका छन्, र यसको एक एक खण्ड निम्न शीर्षक दिएका छन्ः

**खण्ड १)** *भजन ४६ः१-३ः* हामीलाई भरोसा गर्ने चुनौती दिइएको छ।

हामी डराउनुहुँदैन; किनकि परमेश्वर हाम्रो साथमा हुनुहुन्छ।

**खण्ड २)** *भजन ४६ः४-७ः* भरोसा राख्ने भेद यसैमा छः परमप्रभु यरूशलेममा सिंहासनमाथि विराजमान हुनुहुन्छ।

**खण्ड ३)** *भजन ४६ः८-११ः* एक दिन भरोसा राखेको कुरा सत्य ठहरिनेछ; किनभने ख्रीष्टको विश्वव्यापी राज्यमा यस पृथ्वीमाथि शान्ति स्थापित हुनेछ।

सर्वमान्य विचारअनुसार यो भजन लेख्ने प्रेरणा दिलाउने ऐतिहासिक पृष्ठभूमिचाहिँ अश्शूरका राजा सनहेरिबले यरूशलेम शहर घेराबन्दी गरेको घटना मानिन्छ, जुन घेराबन्दीबाट तिनीहरूले अद्‌भुत रीतिले छुटकारा पाएका थिए (२ राजा १८ः१३-१९ः३५; यशैया ३६ः१-३७ः३६)। त्यस बेलामा यहूदाका मानिसहरूले परमेश्वरको उपस्थिति आफ्नो साथमा रहेको खूबै महसुस गरेका थिए। अनि यही कारणले यस भजनले तिनीहरूको साथमा हुनुहुने इम्मानुएलको स्तुतिगान गरेको छ। इम्मानुएलको अर्थ 'परमेश्वर हाम्रो साथमा' हो।

**भजन ४६ः१-३ः** *'परमेश्वर हाम्रा शरणस्थान र बल, सङ्कष्टहरूमा तुरन्तै पाइने सहायता हुनुहुन्छ।'* अथवा एन. ए. एस. बी.-बाइबलको मार्जिनअनुसार 'हामी साह्रै चेपमा परेको साँघुरो अवस्थामा पनि उहाँको सहायता प्रचूर हुन्छ।' हाम्रो धनसम्पत्ति र हाम्रो सेनाबलले हाम्रो सुरक्षा र हाम्रो बचाउ गर्दैनन्, तर परमप्रभुमा मात्र हाम्रो सुरक्षा सुनिश्चित छ भन्ने कुरा बुझ्ने मानिस धन्यको हो।

तपाईंको विचारमा, सबैभन्दा खराब कुरा के हुन सक्नेथियो? तब त्यही कुरा कल्पना गरौं! मानौं यो सारा पृथ्वी एउटा विशाल ज्वालामुखीभित्र पग्लिएको छ। मानिलिऔं, कि एउटा डरलाग्दो भुइँचालो चलेर संसारका सबै पहाड़हरू समुद्रको गहिराइमा डुबेका छन्। मानिलिऔं, कि जलप्रलय उर्लेर आएको र जमिनमाथि ओइरिएको छ। अथवा मानौं प्राकृतिक प्रकोपको फलस्वरूप पहाड़हरू पूरा हल्लिएका छन्।

अथवा आउनुहोस्, हामी एक क्षणको निम्ति अर्को कल्पना गरौं! पहाड़हरूले संसारका राज्यहरू र तिनीहरूका शहरहरूलाई सङ्केत गरून्, अनि समुद्रको पानीले देश-देशका जातिहरूलाई सङ्केत गरोस्। मानौं, समाजका जगहरू पल्टिरहेका छन्; राज्य-राज्यहरू ढलिरहेका र टुक्रिरहेका छन्। संसारका राष्ट्रहरू राजनीतिक, आर्थिक र सामाजिक अन्योलता र समस्याहरूले मन्थन गरिएका र सारा संसारलाई अभूतपूर्व तीव्रताले पक्रिरहेका छन् भने कसो?

यसो भए पनि परमेश्वर हाम्रो शरणस्थान र बल हुनुहुन्छ; यसकारण हामी डराउनेछैनौं। जेजति खराब कुरा हामीमाथि आइलागे ता पनि हाम्रो निम्ति डराउनुपर्ने कुनै कारण छैन; किनकि परमेश्वर अझै पनि हाम्रो साथमा हुनुहुन्छ।

**भजन ४६ः४ः** *'एउटा नदी छ, जसका धाराहरूले परमेश्वरको शहरलाई आनन्दित*

*तुल्याउनेछन् ।'* परमेश्वर स्वयम् ती नदी हुनुहुन्छ, जसले आफ्नो शहरलाई आनन्दित तुल्याउनुहुनेछ। वास्तवमा यरूशलेममा कुनै नदी नै छैन। तर सामान्य हिसाबले कुनै शहरको लागि एउटा नदीको जेजति योगदान हुन्छ, परमेश्वर पनि आफ्नो पवित्र वासस्थानको निम्ति उत्तिकै योगदान हुनुहुन्छ र त्योभन्दा बढ़ी हुनुहुन्छ; किनकि उहाँ जीवनको मुहान र शीतलताको स्रोत हुनुहुन्छ; उहाँ कृपा र भलाइको निरन्तर बगिरहने नदी हुनुहुन्छ।

*'त्यहाँ महिमित परमप्रभु हाम्रो निम्ति फराकिला नदीहरू र खोलाहरूको एउटा ठाउँ बन्नुहुनेछ, जहाँ बहानाहरू भएको कुनै जहाज चल्नेछैन, न ता कुनै शानदार जहाज नै त्यहाँ-बाट भएर जानेछ'* (यशैया ३३ : २१)।

**भजन ४६ : ५ :** परमेश्वर यरूशलेममा सिंहासनमाथि विराजमान हुनुहुन्छ; यही कारणले त्यो शहर डगमगाउनेछैन; किनकि *'सखारै परमेश्वरले त्यसलाई सहायता गर्नुहुनेछ।'* परमेश्वरका जनहरूको निम्ति यो एउटा लामो अँध्यारो रात भयो; तर अब चाँड़ै मिरमिरे उज्यालो खस्ने नै छ, र ख्रीष्ट येशूले आफ्नो अधिकारपूर्ण आसन ग्रहण गर्नुहुनेछ र आफूलाई आफ्ना जनहरूको पक्षमा शक्तिमान् देखाउनुहुनेछ।

**भजन ४६ : ६ :** पृथ्वीका जातिहरू रिसले चूर भएका छन्; तिनीहरूका राज्यहरू धरमराउनेछन्। जब परमेश्वर आफ्नो क्रोधमा बोल्नुहुन्छ, तब उहाँको सामु लुरुक्कै परेको पृथ्वी पग्लिन्छ।

**भजन ४६ : ७ :** उक्त शब्दहरूले विशेष गरी महासङ्कष्टलाई ताकेका छन्, जुन बेलामा पृथ्वी भयानक प्राकृतिक प्रकोपहरूद्वारा पीड़ित हुनेछ, राजनीतिक उथलपुथल, लड़ाइँहरू र महामारीहरूले र सोच्नै नसकिने कष्टहरूले ग्रसित हुनेछ। तब प्रभु येशू स्वर्गबाट देखा पर्नुहुनेछ, अनि उहाँले सबै अवज्ञाकारी तत्त्वहरू र हर प्रकारको विद्रोह चकनाचूर पार्नुहुनेछ अनि धार्मिकता र शान्तिको साथ राज्य गर्नुहुनेछ। अनि त्यस बेलामा इस्राएली जातिका विश्वास गर्नेहरूको बाँकी भाग मानिसहरूले यसो भन्नेछन्: *'सेनाहरूका परमप्रभु हाम्रो साथमा हुनुहुन्छ; याकूबका परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ।'*

'सेनाहरूका परमप्रभु हाम्रो साथमा हुनुहुन्छ' भन्ने वचनमा व्यक्त गरिएको निश्चयता असाध्य मिठासले पूर्ण छ; किनकि जो हाम्रो साथमा हुनुहुन्छ, उहाँ अनगिन्ती स्वर्गदूतहरूरूपी स्वर्गका सेनाहरूको सेनापति हुनुहुन्छ। तर उहाँ याकूबका परमेश्वर पनि हुनुहुन्छ। अनि याकूबको अर्थ 'ठग', 'अर्कोको खुट्टा तान्ने' वा 'अर्काको स्थान लिने' हुन्छ। तर परमेश्वरले आफूलाई 'याकूबको परमेश्वर हुँ' भनेर भन्नुहुन्छ। यी दुईवटा कुराहरू जोड्नुहोस् र यस प्रकारको अर्थ निस्कन्छः स्वर्गीय सेनाहरूका परमेश्वर अयोग्य पापीहरूका परमेश्वर हुनुहुन्छ। उहाँ जसको उचाइ असीमित हुन्छ, उहाँ ज्यादै नजिक हुनुहुन्छ। उहाँ हाम्रो बाटोको एक-एक कदममा हाम्रो साथमा हुनुहुन्छ; उहाँ जीवनका सबै आँधीबेह्रीहरूमा हाम्रो अचूक शरणस्थान हुनुहुन्छ।

**भजन ४६ : ८ :** यस पदमा आइपुग्दा सारा कोलाहल र सबै विपत्तिहरू अन्त भइसकेका छन्। मानिसको समय सकिगयो। अबचाहिँ राजा यरूशलेममा आफ्नो सिंहासनमाथि विराजमान हुनुहुन्छ। अनि हामीलाई निस्केर जाने र उहाँको विजयस्थल नियालेर हेर्ने निम्तो दिइएको छ। हामीले जहाँ पनि हेर्छौं, जताततै उहाँका हार खाएका शत्रुहरूको विनाश देखिन्छ। महासङ्कष्टको अवधिमा र उहाँको महिमित आगमन हुँदा संसारमाथि आइपरेका भयानक न्यायहरूका प्रत्यक्ष प्रमाणहरू जहाँ पनि देखिन्छन्।

**भजन ४६ः९ः** तर अब शान्तिका राजकुमार सिंहासनमाथि विराजमान हुनुभएको छ; अनि संसारभरि लड़ाइँहरू थामिएका छन् । जुन कुरा सबै सभाहरू, राष्ट्र-संघहरू र बैठकहरूले हासिल गर्न सकेनन्, त्यो कुरा प्रभु येशूले आफ्नो फलामको डन्डाद्वारा प्राप्त गर्नुभयो । अब सबै हतियारहरू हटाउने काम छलफलको विषय मात्र रहेन, तर यो कुरा काममा परिणत भएको छ। सबै अस्त्रशस्त्र रद्द भए। अनि अघि लड़ाइँका सामानहरूमा गरिएको खर्च अब कृषिमा र विकासका अन्य परियोजनाहरूमा प्रयोग गरिन्छ ।

**भजन ४६ः१०ः** *'शान्त रहो, र परमेश्वर म नै हुँ भनी जान ! म अन्यजातिहरूको बीचमा उच्च हुनेछु, म पृथ्वीमा उच्च हुनेछु।'* पृथ्वीका सबै बासिन्दाहरूको निम्ति परमेश्वरको यो वाणी आएको छ। यसमा ठूलो निश्चयता र ठूलो अधिकार गुञ्जिएको छ । हरेक डर शान्त पारिएको छ; हरेक चिन्ता चुप गराइएको छ। अब उहाँका जनहरू विश्राम लिन सक्छन्। उहाँ परमेश्वर हुनुहुन्छ। उहाँको मामिलाको जीत भएको छ। उहाँ अन्यजातिहरूको बीचमा सर्वोच्च हुनुहुन्छ; उहाँ सारा पृथ्वीको सर्वाधिकारी हुनुहुन्छ ।

अनि यस पदबाट श्रीमती क्याथारिना वोन श्लेगलले 'बि स्टिल माई सोल' नामक सुप्रख्यात गीत लेख्ने प्रेरणा पाईन् ।

हे मेरो मन, शान्त हो ! तेरा परमेश्वरले अतीतमा
भएझैं भविष्यमा पनि तँलाई डोऱ्याउने जिम्मा
लिनुभएको छ;
यसकारण कुनै कुराले तेरो आशा, तेरो भरोसा
डगमगाउन नपाओस् !
जुन कुराहरू अहिले रहस्यमय देखिन्छन्, ती
सबै कुराहरू अन्तमा उज्याला भइहाल्नेछन् ।

हे मेरो मन, शान्त हो ! आँधीबतास र छालहरूले
अझै पनि उहाँको आवाज जान्दछन्, जसले
यस धरतीमा हुनुहुँदा तिनीहरूलाई हुकुम
दिनुहुन्थ्यो ।

**भजन ४६ः११ः** घट्न सक्ने जुनसुकै कुरा घटोस् अथवा घड़ी जतिसुकै अँध्यारो किन नहोस्, तर ख्रीष्ट-विश्वासीले निर्धक्क भई र निर्भयको साथ भन्न सक्छः *'सेनाहरूका परमप्रभु हाम्रो साथमा हुनुहुन्छ; याकूबका परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ ।'* स्वर्गका सेनाहरूलाई निर्देशन गर्नुहुने हाम्रो पक्ष लिनुहुन्छ भने को हाम्रो विरोधमा उठेर हामीमाथि प्रबल हुन सक्ला त ? याकूबजस्तो अयोग्य कीराको परमेश्वर यस्तो एउटा किल्ला हुनुहुन्छ, जुन किल्लामा हामी सबैजना यस चञ्चल, ढलपल जीवनका आँधीहरूबाट शरण लिन सक्छौं ।

शान्त होऊ ! किनभने त्यो बिहान आउँदैछ,
जब यो रात बितिजान्छ;
ख्रीष्ट येशू, आफ्नो ज्योतिमा पूरा भर पर !
उहाँ तिम्रा विश्वासयोग्य मित्र हुनुहुन्छ ।
अनि यो जान, कि उहाँ परमेश्वर हुनुहुन्छ,
जसको सिद्ध इच्छाअनुसार सबै कुराहरू तिम्रो
भलाइ गर्छन्; यसकारण आफ्ना आँखाहरू
उहाँतिर उठाऊ, र शान्त होऊ !

श्रीमती फ्लोरेन्स विल्स

## भजन ४७ः नयाँ वर्षको शुभकामना !

यस भजनको घटनास्थल यरूशलेम हो, जहाँ नयाँ वर्षको पूर्व-सन्ध्यामा, सूर्यास्त भएको बेलामा राष्ट्रिय रङ्गशालामा एउटा पवित्र सङ्गीत समारोहद्वारा मसीह राजाको सुनौलो युगको पहिलो सालको नयाँ वर्ष भव्य प्रकारले स्वागत गरिन्छ। यस उपलक्ष्यमा कार्यक्रमको मुख्य भाग भजन ४७ का जयजयकारयुक्त उल्लसित उपभेदहरू भएका रहेछन्। अनि यदि हामीले फिलहालमा

भइरहेका अन्तराष्ट्रिय परिवर्तनहरूमाथि नजर लगायौं भने यस भजनका शब्दहरूले नयाँ अर्थ पाएका छन् ।

**भजन ४७:१-४:** अब यो भजनको प्रस्तुति शुरु हुन लागेको छ। त्यस बेलामा त्यहाँ उपस्थित दर्शक-गणले के बुझेको छ भने, विश्वव्यापी सङ्कष्टकाल भर्खर सकिएको छ; अनि त्यस सङ्कष्टकालबाट उम्केका अन्यजातिहरूलाई 'ताली बजाओ र उच्च स्वरले कराएर परमेश्वरको निम्ति जयजयकार गर' भन्ने आह्वान दिएको छ। अभूतपूर्व जोशको आवेगमा गायक-मण्डलले ताली बजाउँदै भजनको तालमा अगुवाइ गरेको छ। अनि जब गाउँदा-गाउँदै गायकहरू *'परमप्रधान परमप्रभु भययोग्य हुनुहुन्छ'* भन्ने शब्दमा आइपुगे, तब सबै मानिसहरू एकाएक जरुक्कै उठेका छन्। अनि भर्खर सुसम्पन्न भएको प्रभु येशू ख्रीष्टको राज्याभिषेक तिनीहरूको सम्झनामा आएको छ, जुन बखतमा *'उहाँ सारा पृथ्वीमाथि महाराजा हुनुहुन्छ'* भनेर खुल्लमखुल्ला उद्घोषणा भएको छ। उहाँले 'बाख्रा-जातिहरूलाई' तिनीहरूका पाउहरूमनि पार्नुभएको कुरा सम्झेर मानिसहरूमा कृतज्ञता उर्लेर आयो (मत्ती २५)। किनकि इस्राएली जातिको सङ्कष्टको समयमा ती जातिहरूले यससित घोर शत्रुता गरे। गायक-मण्डलले यस भजनका निम्न शब्दहरू गाउँदाखेरि श्रोतागणमा करतल-ध्वनिका गड़गड़ाहटहरू गर्जिए।

*'उहाँले हाम्रो निम्ति हाम्रो अधिकारको भाग अर्थात् याकूबको श्रेष्ठता चुन्नुहुनेछ, जसलाई उहाँले प्रेम गर्नुभयो। **सेला**'*

**भजन ४७:५:** मसीह राजा जो शूरवीर योद्धाको रूपमा स्वर्गबाट ओर्लनुभएको छ र जसले आफ्ना शत्रुहरूलाई वशमा पार्नुभएको छ, उहाँ अहिले आफ्ना जनहरूका जयजयकारको साथमा यरूशलेममा भव्य स्वागतको साथमा सिंहासनमाथि उक्लिनुभएको छ। अनि तुरहीहरूले उहाँको यस महान् विजयको उद्घोषणा गरिरहेका छन्।

**भजन ४७:६-७:** अब यस गायक-मण्डलले इस्राएलीहरूलाई परमेश्वरको स्तुति गाउने र आफ्ना राजाको स्तुति गाउने आह्वान गरेको छ; यो एक हृदयस्पर्शी क्षण थियो। किनकि 'राजा येशू परमेश्वर हुनुहुन्छ' भन्ने कुरा अब कुनै हिचकिचाहटविना स्वीकार गरिन्छ; किनकि गलगथामा उहाँका जुन हातहरू छेड़िएका थिए, ती उहाँका हातहरूमा अहिले विश्वव्यापी शासन थियो। सबैजनाले दक्षताको साथ उहाँको निम्ति यो भजन गाउन औचित्य सम्झे, जुन शिक्षाप्रद भजन तिनीहरूले समझसहित र मननको साथ गाउनु थियो।

**भजन ४७:८:** घरिघरि यस गायक-मण्डलले मसीह राजाको ईश्वरत्वमाथि जोर दिन्छ। अब अन्यजातिहरूमाथि राज्य गर्नुहुने उहाँ नै हुनुहुन्छ, जसको सिंहासन पवित्रतामाथि स्थापित भएको छ।

**भजन ४७:९:** 'जाति-जातिका शासकहरू भेला भएका छन्' भन्ने शब्दहरू गाउँदाखेरि कतिजनाको मनमा हल्का चिसो आभास आएको हुन सक्ला। किनकि बितेका समयहरूमा यी शासकहरूले इस्राएली जातिलाई धपाएर र ठेलेर समुद्रमा फाल्न खोजेका थिए। तर जब यस गायक-मण्डल गाउने क्रममा अघि बढ्छ, तब यो कुरा स्पष्ट हुन्छ, कि यी शासकहरू अब अब्राहामका परमेश्वरका जनहरू भएछन् र यसरी नै भेला भएका रहेछन्। तिनीहरूले इस्राएलीहरूसँग मिली राजाहरूका राजा र प्रभुहरूका प्रभुलाई श्रद्धा र भक्ति चढ़ाइरहेका छन्।

'पृथ्वीका ढालहरू' भन्ने शब्दले ती शासकहरूलाई सङ्केत गरे, जुन शासकहरूलाई मानिसहरूका रक्षकहरूको रूपमा नियुक्त गरिएको थियो। यो कुरा सबैजनाले कहाँ

बुझ्न सके। अब यी शासकहरू सबै परमेश्वरका हुन्। उहाँ पृथ्वीका सबै शक्तिशाली शासकहरूभन्दा अति उच्च हुनुहुन्छ।

उक्त सङ्गीत समारोह सकिएको छ। अनि समीक्षकहरूको राय एकमतको भयोः हो, इस्राएली जातिको सम्पूर्ण इतिहासमा योजस्तै अर्थपूर्ण रोश-हशनह अर्थात् यहूदीहरूको नयाँ वर्ष कहिल्यै भएको थिएन।

## भजन ४८ः तिनीहरूले के देखे ?

आक्रमणकारी विदेशी सेना यरूशलेमका मूलढोकाहरूको सामु आइपुगेको थियो। अनि यस शहरभित्रका मानिसहरूले अब लामो समयसम्म घेराबन्दीमा रहेर निक्कै कष्ट पाउने बाटो हेरिरहेका थिए। मानिसको दृष्टिकोणले हेर्नु हो भने, तिनीहरूको परिस्थिति नाजुक थियो। तर तब परमप्रभुले एउटा आश्‍चर्यकर्म गर्नुभयो। शत्रुले त्यहाँ यस्तो डरलाग्दो दृश्य देख्यो, जुन दृश्यले गर्दा तिनीहरू साह्रै आतङ्कित भए। तिनीहरू साह्रै डराएर यस शहरबाट हटे। अनि यरूशलेम शहर नाश हुनदेखि बाँच्यो; यसकारण प्रशंसाको ठूलो तरङ्ग उठेर परमेश्वरकहाँ पुग्यो। अनि यस भजन ४८ मा त्यही उल्लासमय क्षण शब्दले व्यक्त गरिएको छ।

**भजन ४८ः१-२ः** परमप्रभु कति महान् हुनुहुन्छ, यसको वर्णन गर्न सकिँदैन। उहाँ शक्तिमा महान् हुनुहुन्छ; उहाँ ज्ञानमा महान् हुनुहुन्छ। उहाँको महिमा महान् छ; अनि उहाँको अनुग्रह महान् छ। उहाँको प्रेम महान् छ; अनि उहाँको कृपा र दया महान् छन्। उहाँ बुद्धि र ज्ञानमा महान् हुनुहुन्छ। अनि उहाँका न्यायका कामहरू अथाह छन् र उहाँका मार्गहरू अगम्य छन्।

परमेश्वर अति महान् हुनुहुन्छ; यसकारण उहाँ सम्पूर्ण तवरले स्तुतिको योग्य हुनुहुन्छ। उहाँ महान् सृष्टिकर्ता, महान् पालनहार, महान् भविष्यवक्ता, महान् महापूजाहारी, राजाहरूका राजा, महान् उद्धारक र आफ्ना जनहरूलाई छुटकारा दिनुहुने तारणहार हुनुहुन्छ; यसकारण उहाँ स्तुतिको योग्य हुनुहुन्छ। अनि यहाँ, यस भजनमा कुन-कुन विषयमा उहाँको महानता प्रस्तुत गरिएको छ? उहाँ आफ्नो शहर र आफ्ना जनहरूको उद्धारक र रक्षक हुनुहुन्छ। यस दृष्टिकोणले यो भजन लेखिएको छ।

एकै सासमा यहाँ मानिसहरूले परमेश्वर र उहाँको शहरको विषयमा कुरा गर्दा रहेछन्; किनकि तिनीहरूले यस शहरको सम्बन्ध परमेश्वरसित जोड्छन्, जसले यस शहरमा अवस्थित भएको मन्दिरको महापवित्रस्थानमा वास गर्नुहुन्थ्यो। तिनीहरूको विचारमा, यरूशलेम परम सुन्दर शहर थियो, अँ, संसारको सबैभन्दा सुन्दर शहर थियो; किनकि यो शहर उहाँको पवित्र पर्वतको टुप्पामा अवस्थित थियो; एउटा प्रतापी मुकुटमा कोहिनूरको हीराजत्तिकै यो शहर सर्वोच्च सुन्दर, सम्पूर्ण पृथ्वीको गहना थियो।

यस शहरका डाँड़ाहरूमध्ये एउटाको नामअनुसार यरूशलेम शहर कहिलेकाहीं 'सियोन पर्वत' पनि भनिएको छ। यरूशलेमको परिस्थिति बयान गर्दा यहाँ *'जुनचाहिँ उत्तरीय भागहरूमा अवस्थित छ'* भन्ने वाक्य प्रयोग गरिएको छ। श्री रोनल्ड नोक्स र श्री जोसेफ जेलिनो दुवैले यो वाक्यंश 'पृथ्वीको उत्तरीय ध्रुव-विन्दु' भनेर अनुवाद गरेका छन्। परमेश्वरका प्राचीन जनहरूको दृष्टिमा यरूशलेम साँच्चै संसारको केन्द्र थियो। तिनीहरूको निम्ति यस शहरमा भूचुम्बकीय ध्रुवमा जस्तै तिनीहरूको सारा आकर्षण खिच्न सक्ने केन्द्र-विन्दु थियो, तिनीहरूलाई गुरुत्वाकर्षण गर्ने संसारको धार्मिक, राजनीतिक र सांस्कृतिक राजधानी थियो। अनि यरूशलेमचाहिँ महाराजाको शहर पनि हो; किनभने भविष्यमा, जब प्रभु

येशू ख्रीष्ट राजाहरूका राजा भई यस पृथ्वीमा राज्य गर्न फर्केर आउनुहुनेछ, तब यो यरूशलेम शहर उहाँको राजधानी हुनेछ ।

**भजन ४८ः३ः** पर्खालहरूले घेरिएको यस यरूशलेम शहरभित्र परमेश्वर विश्वास-योग्य रक्षकको रूपमा पूरा प्रमाणित हुनुभएको छ। किनभने सबैलाई थाह छ, कि उहाँले क्षणभरमा नाश हुन आँटेको शहर कसरी चमत्कारपूर्ण ढङ्गमा बचाउनुभयो। यस अद्भुत घटनाको क्रम यस प्रकारको थियोः

**भजन ४८ः४ः** शहर-बाहिर शत्रुको सैन्यबल बढ़ी सङ्ख्यामा भेला भएको थियो । जुनै बेलामा पनि आक्रमण गर्न सक्ने धेरैभन्दा धेरै फौजहरू मोर्चामा तैनाथ रहे। त्यत्रो सैन्यबलसित मुकाबिला गर्न यस शहरसित सैनिक दृष्टिकोणले एकदम कम आशा थियो ।

**भजन ४८ः५ः** त्यसपछि ती आक्रमण-कारीहरूले केही देखे, जुन कुराले गर्दा तिनीहरूको हिम्मत हार्‍यो। तिनीहरूले के देखे ? यस पदले सङ्केत गरेअनुसार के तिनीहरूले देखेको वस्तु यो यरूशलेम शहर नै थियो ? यसको अर्थ कम्ती सम्भव भएको देखिन्छ; किनकि यत्रो सानो शहरको दृश्यले ती निपुण सिपाहीहरूलाई आतङ्कित पारेको पत्यारलाग्दो छैन ।

हुन सक्छ, तिनीहरू र अदृश्य संसारको बीचमा भएको पर्दा हटाइएको र तिनीहरूले यरूशलेम शहरको रक्षा गर्न तैनाथ रहेका स्वर्गदूतहरूको फौजलाई देखे; यो सम्भव छ। अथवा हुन सक्छ, २ राजा ६ः१७ पदमा लेखिएझैं तिनीहरूले अग्नि-घोड़ाहरू र अग्नि-रथहरूले भरिएको पहाड़ देखे ? अथवा के तिनीहरूले परमप्रभुका दूतलाई देखे ? किनकि प्रभु येशू ख्रीष्ट देहधारी हुनुभन्दा अघि धारण गर्नुभएका रूपहरूमध्ये परमप्रभुको दूतको रूप एक थियो (हेर्नोस् यशैया ३७ः३६) ।

**भजन ४८ः६-७ः** तिनीहरूले खास के देखे, सो हामीलाई थाह छैन। तर त्यो के थियो, यसको केही पर्बाह छैन। किनभने त्यो दृश्य यति भयानक, यति आतङ्कित तुल्याउने थियो, कि ती बहादुर शूरवीरहरूले हिम्मत हारे। त्यस दृश्यले तिनीहरूलाई घबरायो र आतङ्कित तुल्यायो। सैनिक शिविरमा ठूलो उपद्रव मच्चियो। पूरा अत्तालिएर तिनीहरू यस शहरबाट हटे, र त्यहाँबाट भाग्दा लगलग कामे। तिनीहरूको पीड़ा सुत्केरी व्यथासित तुलना गर्न सकिन्छ। ती आक्रमणकारी शत्रुहरूको बीचमा कत्रो गड़बड़ी, कत्रो हूलदङ्गा मच्चियो, तुफानले समुद्री पानी-जहाजहरूको बेड़ा सोतर पारेजत्तिकै ।

**भजन ४८ः८ः** शहरभित्रका मानिसहरू आनन्दले विभोर भए; किनकि तिनीहरूमाथि आइपर्न लागेको विपत्ति अचम्म प्रकारले विजयमा परिणत भयो। बितेको समयमा परमेश्वरले यरूशलेम स्थापित गर्नुभएको र यसको रक्षा गर्नुभएको कुरा तिनीहरूले बारम्बार सुन्दै आएका थिए; तर अहिले तिनीहरूले आफ्नै आँखाहरूले देखेका छन् । 'परमेश्वरले यो शहर सदा-सर्वदा सम्हालि-राख्नुहुन्छ भन्ने कुरा हामीले उहिलेदेखि सुन्दै आएका छौं; अनि अहिले हामी यसको प्रत्यक्ष साक्षी बनेका छौं' (श्री रोनल्ड नोक्स) ।

**भजन ४८ः९-११ः** यसकारण तिनीहरूले सहर्षसाथ परमेश्वरको प्रशंसा गरे। आफ्ना धन्यवादका बलिहरू लिएर माथि मन्दिरमा उक्लिरहेको बेलामा तिनीहरूसँग परमप्रभुको दयाको विषयमा चिन्तन-मनन गर्ने प्रशस्त समय हुन्थ्यो। तिनीहरू यस निष्कर्षमा पुगे, कि पृथ्वीमा जहाँ-जहाँ परमेश्वरको नाम जानिएको छ, त्यहाँ-त्यहाँ उहाँको प्रशंसा भइरहन्छ; किनकि उहाँको दाहिने हात धार्मिक विजयले परिपूर्ण छ। तिनीहरूले यरूशलेमलाई आनन्दको साथ उत्सव मनाउन

र यहूदाका ससाना शहरहरूलाई आनन्दित हुने आह्वान गरे ।

**भजन ४८ः१२-१४ः** अनि अहिलेचाहिँ तिनीहरूले यस शहरको वरिपरि विजय-यात्रा गरे । शहरको निरीक्षण गर्दा तिनीहरूले एक-अर्कालाई 'यसका धरहराहरू गन' भनेर प्रोत्साहन दिए; किनकि यी धरहराहरूमध्ये एउटै पनि घटी भएन; 'यसका प्राकार-प्रचीरहरूमाथि दृष्टि लगाओ' भनेर उत्साह दिए; किनभने सुरक्षा-पर्खालहरूमध्ये एउटा पनि भत्किएका थिएन; 'यसका निर्जन महलहरूमा घुमफिर गर' भनेर हौसला दिए; किनभने शत्रुको सेना आउनुभन्दा अघि ती महलहरू जस्तै थिए, अहिले पनि त्यस्तै थिए । परमेश्‍वरले यरूशलेम शहरलाई अलिकति पनि क्षति नहुने गरी चमत्कारपूर्ण ढङ्गले बचाउनुभएको चाखलाग्दो सत्य कथा तिनीहरूका छोराछोरीहरू र नातानातिना-हरूलाई सुनाउन लायकको कहानी थियो । तिनीहरूले 'यस उदेकको विजय प्राप्त गर्नुहुनेचाहिँ सदा-सर्वदा हाम्रा परमेश्‍वर हुनुहुन्छ; उहाँ मृत्युसम्म हाम्रा अगुवा हुनुहुन्छ' भनेर आउने पुस्तालाई सिकाउनेथिए ।

एकजना भाइले यो पद निम्न प्रकारले अनुवाद गर्न सकिन्थ्यो भन्ने निक्कै सुरिलो सुझाउ दिएका छन्ः

'यिनै परमेश्‍वर अनादिदेखि अनन्तसम्म हाम्रा परमेश्‍वर हुनुहुन्छ; उहाँ हाम्रो मृत्युसम्म, हाम्रो मृत्यु हुँदा र हाम्रो मृत्युपारि पनि पर-लोकमा हाम्रा अगुवा हुनुहुनेछ ।'

## भजन ४९ः दुष्टहरू र तिनीहरूको धनसम्पत्ति

जीवनका जटिल पहेलीहरूमध्ये एउटा-चाहिँ यही होः दुष्ट मानिसहरू धेरजसो भौतिक समृद्धि उपभोग गर्न पाउँछन्, जब ख्रीष्ट-विश्‍वासीहरू प्रायः गरिब र धनहीन हुन्छन्; यो किन यस्तो ? तर हामीले यो कुरा त्यतिमा सीमित राख्नुहुँदैन । किनकि जुन धनमाथि आस्था राखेर भक्तिहीन मानिसहरू भर पर्छन्, त्यो धन तिनीहरूलाई तिनीहरूको सबैभन्दा जरुरत भएको आवश्‍यकतामा साथ दिन चुक्छ । तिनीहरूको धनले तिनीहरूलाई मृत्युदेखि बचाउँदैन । तिनीहरूले आफ्नो धन उपभोग गर्न पाउने समय क्षणभर हुन्छ; त्यसपछि तिनीहरू चिहानमा पर्न जान्छन्; तिनीहरूको धनले तिनीहरूलाई माटो हुनदेखि कहाँ बचाउँछ र ? तिनीहरू त्यो धन साथमा लान पाउँदैनन् । तिनीहरू आफ्नो धनबाट फेरि आनन्द लिन फेरि कहिल्यै फर्केर आउँदैनन् । यसकारण अन्तमा परमप्रभुमाथि नभएर रुपियाँ-पैसामाथि भरोसा राखेको कुरा तिनी-हरूको मूर्खता ठहरिनेछ । अनि भजन ४९ को सन्देशको सार यही हो ।

**भजन ४९ः१-४ः** सबै जाति-जातिका मानिसहरूले यो सन्देश सुन्नुपर्छ; किनभने साना र ठूला, धनी र गरिब सबै व्यक्तिहरूको निम्ति एउटा सन्देश छ । यो सन्देश समझले पूर्ण हृदयबाट निस्केको विशुद्ध बुद्धिले भरपूर सन्देश हो । कोरहका छोराहरूको ध्यान जीवनको यस सामान्य असमानतामाथि परेको र तिनीहरूले यसको जाँचबुझ गरे । अनि यसको उत्तर पाएपछि तिनीहरूले वीणा बजाईकन आफ्नो अनुसन्धान गीतको रूपमा प्रस्तुत गरे ।

**भजन ४९ः५-९ः** जुन दिनहरूमा थिचोमिचो गर्नेहरूले परमेश्‍वरका जनहरूको खेदोपाइलो गर्छन्; अथवा जुन दिनहरूमा उनीहरूका सताउनेहरू अधर्मी युक्तिहरू रचेर उनीहरूलाई चारैतिर घेर्छन्, ती अँध्यारा दिनहरूको विषयमा वास्तवमा परमेश्‍वरका जनहरूले चिन्ता गर्नुपर्दैन । उनीहरूका शत्रुहरूले आफ्नो सुनचाँदीमाथि र त्यसले तिनीहरूलाई प्रदान गर्ने शक्तिमा भरोसा गर्छन्; तिनीहरूले आफू कति धनी भएकोमा खूब

गर्व गर्छन्; तर ! यस 'तर' भन्ने शब्दले ठूलो भिन्नता ल्याउँछ । तर तिनीहरूको भएभरको पैसाले तिनीहरूको एक भाइलाई पनि मृत्युदेखि बचाउन सक्दैन; तिनीहरूको सारा धनले तिनीहरूलाई पनि बचाउन सक्दैन । मानिसको प्राणको निम्ति छुटकाराको दाम ज्यादा छ । रुपियाँपैसाको तुजुक देखाएर मानिसले मृत्युको दिन टार्ने खोज्ने प्रयास सधैंको निम्ति छोड्नुपर्छ; किनकि यस्तो कुनै मानिस नै छैन, जसको अमर जीवन किन्ने औकात हुन्छ । चिहानदेखि को उम्कन सक्छ ?

आठ पदको अघि-पछि एउटा कोष्ठक-चिन्ह लागिएको छ; यस कोष्ठक-चिन्हले यो पद बीचमा हालिएको उपवाक्य तुल्याएको छ । यसो हो भने, हामीले भजन ४९ः७ र ९ पदहरू जोड़ेर पढ्नुपर्ला; तब यी दुईवटा पदहरू यसरी पढ़िन्छः

*'तिनीहरूमध्ये कसैले कुनै हालतले पनि आफ्नो भाइलाई छुटाउन सक्दैन र ऊ सधैंभरि बाँचिरहोस् र खाड़ल देख्नु नपरोस् भन्ने हेतुले परमेश्वरलाई उसको निम्ति छुटकाराको दाम दिन सक्छ ।'*

**भजन ४९ः१०ः** ढिलो होस् कि छिटो होस्, बुद्धिमान् मानिसहरू पनि मर्छन् । ठीक यही प्रकारले धनी मूर्ख मानिसहरू र बेसमझदार मानिसहरू पनि मर्छन्, र तिनीहरूले आफ्नो धनसम्पत्ति अरूको निम्ति छोड़िदिन्छन् । यस सम्बन्धमा यो कुरा याद रहोस्ः बुद्धिमान् मानिसले आफ्नो धनसम्पत्ति अरूको निम्ति छोड्छ भन्ने कुरा लेखिएको छैन । हुन सक्छ, उसको इच्छा-पत्रमा वा वसियत-नामामा यस्तो लेखिएको पाइन्छ कि ? 'विवेकशील भएर आफू जीवित हुँदा मैले आफ्नो पैसा प्रभुको कामको निम्ति दिएर सदुपयोग गरें ।'

**भजन ४९ः११-१२ः** अनौठो लाग्ने हकिकत कुरा के हो भने, यस संसारमा आफ्नो भविष्य निर्माण गर्न सक्षम बुद्धिमान् मानिसहरू छन्, जसले आफू कति मरणशील हुन्छन्, सो एकक्षण पनि विचारै गर्दैनन् । 'हाम्रा घरहरू त सधैं रहिरहनेछन्; अनि हामी यहाँ लामो समयसम्म बाँचिरहनेछौं' भन्ने तिनीहरूको मनमनको विचार हुन्छ । तिनीहरूले आ-आफ्नै नामअनुसार आफ्नो जग्गा-जमिन, सड़कहरू र बस्तीहरूका नाम राख्छन् । तर उम्कनै नसकिने सत्यता यो होः मानिस र त्यसको सारा सम्मान नाश हुन्छ । यस सम्बन्धमा मानिस र पशुहरूको बीचमा कुनै भिन्नता छैन । अरू कुराहरूमा मानिस र पशुहरूको बीचमा ठूलो भिन्नता छँदैछ । हामी यसको उदाहरण दिन्छौंः मानिसको मृत शरीर चिहानमा जान्छ, तर उसको आत्मा र उसको प्राण नाश हुँदैनन् । अनि मानिसको मृत शरीर एकदिन कि त अनन्त दण्ड पाउन, कि त अनन्त आशिष पाउनको निम्ति चिहानबाट बौरिउठ्नेछ । मानिसको अस्तित्व अनन्त हुन्छ, तर पशुप्राणीहरूको अस्तित्व अस्थायी हुन्छ ।

**भजन ४९ः१३-१४ः** परमेश्वरमाथि भरोसा नराखेर मूर्खतापूर्वक आफ्नो धन-सम्पत्तिमाथि भरोसा राख्नेहरूको दशा त्यस्तै हुनेछ । तिनीहरू 'हामी कहिल्यै मर्दैनौं' भनेजस्तै मूर्खसरह जिउँथे । तर तिनीहरू मर्ने त मर्छन् नै । अनि तिनीहरूको मृत्यु भएपछि तिनीहरूका आफन्त र इष्टमित्रहरूले तिनीहरूलाई तिनीहरूको गहन बुद्धिको निम्ति तारिफ गर्छन् ।

अनिवार्य रूपले तिनीहरू शरीरदेखि अलग हुनुपर्ने हुनाले तिनीहरू भेड़ाहरूसमान छन्, जसलाई मृत्युरूपी गोठालाले दया-माया नगरीकन निरन्तर अघि बढ़ाउँदै चिहानतिर लैजान्छ । *'अनि बिहानै सीधा चालमा चल्नेहरूले तिनीहरूमाथि शासन गर्नेछन् ।'* अब तिनीहरूको परिस्थति बदलिन्छ, धनी मानिस र लाजरसको जस्तै तिनीहरूको परिस्थितिमा साटफेर हुनेछ । त्यति बेलामा अब्राहामले

त्यस धनी मानिसलाई भनेको यो कुरा हामी सम्झौं:

*'हे छोरा, सम्झ ! तिमीले आफ्नो जीवन-कालमा तिम्रा असल-असल कुराहरू पाइ-सक्यौ, त्यसरी नै लाजरसले पनि खराब कुराहरू पायो; तर अहिले उसले शान्ति पाएको छ, र तिमीचाहिँ तड्पिरहेका छौ'* (लूका १६:२५)।

त्यस धनी मानिसको भव्यता र सुन्दरता सबका सब खतम भए र उसको घर अधोलोक हुने भयो। यस पृथ्वीमा त्यसले अल्प समयको निम्ति उपभोग गरेको भव्य घरको बदलीमा त्यसको स्थायी घर कति भिन्न भयो, कति ! !

**भजन ४९:१५:** *'तर परमेश्वरले मेरो प्राणलाई मृत्युको पन्जाबाट छुटकारा दिनुहुनेछ।'* यहाँ, यस पदमा बौरिउठाइको सम्बन्धमा एक झलक छ; यस प्रकारका झलकहरू पुरानो नियममा ठाउँ-ठाउँमा पाइँदा रहेछन्। पुरानो नियमका लेखकहरूले प्रायः मृत्यु र मृत्युपार हुने सम्बन्धमा कुनै स्पष्ट प्रकाश गरेनन्। तर यहाँ भजनकारले निश्चयतासाथ स्वीकार गरेका छन्, कि परमेश्वरले तिनको प्राण मृत्युको पन्जाबाट छुटकारा दिनुहुनेछ। यसर्थ परमेश्वरले तिनको प्राण त्यसको शरीरदेखि अलग भएको अवस्थादेखि बचाउनुहुनेछ र तिनलाई तिनको बौरिउठाइको शरीरसँग जोड्नुहुनेछ। जब तिनले *'किनकि उहाँले मलाई ग्रहण गर्नुहुनेछ'* भनेर भन्छन्, तब तिनले त्यही शब्द प्रयोग गरे, जुन शब्द परमेश्वरले हनोक र एलियालाई ग्रहण गर्नुभएको सम्बन्धमा प्रयोग गरिएको थियो।

**भजन ४९:१६-१९:** यसकारण भक्तिहीन मानिस धनी भयो र त्यसको घर पनि भव्य र झलमल्ल भयो भने, ख्रीष्ट-विश्वासी विचलित हुनुपर्दैन। त्यसको स्वर्ग यस पृथ्वीमा हो, बस यति। *'किनकि जब त्यो मर्छ, तब त्यसले केही पनि साथमा बोकेर लैजानेछैन,'* तर आफ्नो सम्पूर्ण धनसम्पत्ति यहाँ छोड्नुपर्नेछ। रित्तै हात लिई त्यो मानिस चिहानमा जानेछ र त्यसको वैभव त्यसको साथमा जानेछैन। बाँचुन्जेल 'मलाई कुनै कुराले विचलित पार्न र मबाट मेरो आनन्द लुट्न सक्दैन' भन्ने त्यसको सोच थियो। त्यसले आफैलाई धनी तुल्याएकोमा मानिस-हरूले त्यसलाई वाह-वाह गर्थे। तर छिटो होस् वा ढिलो होस्, त्यो मानिस आफ्ना पितापुर्खाहरूजस्तै मर्नेछ र त्यस कालो लामो रातमा तिनीहरूसँग सहभागी बन्नेछ।

**भजन ४९:२०:** मानिसको निम्ति आफ्नो भौतिक धन र मान-सम्मान थामिराख्ने कुनै उपाय नै छैन। नाश भइजाने पशुहरूसरह त्यसको पनि मृत्यु अनिवार्य छ।

'चाहे धर्मी जनहरू होऊन्, चाहे दुष्ट मानिसहरू होऊन्, सबै मानिसहरू मर्नेछन्' भनेर कसैले आफ्नो आपत्ति जनाउँला। यो कुरा ठिक्कै हो। प्रभु येशू चाँड़ै आउनुहुन्न भने हामी सबैजना मर्नेछौं। तर यहाँ यस भजनमा भन्न खोजेको कुरा यो हो, कि दुष्टहरू मर्नेछन् र आफ्नो धनसम्पत्ति यहाँ छोड़िराख्छन् भने, धर्मीजनहरूचाहिँ आफ्नो अनन्त घरमा जानेछन् र अपार धनरूपी आफ्नो अनन्त इनाम पाउनेछन्।

यसको सम्बन्धमा हाम्रो अन्तिम टिप्पणी यस प्रकारको छः पवित्र धर्मशास्त्र बाइबलमा प्रायःजसो धनी मानिस र दुष्ट मानिस ' दुवै मानिसहरूलाई समान अर्थमा प्रस्तुत गरिएको छ। यस कुराले हामीलाई सचेत गराउनुपर्छ। पवित्र बाइबलमा 'धनी हुनु पाप हो' भनेर भनिएको छैन; तर जीवित परमेश्वरमाथि भरोसा नराखेर धनसम्पत्तिमाथि भरोसा राख्नु-चाहिँ पाप हो भनेर भनिएको छ। अनि धनसम्पत्ति भएको मानिसको निम्ति आफ्नो धनमाथि भरोसा नराख्नु कठिन छ। पवित्र

बाइबलले रुपियाँपैसाप्रति प्रीति राख्ने कुभावनालाई दोषी ठहऱ्याउँछ, साथै अरूलाई थिचोमिचो गरेर बेइमानीसाथ धन थुपारिराख्ने काममा पनि दोष भेट्टाएको छ। हराएको संसार र त्यसका विभिन्न दुःखकष्ट भोग्ने मानिसहरूका आवश्यकताहरू केही वास्ता नगरी स्वार्थी भावले आफ्नो निम्ति मात्र धन जम्मा गर्ने काम पनि पवित्र बाइबलको प्रकाशमा घोर अपराध ठहरिएको छ।

## भजन ५०: परमेश्वरको निरन्तर भइरहेको न्यायजाँच

यस भजनको पृष्ठभूमिचाहिँ अदालत हो; परमेश्वर न्यायकर्ता हुनुहुन्छ, इस्राएली जाति प्रतिवादी हो, अनि आकाश र पृथ्वी साक्षी बसेका छन्।

तर हामीले अदालत बसेको दृश्य धेरै अघि इस्राएली जातिको इतिहासमा घटेको एउटा पुरानो, धमिलो मुद्दा सम्झनुहुँदैन। तर यस प्रकारको न्यायजाँचचाहिँ परमेश्वरले संसार-भरिका पवित्र जनहरूको सिलसिलामा सधैं कायम राख्नुभएको हो।

### क) भजन ५०:१-६: अदालतको बैठक बस्दैछ

**भजन ५०:१:** शुरुमा न्यायकर्ता परमेश्वरलाई पूर्वदेखि पश्चिमसम्म सम्पूर्ण इस्राएल देश[36)]का सबै मानिसहरूलाई अदालतमा भेला हुन बोलाउनुभएको सुनिन्छ। शक्तिशाली परमेश्वर परमप्रभु स्वयम् बोल्नुभएको छ; यस कुराले न्याय-कर्ताको यस आह्वानमा पूरा मान्यता र अधिकार दिएको छ।

**भजन ५०:२-३:** त्यसपछि न्यायकर्ता परमेश्वरलाई 'शेकिना' नामक आँखै तिरमिराउने चम्किलो बादलको रूपमा सियोन पर्वतमा अवस्थित भएको मन्दिरको महापवित्रस्थानबाट निस्कनुभएको देखिन्छ। अबदेखि उसो उहाँ आफ्ना जनहरूको पापको विषयमा चुप लाग्नुहुनेछैन। सिनाई पर्वतमा ओर्लनुभएझैं उहाँ अब ओर्लनुहुन्छ। उहाँको अघि-अघि आगोको ठूलो ज्वाला भस्म पार्दै जाँदैथियो र उहाँको वरिपरि भयानक आँधी चल्दैथियो, अनि वज्रपात र बिजुली हानि-रहेका थिए। तर यसपालि उहाँ व्यवस्था दिन आउनुहुन्न, तर त्यस व्यवस्थाको भित्री, आत्मिक अर्थ खोल्न आउनुहुन्छ।

**भजन ५०:४-५:** अनि न्यायआसन ग्रहण गर्नुभएपछि उहाँले आकाश र पृथ्वीलाई गवाही दिन कठघरामा उभ्याउनुहुन्छ; त्यसपछि उहाँले आफ्ना सेवकहरूलाई 'जाओ, प्रतिवादीहरूलाई भित्र ल्याओ' भन्ने हुकुम गर्नुहुन्छ। सबैभन्दा पहिले उहाँले इस्राएली जातिका पवित्र जनहरूको न्याय-जाँच गर्नुहुन्छ। उहाँको शब्दअनुसार ती पवित्र जनहरूले बलिदान चढ़ाएर उहाँसँग एउटा वाचा बाँधेका छन्। (यसको सन्दर्भ होरेब पर्वतमा स्थापित गरिएको व्यवस्थाको वाचा हो, जुन वाचाचाहिँ बलिदानहरूको रगतद्वारा पारित भएको हो (प्रस्थान २४:३-८)।) भजन ५०:७-१५ पदहरूको खण्डमा उहाँका विश्वासयोग्य जनहरूको न्यायजाँच गरिन्छ भने, त्यसपछि दुष्टहरूसित उहाँको विशेष न्यायसभा बस्नेछ (भजन ५०:१६-१९)।

**भजन ५०:६:** गवाही दिन आकाशलाई बोलाइन्छ; त्यसले परमेश्वरका न्यायका कामहरू कति धर्ममय छन् भन्ने सम्बन्धमा गवाही दिनु थियो। परमेश्वर स्वयम् न्यायकर्ता हुनुहुन्छ; यसको मतलब यो हो, कि यस मामिलाका सबै कुराहरूको विषयमा उहाँलाई सम्पूर्ण ज्ञान छ; उहाँ पूरा निष्पक्ष हुनुहुन्छ र उहाँको न्यायका फैसलाहरू बुद्धिले पूर्ण र न्यायसङ्गत हुन्छन्।

**ख) भजन ५०:७-१५: विधिवादको पाप**

अबचाहिँ परमेश्वर इस्राएली जाति नाम गरेका आफ्ना जनहरूको विरोधमा अभियोग लगाउने एक अभियोक्ता वकीलको भूमिका खेल्नुहुन्छ। मानिसको दृष्टिकोणले हेर्नु हो भने, न्यायकर्ता अभियोक्ता वकीलको भूमिका निभाउन सक्दैनन्; तर हाम्रो सामु पेश गरिएको मामिलाको सम्बन्धमा यो कुरा बिलकुल सही हो; किनभने यी न्यायकर्ता परमप्रधान परमेश्वर स्वयम् हुनुहुन्छ।

**भजन ५०:८:** इस्राएलीहरूले उहाँकहाँ बलिदानहरू ल्याउनमा कुनै गल्ती गरेका छैनन्। शुरुमा परमेश्वरले यो कुरा स्पष्ट पार्नुहुन्छ। तिनीहरू आफ्ना होमबलिहरू चढ़ाउनमा विश्वासयोग्य थिए। तर दुःखको कुरा के थियो भने, तिनीहरूले परमप्रभुप्रति आफ्ना जिम्मावारीहरू यी विधिहरूमा पूरा भएका सम्झेर आफ्नो भक्ति यतिमै सीमित राखे। हामी तिनीहरूलाई केसित तुलना गरौं? तिनीहरू यी छोरीहरूजस्तै छन्, जसले वर्ष-भरि आफ्नी आमालाई बेवास्ता गरेका छन्, तर तिनको जन्मदिनमा चाहिँ तिनलाई चकलेट मिठाई वा फूलको एक गुच्छा दिएर तिनलाई माया देखाउँछन्। अथवा तिनीहरू ती छोराहरूजस्तै छन्, जसले आफ्ना बुबालाई धन्यवाद दिएर उनले तिनीहरूप्रति देखाएको उनको गुन कहिल्यै फर्काउँदैनन्, तर बुबाको मुख हेर्ने दिनमा उनलाई उपहारस्वरूप एउटा टाई दिन्छन्।

उहाँले तिनीहरूमा के-के दोष भेट्टाउनुभयो, सो अब सुनौं: तिनीहरूले उहाँको वेदीमाथि बलिपशुहरू थुपारिरहेका थिए, तर व्यक्तिगत रूपले उहाँको चिसो बेवास्ता गरेका थिए। उहाँका जनहरूले यी बलिदानहरू चढ़ाउने सम्बन्धमा पालन गर्नुपर्ने एक-एक विधि होशियारपूर्वक पालन गर्ने गर्थे; तर परमप्रभुसित हार्दिक, व्यक्तिगत सम्बन्ध राख्दैनथिए। तिनीहरू यस कुरामा ज्यादा चुके। यस विषयमा श्री एफ. बी. मेयेरले यसो लेखेका छन्:

> 'प्रस्तुत भजनले ती कपटीहरूको निम्ति कड़ा हप्कीको काम गर्छ, जसले परमेश्वरको घरको रीतिविधि केवल बाहिरी तवरले पूरा गर्छन् र जो यसैमा सन्तुष्ट हुन्छन्, तर जसले परमेश्वरलाई आफ्नो हृदयबाटको प्रेम र भक्ति दिँदैनन्।' [37)]

**भजन ५०:९:** यसकारण परमेश्वरले *'म तिम्रो घरबाट कुनै बहर लिनेछैनँ, न ता तिम्रा खोरहरूबाट बोकाहरू लिनेछु'* भन्नुहुन्छ। उहाँ विधिवादी हुनुहुन्न; उहाँ धार्मिक रीतिहरू पूरा भएकोमा खुशी हुनुहुन्न। परमेश्वरले बलि-दानहरूको नियम स्थापित गर्नुभएको बेलामा उहाँले यो नियम मानिसहरूका भित्री गलत मनोभावनाहरू ढाकछोप गर्ने उपाय कहिल्यै देख्नुभएन। बाहिरी क्रिया सठीक भएमा त्यसले मानिसको मनभित्रको आत्मिक घटीकमीको पूर्ति कहाँ गर्छ र?

**भजन ५०:१०-१३:** परमेश्वरका जन-हरूले एकछिन घोरिएर सोचे कति असल हुनेथियो। तब तिनीहरूले यो कुरा बुझ्नेथिए, कि संसारका सबै पशुप्राणीहरू परमेश्वरका थिए; हो, तब जङ्गलको हरेक पशु, हजारौं पहाड़हरूका गाईबस्तुहरू, आकाशका चराहरू र मैदानमा चर्ने सबै पशुप्राणीहरू उहाँकै हुन् भन्ने कुरा तिनीहरूले स्पष्टसँग बुझ्नेथिए। परमेश्वरलाई मानिसहरूबाट एउटै थोकको पनि आवश्यकता पर्दैन। उहाँलाई भोक लाग्दैन। उहाँ भोकाउनुभएको भए उहाँले हामीसित केही पनि माग्नुहुनेथिएन; किनभने उहाँको भण्डार सबै कुराहरूले परिपूर्ण छँदैछ। अनि उहाँले आफ्नो पालनपोषण गर्न न बहरहरूको मासु खानुहुन्छ, न आफ्नो तिर्खा मेटाउन वा आफ्नो सन्तुष्टि बढ़ाउन बोका-हरूको रगत पिउनुहुन्छ। परमेश्वर पूर्ण रूपले आत्मनिर्भर र स्वपालित हुनुहुन्छ।

**भजन ५०:१४-१५:** यसो भए परमेश्वर आफ्ना जनहरूबाट केको चाहना गर्नुहुन्छ? उहाँले तीनवटा कुराहरू पाउन चाहनुहुन्छ; ती यिनै हुन्:

**क)** उहाँ हामीबाट धन्यवाद पाउन चाहनुहुन्छ। अरू कुनै पनि दान कृतज्ञताको बराबरीमा आउन सक्दैन। हामीमध्ये धेरैजना त्यस परिवारका सदस्य-सदस्याहरूजस्ता छौं, जसले आफ्नी गुणवती आमाको ठूलो गुण र मूल्य जान्दैनन्, तर जसले तिनको मृत्यु भएपछि तिनको मृत शरीरलाई महँगा शववस्त्र लगाइदिएर आफ्नो कृतघ्नता पूर्ति गर्न खोज्छन्।

**ख)** परमेश्वर हामीले गरेका भाकलहरू पूरा भएका देख्न चाहनुहुन्छ। *'परमप्रधानको निम्ति आफ्ना भाकलहरू पूरा गर!'* उहाँलाई प्रेम, उपासना, सेवा र भक्ति गर्छु भन्ने भाकलहरू हामीले पूरा गर्नुपर्छ।

**ग)** उहाँ प्रार्थनाको सङ्गति पाउन चाहनुहुन्छ। *'सङ्कष्टको दिनमा मलाई पुकार! म तिमीलाई छुटकारा दिनेछु, र तिमीले मेरो बढ़ाइ गर्नेछौ।'* यहाँ परमेश्वरको हृदयभित्र के छ, हामी यसको अद्भुत अन्तर्दृष्टि पाएका छौं। उहाँले आफ्ना जनहरूलाई प्रार्थना गरेका सुन्न मन पराउनुहुन्छ। अनि उहाँले तिनीहरूका प्रार्थनाहरूको उत्तर दिन उत्तिकै मन पराउनुहुन्छ। आफू र आफ्ना जनहरूको बीचमा भएको घनिष्ठ, कोमल सम्बन्धमा उहाँ खूब प्रसन्न हुनुहुन्छ।

### ग) भजन ५०:१६-२१: तर दुष्टहरूको विषयमा केकसो हो?

**भजन ५०:१६-१७:** अब न्यायकर्ता परमेश्वर इस्राएली जातिको अर्को भाग मानिसहरूकहाँ फर्कनुभएको देखिन्छ। तिनीहरूले आफूलाई धर्मी भएको दाबी गर्छन्, तर तिनीहरूको जीवन र व्यवहार यस दाबीको विरुद्धमा छ। पवित्र धर्मशास्त्रका वचनहरू उद्धृत गर्ने र आफ्नो लागि करारका आशिषहरू दाबी गर्ने यी धर्मी भइटोपल्ने-हरूको अधिकार छैन भनी उहाँ भन्नुहुन्छ। त्यसपछि उहाँ तिनीहरूको विरुद्धमा क्रमैसँग एक-एक अभियोग लगाउँदै हुनुहुन्छ।

**क)** तिनीहरूले अनुशासनलाई घृणा गर्थे। तिनीहरूले आफूलाई अनुशासनभन्दा माथिका ठाने। तिनीहरूले उन्नतिशील आलोचनाहरू स्वागत गर्नुपर्नेथियो अथवा नभए कम्तीमा तिनीहरूले दिइएका सल्लाहहरू सहनु-पर्नेथियो; तर ती कपटीहरूले अन्यथा सम्झेर यी आलोचकहरूसँग नमीठो गरी रिसराग राख्थे, अनि तिनीहरूलाई सम्झाउन-सच्च्याउन खोज्नेहरू तिनीहरूको तिक्त हमलाको तारो र निशान बन्थे, चाहे त्यो आलोचक परमप्रभु किन नहोऊन्।

**ख)** तिनीहरूले परमेश्वरको वचनको अवहेलना गर्थे। पवित्र धर्मशास्त्रप्रति श्रद्धा-भक्तिको भावनाको सट्टामा तिनीहरूले परमेश्वरको वचन निकम्मा सम्झेर त्यो आफ्नो पछिल्तिर फ्याँक्थे।

**भजन ५०:१८: ग)** तिनीहरूले पापबाट अलग बस्ने मार्गमा हिंड्न अस्वीकार गर्थे। तिनीहरूले चोरहरू र परस्त्रीगामीहरूसँग मित्रता गाँसेर परमप्रभुको आज्ञापालन गर्दैनथिए, तर उहाँको नामको निन्दा गर्थे।

**भजन ५०:१९-२०: घ)** तिनीहरूको बोलीवचन दुष्ट थियो। तिनीहरूको मुखमा कुनै लगाम थिएन; कुनै कुराले पनि तिनी-हरूलाई खराबी बोल्नदेखि रोक्न सक्दैन-थियो। तिनीहरू झूट बोल्न र छलछामको कुरा गर्न पूरा निपुण र पोख्त थिए। तिनीहरूका नजिकका आफन्तहरू पनि तिनीहरूको दुष्ट निन्दादेखि सुरक्षित हुँदैनथिए।

**भजन ५०:२१:** परमेश्वरले तिनीहरूलाई तत्कालै दण्ड नदिनुभएको हुनाले तिनीहरूले उहाँलाई आफूजस्तै लापरवाह ठाने। उहाँको

धैर्यले तिनीहरूलाई पश्चात्ताप गर्ने मौका दिएको हो भन्ने कुरा तिनीहरूलाई के थाहा? तर अब परमप्रभु चुप रहनुहुनेछैन; उपरोक्त अभियोगहरूको सिलसिलामा उहाँ अब तिनीहरूलाई हप्काउनुहुन्छ।

**घ) भजन ५०ः२२-२३ः चेताउनी र प्रतिज्ञा**

एउटा चेताउनी र एउटा प्रतिज्ञा दिएर यो भजन समाप्त हुन्छ। परमेश्‍वरको बेवास्ता गर्नेहरूलाई चेताउनी दिइएको छ, अँ, तिनी-हरूलाई, जसले आफ्नो जीवनमा उहाँलाई भुल्छन् र जसलाई परमेश्‍वर हुनुहुन्छ कि हुनुहुन्न, यसको कुनै सरोकार छैन। तिनीहरूले पश्चात्ताप गर्दैनन् भने उहाँ सिंहझैं तिनी-हरूमाथि झम्टनुहुनेछ र उहाँले तिनीहरूलाई पूरा नाश गर्नुहुनेछ। तर धन्यवादका बलिहरू लिएर उहाँकहाँ आउनेहरूले उहाँको महिमा गर्नेछन्। यस आज्ञाकारिताको मार्गमा हिड्ने-हरू सबैले सङ्कष्टका समयहरूमा परमेश्‍वरका अद्‌भुत छुटकाराहरू अनुभव गर्नेछन्।

## भजन ५१ः पश्चात्तापमा भएको मीठो सुगन्ध

श्री अलेक्जन्डर म्याकलारेनले यसो भनेका छन्ः 'ईश्‍वरीय प्रेममा रासायनिक शक्ति छ, जुन दिव्य शक्तिले पापको फोहोर मैलाबाट पश्चात्तापको मीठो सुगन्ध निकाल्न सक्छ।' त्यसैको निम्ति एउटा सुस्पष्ट उदाहरण हामी भजन ५१ मा पाउँछौं। यस भजनको शीर्षकले बताएअनुसार यो भजन दाऊदले लेखे। अँ, विशेष गरी भविष्यवक्ता नातानले हिम्मत बाँधेर तिनलाई बतशेबा-सितको व्यभिचार र ऊरियाहको हत्या पर्दाफास गरेपछि तिनले यो भजन लेखे, जुन भजनमा आफ्नो पापको विषयमा पूरा रूपले कायल भएका दाऊदले आफ्नो टुटेको र चूर्ण हृदयबाट पश्चात्तापको धारा बहाएका छन्।

तिनले आफ्नो पाप मानिलिएको कुरा यस प्रकारको भावानुवाद गर्न सक्छौंः

**भजन ५१ः१ः** 'हे परमेश्‍वर, दया पाऊँ! म तपाईंबाट दया पाऊँ! म त दण्ड पाउने लायकको छु। तर तपाईं दयालु परमेश्‍वर हुनुहुन्छ; यसकारण विन्ती छ, जुन दण्डको योग्य म भएँ, त्यसअनुसार मसित व्यवहार नगरिदिनुहोस्! तपाईंका कोमल कृपाहरू अपरम्पार छन्; र यही कारणले म तपाईंलाई विन्ती गर्न आँट गर्छुः तपाईंको पवित्र व्यवस्था उल्लङ्घन गरेका मेरा भयानक अपराधहरू मेटाइदिनुहोस्!'

**भजन ५१ः२ः** 'मलाई पूरा तौरले धुनुहोस्, किनकि मेरो अधर्ममा म तपाईंको सीधा मार्गबाट भड्किएँ; र मलाई शुद्ध पार्नुहोस्; किनभने मेरो पापमा म निशानादेखि अति नै चुकें।'

**भजन ५१ः३ः** 'हे मेरा परमेश्‍वर, म खुल्लमखुल्ला स्वीकार गर्छु कि मैले तपाईंको व्यवस्था भङ्ग गरेको छु। मेरो यो पाप सबैलाई विदितै थियो; यसकारण म खुला रूपले यो मानिलिन्छु। मेरो पापको दोषले मलाई दिनरात सताइरहेको थियो; म त्यो एक दिन बढ़ी सहन सक्दिनँ।'

**भजन ५१ः४ः** 'मैले तपाईंको विरोधमा, केवल तपाईंकै विरुद्धमा पाप गरेछु। अहह, मैले बतशेबाको विरुद्धमा र तिनका विश्‍वासयोग्य पति ऊरियाहको विरुद्धमा पनि पाप गरेछु। ती शूरवीर योद्धाप्रति विश्‍वासघात गरेकोमा, हे परमेश्‍वर, मलाई क्षमा गर्नुहोस्! तर अब मेरो होश खोलेको छः सबै पाप खास तपाईंकै विरुद्धमा पो गरिन्छ। तपाईंको व्यवस्था भङ्ग भएछ। तपाईंको इच्छा तुच्छ गनिएको छ, कति हो कति! अहो, तपाईंको नामको ठूलो निन्दा भएछ। अब म आफ्नै पक्ष होइन, तर तपाईंको पक्ष लिन्छु। किनकि तपाईं आफ्नो न्यायको फैसलामा बिलकुल

धर्मी हुनुहुन्छ; यसकारण कसैले पनि तपाईंका फैसलाहरू गलत ठहराउन सक्दैन ।'

**भजन ५१:५ :** 'हे प्रभु, म निकम्मा छु । म त अधर्ममा जन्में; हो, खास मेरो गर्भधारण पापमा भएको हो । यसो भन्दाखेरि मेरी आमाको इज्जत झारेर मैले आफ्नै दोष कम गर्न खोजेको होइन, तर मैले भन्न चाहेको मतलब यो होः मैले पापहरू गरेको मात्र होइन, तर म त स्वभावैले एउटा पापी मानिस हुँ ।'

**भजन ५१:६ :** 'तर तपाईं पापलाई घृणा गर्नुहुन्छ र मानिसको अन्तस्करणमा विश्वास-योग्यता र सच्चाइ भएको मन पराउनुहुन्छ । यसकरण म यही विन्ती लिएर तपाईंकहाँ आउँछुः मेरो भित्री हृदयमा मलाई बुद्धि सिकाइदिनुहोस् !'

**भजन ५१:७ :** 'कोरीलाई शुद्ध पार्दा हिसप र बगिरहेको पानी प्रयोग गर्नू भनी तपाईंले आदेश दिनुभएको थियो (लेवी १४:१-८) । ठीक यस्तै, हे प्रभु, नैतिक हिसाबले म एउटा कोरी हुँ । यसकारण मलाई हिसपले चोख्याउनुहोस्, र म शुद्ध हुनेछु; मलाई धुनुहोस्, र म हिउँभन्दा सेतो हुनेछु ।'

**भजन ५१:८ :** 'पाप गरेर मैले गीत गाउन छोडें । साँचो हर्ष र साँचो आनन्द के हो, सो मैले नजानेको धेरै भयो । म त्यो हर्षको सङ्गीत फेरि एकपल्ट सुन्न पाऊँ । मेरो पछि हटेको अवस्थामा तपाईंले मेरा हड्डीहरू भाँच्नुभएको र मलाई लङ्गड़ा बनाउनुभएको – यो मेरो अनुभव थियो । यसैले पवित्र चाड़हरूमा मैले तपाईंको सामु नाच्नै सकिनँ । अब यी भाँचिएका हड्डीहरू निको पारि-दिनुहोस्, र म तपाईंका जनहरूसित मिली नाच्दै-गाउँदै तपाईंको नामको स्तुति गर्न सकूँ ।'

**भजन ५१:९ :** 'हे मेरा परमेश्वर, न्याय गर्ने र दण्ड दिने उद्देश्यले मेरा पापहरू हेर्नदेखि आफ्नो अनुहार हटाउनुहोस् भनी विन्ती गर्छु । मेरा ठूला अधर्महरूको अन्तिम लेशसमेत मेटाइदिनुहोस् ! यिनको एक-एक सम्झनाले मलाई घरिघरि घोच्दैछ ।'

**भजन ५१:१० :** 'फर्केर हेर्दा मलाई महसुस हुन्छः मेरो समस्या खास मेरो मनबाट शुरु भएको हो; किनकि मेरो विचारको धारा दूषित थियो । दुष्ट विचारहरूले मेरो मनमा खेलि-राखेकोले गर्दा अन्तमा मैले पाप गरें । यसकारण म अब विन्ती गर्छुः मभित्र एउटा शुद्ध हृदय सृजना गर्नुहोस् ! किनभने मलाई थाह छ, जलस्रोत शुद्ध छ भने त्यसबाट बगि-रहेको धारा पनि शुद्ध हुन्छ । हे प्रभु, मेरो सम्पूर्ण अन्तस्करण नयाँ तुल्याउनुहोस्, किनकि भविष्यको पापको विप्लवबाट जोगिन मलाई एउटा स्थिर आत्मा दरकार छ ।'

**भजन ५१:११ :** 'मलाई नत्याग्नुहोस्, प्रभु ! तपाईंको उपस्थितिदेखि मलाई नहटाउनुहोस् ! तपाईंदेखि टाढ़ा भएर जिउनु, अहँ, म यस प्रकारको विचार सहन सक्दिनँ । तपाईंको पवित्र आत्मा मबाट हट्नुभएको, अहँ, म यस्तो कुरा सोच्नै सक्दिनँ । म जिइरहेको युगमा तपाईंले कतिजना अनाज्ञाकारी मानिसहरूबाट आफ्नो पवित्र आत्मा उठाइलैजानुभयो । शाऊलको जीवनमा तपाईंले यस्तै गर्नुभयो (१ शमूएल १६:१४) । पवित्र आत्मा हटाएका परिणाम-हरू के-के हुन्, यसको बारेमा विचार गर्दा म त डरले थरथर काम्छु । हे प्रभु, कृपया मलाई यस्तो हुन नदिनुहोस् !'

**भजन ५१:१२ :** 'तपाईंलाई थाहै छः मैले अघिबाट गीत गाउन छोडें । मैले मेरो आत्मा गुमाइनँ, तर आफ्नो गीत गुमाइपठाएँ । मैले तपाईंले दिनुभएको मुक्ति होइन, तर मैले तपाईंको मुक्तिमा मेरो आनन्द गुमाएँ । तर अबचाहिँ म पश्चात्ताप गर्दै, पाप स्वीकार गर्दै र आफ्नो पाप त्याग्ने प्रण गर्दै तपाईंकहाँ आएको छु; अब मेरो यो प्रार्थना छ, ती चुँड़िएका तारहरू फेरि बज्न थालून् । अनि

तपाईंको मुक्तिमा मेरो आनन्द मलाई फर्काउनको साथै तपाईंको उदारचित्तको आत्माले मलाई सम्हाल्नुहोस् भन्ने प्रार्थना छ। अर्को शब्दमा भन्नु हो भने, म यो चाहन्छुः तपाईंको आज्ञापालन गर्न र तपाईंलाई सबै कुराहरूमा प्रसन्न तुल्याउन तपाईंको आत्माले मलाई इच्छुक बनाइदिऊन्। तब म धार्मिकताका मार्गहरूमा लागिपर्ने नै छु।'

**भजन ५१ः१३ः** 'मैले पाएको पापको क्षमाको एक परिणाम यो हुनेछ, कि म जोश र उमङ्को साथमा अरू अपराधीहरूलाई गवाही दिनेछु र तपाईंबाट पापको क्षमा पाउन र तपाईंसित मेलमिलाप राख्न तपाईंका मार्गहरू के-के हुन्, सो तिनीहरूलाई स्पष्ट पार्नेछु। अनि तपाईंले मेरो निम्ति जे गर्नुभयो, त्यसको विषयमा सुनेर तिनीहरूले पनि तपाईंकहाँ फर्केर आउन चाहनेछन्।'

**भजन ५१ः१४ः** 'हे परमेश्वर, तपाईंले मलाई रक्तपातको दोषदेखि दोषमुक्त गर्नुभयो भने, यो भएपछि सारा संसारले तपाईंको छुटकाराको बारेमा मेरो गवाही सुन्नेछ। हे मेरा उद्धारका परमेश्वर, ऊरियाहको रगतको दोष मलाई थिच्ने ठूलो भारी भएको छ। यस दोषको हिसाब मेटाइदिनुहोस्, र म सदा-सर्वदा तपाईंको स्तुतिप्रशंसा गरिरहनेछु।'

**भजन ५१ः१५ः** 'मेरो पापले गर्दा मेरा ओठहरू मोहरबन्द भए। मलाई तपाईंको क्षमा-दान दिएर ती खोलिदिनुहोस्, र मेरो मुख बोल्नेछ र तपाईंको स्तुति-प्रशंसा गाउनमा पूरा समर्पित हुनेछ।'

**भजन ५१ः१६-१७ः** 'हे प्रभु, पापको क्षमा पाउन म रीतिविधिहरूमाथि भरोसा राख्दिनँ। म जान्दछु कि तपाईं रीतिविधि मन पराउने परमेश्वर हुनुहुन्न। तपाईंले बलि-पशुहरू चाहनुभएको भए मैले ती ल्याएर चढ़ाउनेथिएँ। तर कुनै होमबलिले तपाईंको हृदयलाई प्रसन्न तुल्याउँदैन। हो, तपाईंले विभिन्न बलिदान र भेटीहरू चढ़ाउने नियमहरू दिनुभयो, तर यी बलिदान र भेटीहरूमा तपाईंको सिद्ध इच्छा छँदैथिएन। यसकारण म एउटा टुटेको हृदय लिएर तपाईंकहाँ आउँछु; तपाईंले चाहनुभएको बलिदान यही हो। मैले तपाईंकहाँ ल्याएको चूर्ण र पश्चात्तापी हृदय तपाईंले अवश्य तुच्छ ठान्नुहुन्न।'

**भजन ५१ः१८ः** 'अनि अब हे प्रभु, म आफ्नो निम्ति मात्र होइन, तर तपाईंका प्रिय जनहरूको निम्ति पनि प्रार्थना गर्न चाहन्छु। प्रसन्न भएर उनीहरूमाथि असल, अँ, केवल असल कुराहरू बर्साउनुहोस्! यरूशलेमका पर्खालहरू पुनर्निर्माण गर्नुहोस्! निस्सन्देह, मेरा पापहरूले तपाईंको कामको प्रगतिमा बाधा ल्याए, यसमा शङ्का छैन। मैले तपाईंको नाममाथि निन्दा ल्याएँ। तर अब तपाईंको काम बाधाबिघ्नविना अघि बढ़ोस्।'

**भजन ५१ः१९ः** 'अनि जब आफ्ना पापहरू स्वीकार गर्दै र त्याग्दै हामी सबैजना तपाईंसितको सङ्गतिमा हिँड्डुल गर्छौं, तब तपाईं हाम्रा धार्मिकताका बलिदानहरूमा प्रसन्न हुनुहुनेछ। तपाईंप्रति हाम्रो समर्पण पूर्ण भएको सङ्केत दिलाउने यी बलिदानहरूले तपाईंको हृदयलाई खुशी तुल्याउनेछन्। हामी तपाईंको विदीमाथि बहरहरू बलि गर्नेछौं, जुन बहरहरूले पाप र अधर्म क्षमा गर्नुहुने परमेश्वरको स्तुति-प्रशंसा गरेको अर्थ लिन्छन्।'

## भजन ५२ः विश्वासघातीको भन्डाफोर भएको

१ शमूएल २१ र २२ अध्यायमा यस भजनको ऐतिहासिक पृष्ठभूमि पाइन्छ। एदोमी दोएग राजा शाऊलको मूलगोठालो थियो। अनि शाऊलदेखि भागिहिँड़ेका दाऊदले प्रधान पूजाहारी अहिमेलेकबाट भोजन र गोल्यतको तरवार पाउँदाखेरि त्यो दोएग त्यहाँ उपस्थित थियो। त्यसको लगत्तै

त्यो गएर शाऊलकहाँ तिनको पोल लगायो। तब अहिमेलेक र परमप्रभुका अरू चौरासी-जना पूजाहारीहरूलाई हत्या गर्ने काम दोएगलाई अह्राइयो, कस्तो पुरस्कार!! नभन्दै त्यसले नोबका स्त्रीहरू र केटाकेटीहरू सबैको पनि हत्या गर्‍यो अनि त्यो गाउँ र यसको बस्तुभाउ नाश गर्‍यो।

भजन ५२:१-४ पदको खण्डमा दोएगको चरित्र बयान गरिएको छ भने, भजन ५२:५-७ पदको खण्डमा त्यसको विनाशपूर्ण अन्त वर्णन गरिएको छ। अनि भजन ५२: ८-९ पदहरूमा भजनकारको भिन्नै किसिमको चरित्र बयान गरिएको छ।

**भजन ५२:१-४:** दाऊदको शुरुको प्रश्नले त्यस विश्वासघातीलाई आक्रमण गरेको छ; किनभने त्यसले यस अघोर दुष्ट कामको बारेमा घमण्ड गर्‍यो र परमेश्वरका विश्वास-योग्य दासहरूको विरुद्धमा दिनभर झूटैझूट रचिरहेको थियो। त्यो विश्वासघाती ख्रीष्ट-विरोधीको पूर्व-नमुना थियो; किनकि त्यसको छुराजस्तो धारिलो जिब्रो थियो, जुन जिब्रोले झूटा निन्दाद्वारा मानिसहरूलाई नमीठो चोट हुने गरी काट्थ्यो। भलाइको निम्ति होइन, तर खराबीको निम्ति त्यसको ठूलो झुकाउ थियो; अनि सत्य बोल्नुको सट्टामा त्यसले बरु झूट नै बोल्न रुचाउँथ्यो। छलको अवतार भएर त्यसले अरू मानिसहरूको जीवन बरबाद गरेको बोलीमा मज्जा लिन्थ्यो।

**भजन ५२:५:** भजनकारले दोएग र त्योजस्तै सबै मानिसहरूको अन्तको विषयमा गरेको भविष्यवाणीसित दुवै ईश्वरीय न्यायको फैसला र मानवीय न्यायको फैसला एकमत भएका छन्। परमेश्वरले त्यसको घररूपी जीवन भताभुङ्गै पार्नुहुनेछ र एउटा खण्डहर तुल्याउनुहुनेछ। सर्वोच्च परमेश्वरले त्यसलाई त्यसको वासस्थानबाट खोसेर निकाल्नुहुनेछ र त्यसलाई जिउँदाहरूको देश-बाट जरासित उखेलिदिनुहुनेछ।

**भजन ५२:६-७:** परमेश्वरको भय मान्ने मानिसहरूले त्यसको न्यायको दिन देख्न पाउनेछन्; तिनीहरू त्यसमाथि परमेश्वरको भयावह न्याय आइपरेको देखेर भयभीत हुनेछन्, र त्यसको भाग्य पल्टेकोमा यसो भन्दै मुसुक्क हाँस्नेछन्: 'हेर, यो त्यही मान्छे हो, जसले परमेश्वरलाई आफ्नो सामर्थ्य तुल्याएन, तर आफ्नै धनसम्पत्तिको भरपूरी-माथि भरोसा राख्यो र आफ्नो दुष्टतामा आफूलाई बलियो तुल्यायो।'

**भजन ५२:८-९:** तर कुरा स्पष्ट छः भजनकारको चरित्रचाहिँ त्यसको ठीक विपरीतको छ। तिनले आफूलाई परमेश्वरको भवनमा रोपिएको हरियो जैतुनको रूखसँग तुलना गर्छन्, जुन जैतुनको रूखचाहिँ समृद्धि र फलवान् जीवनको प्रतीक हो। श्री एफ. डब्ल्यू. ग्राण्टको भनाइअनुसार

> 'जैतुनको रूखमा त्यो तेल रहन्छ, जुन तेलले परमेश्वरको आत्मालाई सङ्केत गर्छ; अनि त्यो रूख हरियो हुन्छ, किनकि त्यसमा अनन्त जीवनको ताजापन छ। अनि त्यो रूख परमेश्वरको भवनमा रोपिएको छ, जुन भवन त्यस दुष्ट मानिसको पालरूपी वासस्थानदेखि कति फरक छ, जुन वासस्थानबाट त्यो दुष्ट निकालिन्छ।' **38)**

परमेश्वरलाई आफ्नो शरणस्थान बनाउन नचाहेको त्यस दोएगको तुलनामा दाऊद कति फरक थिए; किनकि तिनले सदा-सर्वदा परमेश्वरको कृपामाथि भरोसा राख्ने अठोट गरे। त्यसबाहेक तिनले परमप्रभुलाई उहाँले गर्नुभएको कामको निम्ति धन्यवाद चढ़ाउनेछन्; किनभने उहाँले दुष्टलाई दण्ड दिनुभयो र र धर्मीलाई निर्दोष ठहराउनुभयो। अन्तमा, तिनले उहाँका सबै भक्त पवित्र जन-हरूको उपस्थितिमा परमप्रभुको नामको बढ़ाइ गर्नेछन्; किनभने उहाँको नाम असल हो, र उहाँ भलो, अँ, केवल भलो हुनुहुन्छ।

## भजन ५३ः नास्तिक हुनु मूर्खता हो

भजन १४ र भजन ५३ को बीचमा मुख्य भिन्नताचाहिँ परमेश्‍वरको नाम 'परमप्रभु' अर्थात् 'यह्वे'देखि बदली भएर 'एलोहिम' भएको छ।[39] भजन १४ मा मूर्ख मानिसले आफ्नो करारमा विश्‍वासयोग्य रहनुभएको परमप्रभु परमेश्‍वरको अस्तित्व इन्कार गर्छ, जसले आफ्ना जनहरूको भलाइमा ठूलो चासो राख्नुहुन्छ र जो तिनीहरूको भलाइ गर्नमा लागिपर्नुहुन्छ। तर भजन ५३ मा चाहिँ मूर्ख मानिसले सर्वशक्तिमान्, सार्वभौम सृष्टि-कर्ता परमेश्‍वरको अस्तित्व इन्कार गर्छ, जो सारा विश्‍वका पालनहार र त्यसको नियन्त्रण गर्नुहुने एकमात्र शासक हुनुहुन्छ।

> 'परमेश्‍वरलाई दुई प्रकारले इन्कार गर्न सकिन्छ। कति मानिसहरू छन्, जसले सृष्टिकर्ताले कुनै विशेष जातिप्रति अथवा मानिसहरूको विशेष झुण्डप्रति अभिरुचि राख्नुहुन्छ भन्‍ने कुरा इन्कार गर्छन्। अनि अरू मानिसहरू छन्, जसले परमेश्‍वर हुनुहुन्छ भन्‍ने कुरा सरासर अस्वीकार गर्छन्।'
>
> स्क्रिप्चर यूनियनका दैनिक पाठहरूबाट उद्धृत

**भजन ५३ः१ः** त्यो मूर्ख मानिसचाहिँ बोधो मगज भएको निर्बुद्धि मानिस भएको हुनुपर्दैन। त्यसको शिक्षाको स्तर उच्च हुन सक्छ, त्यससँग तीखो बुद्धि हुन सक्छ। तर त्यस मानिसले परमेश्‍वरको व्यक्तित्व, उहाँको शक्ति र मानिसहरूको भाग्य उहाँको नियन्त्रणमा रहेका आदि प्रमाणहरू स्वीकार गर्न चाहँदैन। यसकारण जानी-बुझी त्यो अनजान रहन्छ। हिब्रू शब्दको अर्थअनुसार मूर्ख मानिसको यो इन्कार, सत्यताको विषयमा त्यसको इन्कार दुष्ट हो।

यसो हो भने, नास्तिकताचाहिँ नैतिक भ्रष्टता र पतित मानिसको नीचताको कारण र फल हुँदो रहेछ। यसकारण 'परमेश्‍वर छैन' भन्‍नेहरू घिनलाग्दा अधर्म गर्ने भ्रष्ट मानिस-हरू हुन् भन्‍ने कुरामा अचम्म मान्‍नुपर्दैन। तिनीहरूमध्ये असल गर्ने कोही पनि छैन।

**भजन ५३ः२ः** यहाँ सन्दर्भ नास्तिक-हरूदेखि सारा मानव-जातिपट्टि सरेको देखिन्छ। प्रेरित पावलले रोमी ३ अध्यायमा यी पदहरूबाट उद्धृत गर्दै सारा मानिस-जाति पूरा भ्रष्ट भएको तथ्य प्रमाणित गरेका छन्। अनि तिनको यो अभियोग साँचो पनि हो। परमेश्‍वरले स्वर्गबाट मानिसका सन्तानहरू-माथि नजर लगाएर हेर्नुहुँदा परमप्रभुको डर मान्‍ने बुद्धि भएको मानिस एकैजनालाई पनि भेट्टाउनुभएन। एकलै छोड़िएको कुनै पनि मानिसले परमेश्‍वरलाई खोज्दैन। किनभने यसो गर्नको निम्ति पहिले पवित्र आत्माले हामीमा काम गर्नुभएको हुनुपर्छ।

**भजन ५३ः३ः** तिनीहरू सबैजना जीवित परमेश्‍वरदेखि तर्केर गएका छन्। तिनीहरू सबैजना भ्रष्ट भएका छन्। असल काम गर्ने एकैजना पनि छैन। यस सन्दर्भमा असल गर्नु भनेको परमप्रभुको निगाह प्राप्त गर्ने योग्यता कमाउनु हो; अनि यस किसिमको क्षमता मानिसमा हुँदैन।

**भजन ५३ः४-५ः** यी पदहरूको सन्दर्भ विशेष खालका पापीहरू भएका रहेछन् अर्थात् ती धर्मत्यागीहरू, जसले परमेश्‍वरका जनहरूलाई सताउँछन्। तिनीहरू किन त्यति अदूरदर्शी भए होलान्? यी प्रार्थना नगर्ने मानिसहरू निर्दयी हुन्छन्। तिनीहरूको निम्ति रोटी खानु र बाँकी रहेका विश्‍वासयोग्य जनहरूलाई नाश गर्नुको बीचमा केही फरक छैन, यो एउटै कुरा हुँदो रहेछ। हो, तिनीहरूलाई कहिल्यै प्रार्थनाद्वारा परमेश्‍वर-सित कुरा गर्ने इच्छा हुँदैन, कसरी? तर एक दिन अभूतपूर्व आतङ्कले तिनीहरूलाई पक्रनेछ

– यसको विषयमा तिनीहरूलाई अलिकति पनि होशै छैन। तर परमेश्वरले आफ्ना भक्त अनुयायीहरूको विरुद्धमा लड़ाइँ गर्नेहरूका हड्डीहरू छरपस्ट पारिदिनुहुनेछ।

**भजन ५३:६:** यस अन्तिम पदमा दाऊदले मसीहको आगमन चाड़ै भएको होस् भनेर प्रार्थना गर्छन्। किनकि उहाँ नै छुटकारा दिनुहुने उद्धारक हुनुहुन्छ, जो सियोनबाट आउनुहुनेछ (रोमी ११:२६), र जसले इस्राएली जातिका सबै विश्वासीहरूलाई बचाउनुहुनेछ। त्यस दिनमा इस्राएली जातिको जीर्णोद्धार हुनेछ, याकूब रमाउनेछ र इस्राएल आनन्दित हुनेछ।

## भजन ५४: परमेश्वर मेरा सहायक हुनुहुन्छ

दाऊद शाऊलदेखि भागिरहेको बेलामा जिफीहरूले दुईपल्ट राजाकहाँ तिनी रहेको ठाउँको भ्फोसपोल गरे (१ शमूएल २३:१९ र २६:१)। तिनीहरूका यी विश्वासघातका कार्यहरू यो भजन रच्ने मूल-कारण भए। अनि यो भजन जुनसुकै युगमा मानिसहरूबाट कष्ट भोगिरहेका परमेश्वरका जनहरूको निम्ति उपयुक्त प्रार्थना बनेको छ।

**भजन ५४:१:** शुरुमा दाऊदले गुहार माग्दा परमेश्वरको नाममा छुटकारा पाउनु र उहाँको शक्तिमा सठीक न्याय पाएर निर्दोष साबित हुनु नै तिनको पुकारको मुख्य विषय भएको थियो। परमेश्वरको नामले यहाँ उहाँको स्वभाव वा उहाँको चरित्रको अर्थ लिन्छ; अनि उहाँको शक्ति भन्नाले उहाँको सर्वशक्ति बुझिन्छ। दाऊदले उहाँको नाममा र उहाँको शक्तिमा आफ्ना शत्रुहरूबाट छुटकारा पाउन खोजे।

**भजन ५४:२-३:** भजनकारका शब्दहरू-अनुसार तिनको यो निवेदन अहिले कि कहिल्यै अतिशय जरुर थियो। यही कारणले तिनले 'सुनिदिनुहोस्, मेरो मुखका उत्तेजिला, रापिला शब्दहरूतिर कान लगाउनुहोस्' भन्ने अत्यावश्यक आग्रह गरे। के भएको थियो? परदेशीहरूले आफ्नो फाइदाको निम्ति दाऊदको विश्वासघात गरेर तिनलाई ठग्ने युक्ति रचेका थिए। हो, रक्त-पिपासु मानिसहरू तिनको प्राण लिन निस्किरहेका थिए। यी धर्मच्युत मानिसहरूले परमेश्वरको कुनै पर्बाह गर्दैनथिए।

**भजन ५४:४-५:** तर परमेश्वरमा तिनको यो समस्या हल भयो। किनभने परमप्रभुले विश्वासी जनको जीवन सम्हालिराख्नेहरूलाई साथ दिनुहुन्छ। अनि एक दिन उहाँले आफ्ना जनहरूका शत्रुहरूमाथि विपत्ति र विनाश खन्याएर तिनीहरूसित बदला फेर्नुहुनेछ। परमेश्वरले जे गर्न लाग्नुभएको छ, त्यसको विषयमा पाएको ज्ञानले दाऊदमा निम्न प्रार्थनाको रूप लिएको छः 'हो, प्रभु, यसो गरिदिनुहोस्, र आफ्नो विश्वासयोग्यता-अनुसार तिनीहरूका दुष्ट युक्तिहरू खतम पारिदिनुहोस्!'

**भजन ५४:६:** पहिलो पदमा परमप्रभुको नाममा छुटकारा थियो भने, अब उहाँको नामको स्तुति गरिन्छ। दाऊदले परमप्रभुको निम्ति स्वेच्छा-बलि ल्याउनेछन् र परमप्रभुको नाममा धन्यवाद चढ़ाउनेछन्; किनकि यस अनमोल नाममा सबै असल कुराहरू समावेश हुन्छन्।

**भजन ५४:७:** अन्तिम पदमा दाऊदले मानौं तिनका सबै कष्टहरू बितिगएका, र तिनले आफ्ना शत्रुहरूको मृत्यु देखिसकेको जस्तै कुरा गरिरहेका छन्। यस विषयमा श्री जी. च्याम्पबेल मोर्गनले यसो लेखेका छन्:

> 'अझै पनि जोखिमको बीचमा रहेका दाऊदले यहाँ छुटकाराको गीत गाइरहेका छन्, मानौं त्यो छुटकारा भइसकेको जस्तो।' **40)**

यसरी विश्वासले हामीले आशा गरेका कुराहरू ठोस रूप दिन्छ र हामीलाई नदेखेका

वास्तविकताहरूको विषयमा सुनिश्चित गराउँछ (हिब्रू ११:१)।

## भजन ५५: आफ्नो बोझ परमप्रभुमाथि राखिदेऊ !

पहिले अहितोपेलचाहिँ दाऊदका सबैभन्दा भरपर्दा सल्लाहकारहरूमध्ये एक थिए; तर पछि यिनी तिनको साथ दिन छोड़ेर दलबदल गर्नेहरूको नेता भई राज्य हड़प गर्ने अब्शालोमपट्टि लागे। यस भजनमा त्यही तिक्त वज्रपातले गर्दा दाऊदको हृदय असीम वेदनाले पीड़ित भएको बुझिन्छ। अनि यहाँ यहूदा इस्करयोतीले मुक्तिदाता प्रभुलाई विश्वासघात गरेको सम्बन्धमा उहाँको हृदयमा कस्ता-कस्ता वेदनाका तरङहरू उर्लिरहे, सो विषयमा पनि पढ़िन्छ। अनि यस भजनले यी बाँकी रहेकाहरूको प्रार्थनाको पूर्व-सङ्केत गर्छ, जसले भविष्यमा ख्रीष्ट-विरोधीको षड्यन्त्रअन्तर्गत दुःखकष्ट भोग्नेछन्।

**भजन ५५:१-२[क]:** असीम वेदनाले ग्रसित मानिसको मनमा परमेश्वरको ध्यान आकर्षण गर्ने किसिम-किसिमका शब्दहरूको अभाव र मौलिकताको अभाव हुँदैन। 'कान लगाउनुहोस्' यसको सकारात्मक विन्ती थियो भने 'आफूलाई नलुकाउनुहोस्' भन्ने नामन्जुर गर्ने यसको अनुरोध थियो। 'मतिर ध्यान दिनुहोस्' भनेर तिनको विन्ती सुनिदिने आग्रह गरिएको छ भने 'मेरो विन्ती सुन्नुहोस्' भनेर तिनको पक्षमा कारबाही गरिदिने आग्रह गरिएको छ।

**भजन ५५:२[ख]-५:** त्यसपछि व्यक्तिगत दुःख र जरुर खाँचोहरूको निम्न हृदयस्पर्शी सूचि पेश गरिएको छः

**क)** दुःख पोख्दै र विलाप गर्दै गरेकोले गर्दा तिनलाई पूरा बेचैनी लागिरहेको

**ख)** शत्रुका चिच्च्याइहरूले गर्दा तिनको ध्यानभङ्ग भएको

**ग)** दुष्टहरूको थिचोमिचोमा परिरहेको

**घ)** तिनीहरूले तिनीमाथि कष्टमाथि कष्टको थुप्रो लगाएको

**ङ)** तिनी तिनीहरूका क्रुद्ध आक्रमण-हरूको शिकार बनेको

**च)** वेदना र पीड़ाले तिनको मन टुटेको

**छ)** आउन लागेको विनाशको आतङ्कले तिनी संत्रस्त भएको

**ज)** रोकेर नरोकिने कम्पनले पीड़ित भएको

**झ)** तिनी त्रासले छोपिएको

**भजन ५५:६-८:** तिनको पहिलो चाहनाचाहिँ आफ्ना सबै कष्टहरूबाट उड़ेर भागिजानु थियो। तिनका पखेटाहरू भए ता हुर्र उड़ेर टाढ़ा उजाड़स्थानमा कहीं तिनले शान्ति पाउनेथिए। चारैतिरबाट आइरहेको प्रचण्ड बतासको भुमरीदेखि उम्कन तिनले हतार गर्नेथिए।

**भजन ५५:९[क]:** तर अब तिनको डरत्रास जल्दो-बल्दो क्रोधमा परिणत भएछ। ती षड्यन्त्रकारीहरूको विश्वासघात र धोकाले गर्दा तिनलाई यति घृणा भयो, कि तिनले परमप्रभुलाई 'नाश गरिदिनुहोस्' भन्ने पुकार गरे। के उहाँले ती दुष्ट मानिसहरूलाई नाश गर्नुपर्नेथियो, अथवा के उहाँले तिनीहरूका दुष्ट युक्तिहरू नाश गर्नुपर्नेथियो, सो तिनको विन्तीबाट स्पष्ट भएन। अनि तिनले 'तिनीहरूको बोलीमा फाटो ल्याउनुहोस्' भनेर परमेश्वरलाई प्रार्थना गरे। हुन सक्छ, परमप्रभुले अहितोपेलको सल्लाह मूर्खतामा परिणत गरेका होऊन् भन्ने दाऊदको प्रार्थना उक्त विन्तीको सन्दर्भ थियो कि (२ शमूएल १५:३१)?

**भजन ५५:९[ख]-११:** जब यिशाईका छोराले आफूले चुनेको र जितेको यरूशलेम शहरलाई हेर्दैथिए, तब तिनले त्यो अत्याचार र झगड़ाले भरिएको देखे। दिनरात यी दुईवटा खराबीहरूले त्यसका पर्खालहरूमाथि घुम-

फिर गरिरहन्थे। शान्ति-नगर अहिले उपद्रव र कष्टले पूर्ण शहर भएछ। त्यो त विनाशको वासस्थान भएछ। शोषण र ठग-वृत्तिले त्यसको हाट र बजार कहिल्यै छोड्दैनथिए, जहाँ न्यायनीति र निष्पक्षता हुनुपर्नेथियो।

**भजन ५५:१२-१५:** तर दाऊदको गुनासोको मुटुचाहिँ तिनको विश्वासघात गरिएको पीड़ा थियो। यदि त्यो अपराधी कुनै सुपरिचित शत्रु भएको भए बरु त्यो पीड़ा बढ़ी सहन सक्ने हुनेथियो। यदि ती निन्दाहरू, ती गिल्लाहरू र ती अपमानहरू सर्वेसर्वा विरोधीबाट आएका भए भजनकारले त्यससित कुनै सरोकार राख्नेथिएनन्। तर त्यो त तिनको आफन्त, तिनको चिनारु र तिनले प्रिय मानेको तिनको भरपर्दो मित्र पो थियो, जसले तिनको पिठ्यूँमा त्यो छुरी रोपेको थियो। त्यो त उही थियो, जससँग एक समयमा भजनकारले परमेश्वरको भवनका चोकहरूमा एकसाथ हिँड़डुल गर्दै मीठो सङ्गति गर्थे। त्यस मानिस र त्यसको पछि लाग्ने त्यसका अनुयायीहरूको बेइमानी तिनीहरूको अचानक मृत्युको योग्य अपराध थियो। तिनीहरू जीवितै अधोलोकमा पुग्ने भए। श्री जेलिनोको अनुवादअनुसार 'तिनीहरूका घरहरूमा र तिनीहरूका हृदयहरूको तहमा दुष्टताले वास गरेको हो।'

**भजन ५५:१६-२१:** तर दाऊदको मनमा यत्रो आवेगको खलबली मच्चिरहेको बेलामा पनि तिनलाई प्रार्थनाको उत्तरमा सहायता पाउने निश्चयता भएको थियो। बेलुका, बिहान र दिउँदो सुस्केरा र सुँक्कसुँक्कको साथ परमेश्वरकहाँ चढ़ाइएको तिनको प्रार्थना मुक्तिदाताको कानमा पुग्ने नै छ। दाऊदको विरोधमा मोर्चा बाँध्ने शत्रुहरूको सङ्ख्या धेरै थियो; तर तिनी यस लड़ाइँबाट विजेता भएर निस्कनेछन् र तिनको जीतको माल शान्ति हुनेछ। हो, अनादिदेखि अनन्तसम्म सिंहासनमाथि विराजमान हुनुहुने परमेश्वरले सुन्नुहुनेछ र तिनका शत्रुहरूलाई कष्ट दिनुहुनेछ। तिनीहरूको योग्य सजाय यही हुनेछ; किनकि तिनीहरूमा कुनै मनको परिवर्तन छैन र तिनीहरूसँग परमेश्वरको डर पनि छैन। विश्वासघातीको दण्डको आज्ञा यस्तो छ – त्यस अन्तरङ्ग मित्रको, जसले आफ्ना साथीसङ्गीहरूको हानि गर्न आफ्नो हात उठायो र मित्रताको करार र आस्था भङ्ग गऱ्यो। त्यसको मुखका शब्दहरू घिउभन्दा चिल्ला थिए, तर खास गरी ती नाङ्गा तरवारहरू थिए।

**भजन ५५:२२:** यहाँ बाइस पदमा हामी भजन पचपन्नको सुनौलो चरमसीमा आइपुग्यौं।

*'तिम्रो बोझ परमप्रभुमाथि राखिदेऊ, र*
*उहाँले तिमीलाई सम्हाल्नुहुनेछ;*
*उहाँले धर्मी जनलाई कहिल्यै डग्न दिनुहुनेछैन।'*

भजनकारले यो बुझे, कि सङ्कष्टको समयमा दुःखकष्टहरूबाट भाग्नु सर्वोत्तम तरिका होइन रहेछ, तर बोझ परमप्रभुमाथि राखिदिनु हुँदो रहेछ। विशप जर्ज होर्नले हाम्रो सामु राखिदिएको सुन्दर पाठ हामी सिकौंः

> 'बितेको समयमा हाम्रा पापहरू र शोकहरू उठाएर क्रूसमा बोक्नुभएको प्रभु येशूको अनुरोध यस प्रकारको छः अहिले र सधैं हामीले उहाँलाई हाम्रा फिक्रीहरूको बोझ बोक्न दिनुपर्छ।'

**भजन ५५:२३:** निर्ममताको साथ हत्यारा र विश्वासघातीहरूको अकाल मृत्यु हुनेछ। अहितोपेलको मृत्यु यस्तो थियो (२ शमूएल १७:१४ र २३) र यहूदा इस्करयोतीको मृत्यु यस्तै थियो (मत्ती २७:५)। तर परमेश्वरका जनहरूहो, परमेश्वरमाथि भरोसा गर्नुहोस् र ढुक्क हुनुहोस्; किनभने उहाँले तपाईंलाई बचाउनुहुन्छ।

## भजन ५६ः परमेश्वर मेरो पक्षमा हुनुहुन्छ

आफ्नै देशवासीहरूदेखि भागेर गातमा पलिस्तीहरूको बीचमा शरण लिनुपरेको अनुभव दाऊदको निम्ति एउटा तीतो अनुभव थियो (१ शमूएल २१ः१०-१५, २७ः४ र २९ः२-११); तर राजा शाऊलको तीव्र वैरभाव र दुश्मनले तिनलाई बाध्यै तुल्याएको थियो; तिनलाई यस्तै लागेको थियो। त्यस समयमा तिनी घरि डरले त्रस्त र घरि विश्वासले आँटिला भएका थिए। भजन ५६ मा तिनले आफूमाथि उर्लेर आएको यो अनुभव बयान गरेका छन्।

**भजन ५६ः१-२ः** यस भजनको शुरुमा दाऊदले आफ्नो खेदो गर्ने शत्रुहरूको निरन्तर सतावटले गर्दा अनुग्रहकारी परमेश्वरको सहायता पाऊँ भन्ने प्रार्थना गर्छन्। यी विरोधीहरूबाट तिनलाई दिनहुँ तीन प्रकारका डर हुने गर्थेः

**क)** *भजन ५६ः१ः* त्यसले तिनलाई सताइरहेको थियो।

**ख)** *भजन ५६ः२ः* तिनका शत्रुहरूले तिनलाई निल्न खोज्दैथिए।

**ग)** *भजन ५६ः५ः* तिनीहरूले तिनका वचनहरू टेढ़ा पार्थे।

तिनका शत्रुहरूले तिनलाई बड़ो धम्कीको साथ आक्रमण गर्थे, निरन्तर तिनको विरुद्धमा युक्ति रच्थे र दलबन्दी गर्थे, तिनीमाथि झम्टन ढुकिरहन्थे र नित्य तिनको चियोचर्चा गर्थे (५६ः२, ५ र ६)। त्यो त हददेखि बाहिरको काण्ड भएको जस्तो देखिन्थ्यो।

**भजन ५६ः३ः** तर विश्वासले त्यो निराशापूर्ण अन्धकार फटाइदिन्छ र आश्वस्त उद्‌घोषणा गर्छः *'जुन बेलामा मलाई डर लाग्छ, त्यस बेलामा म तपाईंमाथि भरोसा राख्नेछु।'* श्री फ्रान्ज डेलित्जले यस प्रकारको भरोसा यसो भनेका छन्ः 'यो एकजना शरणार्थीको कत्रो प्रफुल्ल साहस हो।' तिनको यो साहस परमेश्वरको चरित्रमाथि आधारित र उहाँका प्रतिज्ञाहरूको विश्वासयोग्यतामाथि आश्रित थियो। परमेश्वर हाम्रा सबै शत्रु-हरूभन्दा शक्तिशाली हुनुहुन्छ, र उहाँले हामीलाई हानिबाट जोगाउँछु भन्ने प्रतिज्ञा गर्नुभएको छ। उहाँले हाम्रो वरिपरि लगाइ-दिनुभएको सुरक्षाको पर्खालबाट उहाँको अनुमतिविना कोही पनि र केही पनि छिर्न सक्दैन। यसैकारण हामी नडराईकन परमेश्वरमाथि भरोसा राख्न सक्छौं।

**भजन ५६ः४-६ः** 'जाबो मानिसले मलाई के गर्न सक्छ र?' भन्ने यस साहसिलो चुनौतीले तर्कबाट यो जवाफ पाउन सक्छः 'मानिसले तँलाई धेरै गर्न सक्छ। मानिसले सताउन सक्छ, क्षति गर्न सक्छ, अपाङ्ग बनाउन सक्छ, गोली हान्न सक्छ र मार्न सक्छ।' तर खास कुरा यस्तो छः परमेश्वरको छोरा वा उहाँको छोरीको काम पूरा नभएसम्म ऊ अमर रहन्छ। अनि मुक्तिदाता प्रभुको यस वचनको आधारमा दाऊदको निर्भयता कहाँबाट आयो, सो झन् स्पष्ट बुझिन्छः

*'अनि शरीरलाई मार्ने, तर प्राणलाई चाहिँ मार्न नसक्नेहरूसँग नडराओ; तर बरु उहाँसँग डराओ, जसले आत्मा र शरीर दुवैलाई नरकमा नाश गर्न सक्नुहुन्छ'* (मत्ती १०ः२८)।

**भजन ५६ः७ः** तिनलाई बिलकुल नाश गर्ने तिनका शत्रुहरूका सबै परिकल्पित दुप्रयासहरू पेश गरेपछि दाऊदले परमेश्वरलाई यसो पुकारेः 'हे परमेश्वर, आफ्नो क्रोधमा ती मानिसहरूलाई ढालि-दिनुहोस्!' तिनले उहाँलाई तिनीहरूको धोकाबाजीको बदला लिइदिने अनुरोध गरे।

**भजन ५६ः८ः** हामीप्रति हाम्रा प्रभुको संवेदनशील, व्यक्तिगत वास्ता कस्तो छ? यस पदमा यसको सुन्दर बयान पढ्नुहोस्!

उहाँ हामी भागी-भागी हिँड़ेका बरालाइहरूको हिसाब राख्नुहुन्छ, अनि राति बेचैनीमा हामीले कोल्टे फेरेको उहाँ गन्ती राख्नुहुन्छ। हामीले शोकमा बहाएका हाम्रा आँसुहरूको एक-एक कारण के हो, सो विषयमा उहाँ बढ़ी चासो राख्नुहुन्छ, यहाँसम्म कि उहाँले हाम्रा आँसुहरू आफ्नो बोतलमा राख्नुहुँदो रहेछ। हुन सक्छ, यहाँ शोक मनाउनेहरूको प्राचीन दस्तुरको सङ्केत झल्किन्छ कि? यस दस्तुरअनुसार शोक गर्नेहरूले मरेको प्रियजनको निम्ति बहाएका आँसुहरू एउटा सानो बोतलमा हाले र तिनीहरूले मृतकलाई कति माया गरेका थिए, त्यसको सम्झनाको निम्ति यो बोतल मृतकको चिहानमा राख्ने गर्थे। जेजस्तो भए पनि परमेश्वरले हाम्रा आँसुहरूको हिसाब एउटा पुस्तकमा लेखिराख्नुहुन्छ, जसरी प्रभु येशूले हामीलाई पछि शिक्षा दिनुभयो, कि हाम्रा शिरका केशहरू धरि सबै गन्ती गरिएका छन् (मत्ती १०:३०)।

**भजन ५६:९:** दाऊदसँगै हामी पनि यस कुरामा निश्चित हुन सक्छौंः हाम्रा प्रार्थनाको उत्तरमा परमेश्वरले हाम्रा शत्रुहरूलाई पछि हट्न लाउनुहुन्छ। हामीलाई यो कुरा किन थाह छ? किनकि परमेश्वर हाम्रो पक्षमा हुनुहुन्छ। अनि परमेश्वर हाम्रो पक्षमा हुनुहुन्छ भने, कोचाहिँ हाम्रो विरोधमा सफल हुन सक्छ? (रोमी ८:३१)।

> 'आखिरमा हाम्रो जीवनमा एउटै महत्त्वपूर्ण प्रश्न मात्र रहन्छ, जसको तुलनामा अरू सबै प्रश्नहरू मुख्य हुँदैनन्, अनि यो प्रश्न यस्तो छः "के परमेश्वर हाम्रो पक्षमा हुनुहुन्छ?" अन्तमा दाऊद परमेश्वरप्रति पूरा आश्वस्त भए। अनि परमेश्वरप्रति आश्वस्त भएको मानिस निडर हुन्छ (भजन ५६:११)।'
>
> स्क्रिप्चर यूनियनका दैनिक पाठहरूबाट उद्धृत

**भजन ५६:१०-११:** चार पदचाहिँ यहाँ दस र एघार पदमा यसको दोहोरिएको कोरस भएछ। तर यसपालिचाहिँ तिनले परमेश्वरको निम्ति दुईवटा नामहरू प्रयोग गरे, जस्तैः

'**परमेश्वर**मा म उहाँको वचनको प्रशंसा गर्नेछु;
**परमप्रभु**मा म उहाँको वचनको प्रशंसा गर्नेछु;
**परमेश्वर**माथि मैले भरोसा राखेको छु; म डराउनेछैनँ।
मानिसले मलाई के गर्न सक्छ?'

भजनकारले यहाँ सर्वशक्तिमान् परमेश्वरको प्रतिज्ञाको प्रशंसा गर्दा रहेछन्, अँ, करारबद्ध परमप्रभु परमेश्वरको वचनको प्रशंसा गर्दा रहेछन्, किनकि तिनी उहाँको सुरक्षामा पूरा निश्चित भएका थिए र कमजोर मानिसमा तिनको क्षति गर्ने क्षमता अति क्षुद्र सम्झेर तिनले त्यसको खिल्ली उदाए।

**भजन ५६:१२-१३:** भावी छुटकाराको विषयमा हालैमा पाएको निश्चयताले दाऊदलाई बाध्य तुल्यायोः तिनले जसरी भए पनि परमप्रभुको निम्ति गरेका आफ्ना भाकलहरू पूरा गर्नुपरेको थियो र उहाँप्रति कृतज्ञतारूपी ऋण चुकाउनुपरेको थियो। तिनी अझै पनि शत्रुको इलाकामा थिए, तर तिनले पूर्ण छुटकाराको आशिष उपभोग गरिरहेका थिए। तिनको ज्यान बाँचेको थियो, र तिनका पाउहरू ठेस लाग्नदेखि जोगिए; यसकारण तिनले परमेश्वरको उपस्थितिमा निरन्तर जीवनको ज्योतिमा हिँड़डुल गर्न सके।

## भजन ५७: उहाँका पखेटाहरूको छत्रछायामा

यो भजन लेख्दाखेरि दाऊद शाऊलदेखि भागेर कि त अदुल्लामको गुफामा, कि त एन-गदीको कुनै गुफामा लुके। अनुग्रहकारी परमेश्वर र डरलाग्दो शत्रु – यी दुईवटा मूल

तत्त्वहरू सधैं तिनको सामु हुन्थे। यस भजनमा कुरा पिङ खेलेझैं यी दुईजनाको बीचमा अघि-पछि जान्छ। तर दाऊदमा परमेश्वरमाथिको तिनको विश्वासचाहिँ तिनको शत्रुदेखि लागेको डरभन्दा ठूलो थियो; यसकारण तिनको विश्वासको ओजनले त्यो अघि-पछि हुने चाकाचुली अन्तमा परमेश्वरपट्टि ढल्काउँछ।

**क) भजन ५७:१-३: सदा उपस्थित रहनुहुने परमेश्वर**

यहाँ भजनकार छुटकारा आफ्नो हक सम्झेझैं सीधा आएर परमेश्वरबाट छुटकाराको माग गर्दैनन्। तर तिनले त्यो छुटकारा उहाँबाट कृपाको दानको रूपमा, उहाँको दयाबाट पल्हाएको बेहकको आशिषको रूपमा माग्छन्। यस ओड़ारमा आफ्नो वरिपरि भएको त्यो चिसो, अँध्यारो परिवेश ध्यानमा नराखेर तिनले आफूलाई परमेश्वरका पखेटाहरूको छत्रछायामनि शरण पाएको महसुस गर्छन्, कुखराको पोथीका पखेटाहरूमनि गुटुमुटु परेको चल्लाझैं। अनि जीवनका आँधीबेह्रीहरू पार नहोउन्जेल तिनी त्यहीं रहनेथिए। अनि आफ्नो यस सौभाग्य-शाली शरणस्थानबाट र उहाँको घनिष्ठ सङ्गतिमा रहेको महसुस गरेर तिनले परमप्रधान परमेश्वरलाई पूरा भरोसाको साथ पुकार्छन्; किनकि कुनै मानिसले र कुनै कुराले पनि उहाँलाई उहाँका जनहरूका जीवनमा उहाँका उद्देश्यहरू पूरा गर्नदेखि रोक्न सक्दैन। अनि जब स्वर्गबाट प्रार्थनाको उत्तर आउँछ, तब हृदयदेखि परमप्रभुमाथि भरोसा गर्नेलाई छुटकारा मिल्नेछ, तर तिनलाई कीमा बनाउन खोज्ने तिनका थिचोमिचो गर्नेहरूको अनादर हुनेछ। अनि त्यो दिव्य छुटकाराचाहिँ परमेश्वरको प्रेम र विश्वसनीयताको कहिल्यै भुल्न नसकिने प्रदर्शनी हुनेछ।

**ख) भजन ५७:४: जहिले पनि उपस्थित भएको शत्रु**

तिनका शत्रुहरू डरलाग्दा छन्, चिथोर्ने र निल्ने जङ्गली पशु र हिंस्रक सिंहहरूजस्ता छन्। ती मानिसहरूका भाला र काँड़हरूजस्तै दाँतहरू छन् र धारिला तरवारहरूजस्ता जिब्राहरू छन्। तर दाऊद त्यस्तो खतराको बीचमा आराम गर्न सुत्छन्। साँच्चै यो कति अद्भुत विश्वास हो!!

**ग) भजन ५७:५: सदा उपस्थित रहनुहुने परमेश्वर**

*'हे परमेश्वर, तपाईं आकाशभन्दा पनि उच्च हुनुहोस्; तपाईंको महिमा सारा पृथ्वीभन्दा उच्च होस्!'* यो पद एघार पदमा दोहोरिएको कोरस हुनेछ। यस स्थितिमा दाऊदले परमेश्वरको महिमा प्रकट भएको हेर्न चाहन्छन्: उहाँका शत्रुहरू परास्त भएका होऊन् र उहाँको मामिलाको उचित न्याय भएको होस्! उहाँको महिमाको लमाइ, चौड़ाइ र उचाइ व्यापक हुनैपर्छ, पृथ्वीभरि र आकाशसम्म पुग्नैपर्छ।

**घ) भजन ५७:६: जहिले पनि उपस्थित भएको शत्रु**

विरोधीहरूले यिशाईका छोरालाई पासोमा पार्न चलाकीपूर्ण धूर्त युक्तिहरू रचे। तिनको प्राण गह्रौं भारीले थिचिएर झुकेको थियो। हो, तिनीहरूले तिनलाई फसाउन र पक्राउ पार्न एउटा खाड़ल खनेका थिए, तर तिनीहरू आफै त्यसमा खसे।

**ङ) भजन ५७:७-११: सदा उपस्थित रहनुहुने परमेश्वर**

तब भजनकारको हृदय परमप्रभुको निम्ति मीठो रागमा स्तुति गाउन स्थिर भएकोमा

अचम्म कुरा छैन। तिनले आफ्नो मन जगाउँछन् अनि सितार र वीणा निकाल्छन्; यसमा हामीलाई अचम्म लाग्दैन। प्रशंसाका गीतहरूको साथ तिनले मिरमिरे बिहानीलाई स्वागत गर्छन्, यो स्वाभाविक कुरा हो।

तिनको यो गान एउटा निजी भजन-कीर्तन हुनेछैन। किनकि तिनले जाति-जातिका मानिसहरूको बीचमा परमप्रभुलाई धन्यवाद चढ़ाउनेछन् र राज्य-राज्यको बीचमा स्तुतिहरू गाउनेछन्; किनभने परमेश्वरको कृपा आकाशझैं अनन्त र उहाँको सत्यता बादलहरूझैं असीमित हुन्छ।

श्री एफ. बी. मेयेरले यस प्रकारको टिप्पणी गरेका छन्ः

> 'दाऊद परमेश्वरको महिमाको चाहना गरेर आफ्नो व्यक्तिगत दुःखदेखि माथि उठे, त्यसरी नै हामीले पनि उहाँ उच्च पारिनुभएको देख्ने उत्कट चाहना गरेर आफ्ना सानातिना दुःखहरू यसको ठूलो लक्ष्यको अधीनतामा ल्याउनुपर्छ।'

## भजन ५८ः न्यायकर्ताहरूको न्याय भएको

**भजन ५८ः१-२ः** यस भजनको शुरुमै अधर्मी न्यायकर्ताहरू र शासकहरूको विरुद्धमा सशक्त विरोध गरिएको छ। यस पृथ्वीका शक्तिशाली शासकहरूको निम्ति निक्कै अप्ठ्यारो भएछ। के तिनीहरूका न्यायका फैसलाहरू निष्पक्ष भए त? के तिनीहरूले साधारण जनताको सठीक न्याय गरे? यसको सुस्पष्ट जवाफ 'अहँ, गरेनन्' हो। तिनीहरूले बरु आफ्ना हृदयमा सबै प्रकारका टेढ़ामेढ़ा कुराहरू रच्थे। तिनीहरूले आफ्ना हृदयमा रचेका अत्याचार तिनीहरूका हातहरूले पूरा गर्थे। यसैले देश अन्यायले भरियो र भ्रष्ट भएछ।

**भजन ५८ः३ः** अब सन्दर्भ ती बेइमान शासकहरूदेखि अरू दुष्ट मानिसहरूतिर सर्छ, किनकि यी शासकहरू पनि यही वर्गका मानिसहरू हुन्थे। तिनीहरूको भ्रष्टता तिनीहरूको जीवनका वर्षहरू बढ़ेको फल होइन; त्यो त तिनीहरूको जन्मजात अवगुण रहेछ। तिनीहरूको अराजकता, अनुशासन-हीनता र बागीपन त जन्मैदेखिको तिनीहरूको स्वभावै हो। तिनीहरू बोल्न थालेको दिनदेखि नै ढाँट्न पनि थालिहाल्छन्।

**भजन ५८ः४-५ः** तिनीहरूको बोली निन्दापूर्ण र साँपको घातक विषजस्तै हानिकारक हुन्छ। तिनीहरूका कानहरू परमेश्वरको वाणी नसुन्ने गरी बहिरा छन्; तिनीहरू त सपेराले जति सीप लगाएर मोहनी लाउँदा पनि सुन्दै नसुन्ने बहिरा साँभेसाँपहरू-जस्तै छन्।

**भजन ५८ः६-७ः** अनि जसरी दाऊदले यी मानिसहरूको दुष्टता वर्णन गर्न प्रकृतिबाट उदाहरण लिए, त्यसरी नै तिनले तिनीहरूको न्याय बयान गर्दा उचित शब्द-चित्रणहरू पाउन प्रकृति-विज्ञानको सहारा लिन्छन्। ती हिंस्रक सिंहहरूका दाँत भाँचिऊन् र तिनीहरूका दाह्राहरू उखेलिऊन्। ती मानिसहरू जमिनभित्र छिट्टै सोसिएर जाने पानीजस्तै होऊन्, अँ, हेर्दा-हेर्दै भूमिभित्र हराइहाल्ने खोलाजस्तै होऊन्।

हिब्रूमा सात पदको ख) खण्ड अनिश्चित छ, यस वाक्यको अर्थ यो हुन सक्छः 'तिनीहरू टुप्पा काटिएका काँड़हरूजस्तै भुत्ते र हानिकर नभएका होऊन्।'

**भजन ५८ः८ः** त्यसपछि चिप्ले कीरा जगत्को भाषा प्रयोग गरिन्छ। जसरी चिप्ले कीरा च्यालजस्तो सेतो रेखा छोड्दा-छोड्दै पग्लिजान्छ, त्यसरी नै ती अपराधीहरू पनि मानिसहरूका अड्डाबाट हराएर जाऊन्। के चिप्ले कीरा च्याल छोड्दा-छोड्दै बिल्छ र? यसको अक्षरशःता महत्त्वहीन कुरा हो।

किनकि हामीले 'जलिरहेको घर धूवाँ भएको' भन्दा कसैले पनि आपत्ति जनाउँदैन। यसकारण पवित्र बाइबलमा प्रयोग गरिएको सङ्केतात्मक वा आलङ्कारिक भाषाको विषयमा किन वादविवाद गरिबस्ने ?

अर्को श्राप यस प्रकारको छः ती कुकर्मीहरू कहिल्यै घाम देख्न नपाएको स्त्रीको तुहेको गर्भको फलजस्तै अकालमै मरून्। तिनीहरूको विषयमा श्री स्क्रोग्गीले यसो भनेका छन्ः

> 'यी दुष्ट मानिसहरूका आँखाहरू कहिल्यै खोलिएनन्, र तिनीहरूका सम्भव्यताहरू पनि कहिल्यै विकसित भएनन्। यसो हो भने, पापी मानिस गर्भै तुहेको फल हुँदो रहेछ; कहिल्यै पूरा नहुने एउटा मिथ्या आशा मात्र हो रहेछ।' 41)

**भजन ५८ः९ः** अन्तमा भजनकारले के विन्ती गर्छन् भने, ती दुष्ट मानिसहरू एकाएक उठाएर लगिऊन्, आगो सल्केका, तर पकाउने भाँड़ाले काँड़ाहरूको राप थाह पाउनुभन्दा अघि आँधी-बेह्रीद्वारा स्वात्तै उड़ाएर लगिएका काँड़ाहरूजस्तै। यस सम्बन्धमा श्री ए. म्याक्लारेनले यसो भनेका छन्ः

> 'भजनकारको मनका आँखाको सामु एउटा छाउनी हालेको यात्री-दलले भोजन तयार गर्दै गरेको चित्र देखा परेको जस्तै छ। तिनीहरूले आफ्नो भोक मेटाउन काँड़ेझाङका झिँजा-मिजा बटुलेर भाँड़ा बसाले, तर भाँड़ा तात्तिनुभन्दा अघि, अँ, पानी उम्लेर भोजन पाक्नुभन्दा अघि एउटा भुमरी चलेर आगो-सागो, भाँड़ा-साँड़ा सब स्वात्तै उड़ाइदियो।' 42)

**भजन ५८ः१०ः** यहाँ हिब्रूमा कुनै अनिश्चित कुरा छैन; किनकि सुस्पष्ट रूपले यहाँ लेखिएको छ, कि दुष्टहरूले दण्ड पाउँदा परमेश्वरका जनहरू रमाउनेछन् र दुष्टहरूको रगतमा तिनीहरूले आफ्ना पाउहरू धुनेछन्। हामी इसाईहरूका कानहरूमा यस प्रकारको प्रतिशोधको भावना प्रेमरहित सुनिन्छ भने, हामी श्री जे. जी. बेलेटसँग मिलेर यति भन्छौंः ठिक्कै छ, यस अनुग्रहको युगमा हामी न्यायको विषयमा आनन्द लिँदैनौं होला, तर जब प्रभु येशूले दुष्टहरूसँग बदला लिएर आफ्नो ईश्वरीय महिमा न्यायसँगत र सिद्ध ठहराउनुहुनेछ, तब ख्रीष्ट-विश्वासीहरू रमाउनेछन्। अथवा हामी श्री जी. च्याम्पबेल मोर्गनले भनेका निम्न कुराहरू विचार गरौंः

> 'परमेश्वरको क्रोधको समर्थन गर्नुको सट्टामा बरु भ्रष्ट अत्याचारीहरूप्रति सहानुभूतिको भावना राख्नुचाहिँ निम्सरो भावुकता र दुष्ट दुर्बलता मान्नुपर्छ।' 43)

**भजन ५८ः११ः** भक्तिहीनहरूको न्याय हुँदा मानिसहरूले बुझ्छन्, कि धर्मी जनहरूले इनाम पाउने रहेछन् र वास्तवमा यस पृथ्वीमा न्याय गर्नुहुने परमेश्वर हुनुहुँदो रहेछ।

## भजन ५९ः हामीलाई भेट्न आउनुहुने परमेश्वर

यहाँ, यस भजनमा हस्याङफस्याङ गर्दै गरेका दाऊद परमेश्वरको सिंहासनमा उजुर गर्न पुग्छन्; किनकि शाऊलले दाऊद बसेको घर घेर्न र तिनीमाथि पासो कस्न मानिसहरूलाई पठाएका थिए।

**भजन ५९ः१-४ः** तिनका रापिला शब्दहरूको धारा भल कुदेझैं तिनको मुखबाट निस्किरहेको छः 'मलाई छुटाउनुहोस्, ... मेरो रक्षा गर्नुहोस्, ... मलाई छुटकारा दिनुहोस्, ... मलाई बचाउनुहोस्!' तिनले प्रयोग गरेको भाषा जोरदार, हड़बड़े, अत्यन्त जरुरी थियो; किनभने ती भक्तिहीन मानिसहरू तिनको रक्तपात गर्न खोज्ने खूनी मानिसहरू थिए। तिनको हत्या गर्न तिनीहरूले निरन्तर मौका खोजिरहेका थिए। तिनलाई शेष पार्ने तिनीहरू एक मनका भएका

थिए । तर कुनै खास कारणविना नै तिनीहरूले यसो गरिरहेका थिए। तिनी राजद्रोह र विश्वासघातको यस आरोपदेखि निर्दोष थिए, जुन आरोप तिनीहरूले तिनीमाथि लगाएका थिए । तिनको कुनै दोषैविना तिनीहरू तिनको विरुद्धमा उत्तेजित भएका थिए, र के-के जोरजाम गर्दैथिए। अब अरू कुनै सीपै चल्दैन, अब परमेश्वर जाग्नुपर्छ, र उहाँले दाऊदको छुटकारा गर्नुपर्छ ।

**भजन ५९ः५ः** तर एक क्षणको निम्ति यिशाईका पुत्रले आफ्ना व्यक्तिगत शत्रुहरूदेखि आफ्नो नजर इस्राएलका सबै शत्रुहरूमाथि लगाएको जस्तै देखिन्छ; अनि 'तिनीहरूलाई सजाय दिएर तिनीहरूसित पूरा कारबाही गर्नुहोस्' भनेर परमेश्वरलाई पुकार गरेका छन्। यहाँ तिनले परमेश्वरलाई 'परमप्रभु', 'सेनाहरूका परमेश्वर' र 'इस्राएलका परमेश्वर' भनेर सम्बोधन गरेका छन्; तिनले परमेश्वरका यी तीनवटा नामहरू किन मुखमा लिएका छन् ? किनभने यसरी तिनले परमेश्वर उहाँको मूलभूत तत्त्व र व्यक्तित्व खास के-कस्तो हुनुहुन्छ, र विशेष गरी इस्राएली जातिसितको सम्बन्धमा उहाँ को हुनुहुन्छ, सो सबै कुरा व्यक्त गर्न खोजेका हुन् ।

**भजन ५९ः६-७ः** मालिक नभएका, स्यालजस्तै कराउने कोर्काली कुकुरहरूको हूलझैं तिनका शत्रुहरू तिनलाई चारैतिरबाट घेर्न फर्केछन्, अँ, घात लगाउने चाल मारेर तिनको वरिपरि घुमफिर गरेछन् । तिनीहरूको निरन्तर भुकाइ र ङ्यार-ङ्यार गर्जेको आवाजले वातावरण काबू बनाइदिन्छ । तिनीहरू घमण्डले यति साह्रै फुलेका छन्, कि तिनीहरू 'हामीलाई कसैले पनि पत्ता लाउन सक्दैन' भनी फुटानी गर्छन् ।

**भजन ५९ः८-९ः** तर परमप्रभु तिनीहरूसित सुपरिचित हुनुहुन्छ र तिनीहरूको बेहोसी मूर्खता देखेर उहाँ खिसी गरेर हाँस्नुहुन्छ। उहाँ उही परमेश्वर हुनुहुन्छ, जसले माथिबाट हेरेर सेखी गरिरहेका अन्यजातिहरूको ठट्टा गर्नुहुन्छ । उही महान् परमेश्वर दाऊदको बल हुनुहुन्छ; तिनी उहाँकै बाटो हेर्छन्; अनि उहाँ तिनको उच्च गढ़ हुनुहुन्छ ।

**भजन ५९ः१०ः** एकजना भाइले यस पदको खण्ड क) यस प्रकारको स्मरणीय भावानुवाद गरेका छन्ः 'मेरा परमेश्वर आफ्नो दया लिएर मलाई जहींतहीं, जीवनको हरेक मोड़मा भेट्न आउनुहुनेछ ।' हरेक युगमा यस कुराले आँधीबेह्रीको चपेटामा परेकाहरूलाई ठूलो सान्त्वना दिन्छ। यस निश्चयतासित मिल्ने जोड़ी के होला त ? यो हाम्रा शत्रुहरूको हार देख्न पाउन परमेश्वरले हाम्रो रक्षा गर्नुहुनेछ भन्ने ज्ञान पो हो ।

**भजन ५९ः११-१३ः** एघार पदको प्रार्थना अद्वितीय छ। किनकि 'शत्रुलाई तत्कालै मारिनहाल्नुहोस्' भनेर दाऊद परमप्रभुलाई विन्ती गर्छन्। इस्राएलीहरूले पापको गम्भीरता किन हल्का लिने मौका पाऊन् ? दण्डचाहिँ एक पछि अर्को गर्दै दिइयो भने परमेश्वरको कठोरताको प्रभाव नमेट्ने गरी तिनीहरूमाथि अङ्कित हुनेछ । तर पढ़्दै जानु हो भने कुरा स्पष्ट छ, कि दाऊदले आफ्ना खेदो गर्नेहरूको सम्बन्धमा उल्लेख गरेका डरलाग्दा सजायहरूको सूचिमा तिनीहरूको सत्यानाश पनि समावेश गरिएको छ। परमेश्वरको शक्तिले तिनीहरूलाई छरपस्ट पारोस्, र इस्राएली जातिको ढाल र रक्षक हुनुहुने परमप्रभुले तिनीहरूलाई ढालिदिऊन् – यो तिनको प्रार्थना थियो । तिनीहरू आफ्नो घमण्डको चरमसीमामा पुगेको बेलामा पक्राउ परून्, र आफ्ना पापले पूर्ण, दुष्ट शब्दहरूको निम्ति तिनीहरूले लेखा दिनुपरोस् – यो तिनको अनुरोध थियो। अन्तमा, तिनीहरू आफूले बोलेका श्राप र झूटा बोलीवचनको खातिर बिलकुल नाश होऊन् भनेर तिनी

प्रार्थना गर्छन्। तब परमेश्वरले साँच्चै याकूबका सन्तानहरूको ख्याल राख्नुहुँदो रहेछ भनी संसारका पूर्वदेखि पश्चिमसम्मका मानिसहरूले बल्ल-बल्ल जान्नेछन्।

**भजन ५९ः१४-१५ः** तर यस अन्तरालमा भजनकारका शत्रुहरू, यी कुकुरहरू तिनको खोजीमा शहर फर्केछन्। तिनीहरू घात लगाउने चाल मारेर ङ्यार-ङ्यार गर्जदै र स्यालजस्तै कराउँदै हिँड्छन् र तिनलाई नभेट्टाएपछि रिसले चूर हुन्छन्।

**भजन ५९ः१६-१७ः** यी कुकुरहरू साँझ-भरि ङ्यार-ङ्यार गर्जिरहेका हुन्छन्, तर यिशाईका पुत्रले बिहानै गीत गाइरहेका हुन्छन्। तिनले परमप्रभुको शक्ति र कृपाको प्रशंसा गरिरहेका हुन्छन्; किनकि तिनको ठूलो खाँचोको समयमा उहाँले आफूलाई तिनको उच्च गढ़ र शरणस्थान हुनुभएको कुरा प्रमाणित गर्नुभएको छ। अनि ठीक त्यस्तै परमेश्वरका सबै जनहरूको निम्ति त्यही सुनौलो बिहानी आइरहेको हुन्छ, जुन बिहानीमा उनीहरूका शत्रुहरू गइसकेका हुनेछन्, र मुक्तिदाता प्रभुको शक्ति र प्रेम अनन्त स्तुतिगानको विषय बन्नेछ।

## भजन ६०ः परमप्रभुमा हाम्रो आशा छ

यस भजनको शीर्षकअनुसार यसको ऐतिहासिक पृष्ठभूमिचाहिँ यही होः दाऊदले नहरैम अर्थात् मेसोपोटामियाका अरामीहरू र जोबाहका अरामीहरूसँग लड़ाइँ गरेका रहेछन्, र फर्केर आउँदा योआबले नुनको बेंसीमा बाह्र हजार एदोमीहरूलाई मारे। अनि यसो हेर्दाखेरि सिरिया र एदोमसितको यस लड़ाइँमा दाऊदले हार खानुपर्ला जस्तै एउटा रोकावट आएको अथवा अस्थायी असफलता भएको हुनुपर्ला, जसले गर्दा तिनलाई गुहार माग्नको निम्ति अति जरुरी अर्जी गरेर स्वर्गका ढोकाहरू ढकढक्याउन करै लाग्यो (२ शमूएल ८ः३-१४)।

यस भजनको रूपरेखा यस प्रकारको छः

**क) भजन ६०ः१-४ः** इस्राएली जातिको यो हार परमप्रभुबाटै भएको थियो।

**ख) भजन ६०ः५ः** इस्राएलको आशा परमप्रभुमा थियो।

**ग) भजन ६०ः६-८ः** परमप्रभुले आफ्नो प्रतिज्ञाअनुसार तिनीहरूलाई अन्तमा विजय दिनुहुने रहेछ।

**घ) भजन ६०ः९-११ः** इस्राएली जातिलाई परमप्रभुको आवश्यकता परेको थियो।

**ङ) भजन ६०ः१२ः** परमप्रभुमाथि इस्राएली जातिको दृढ़ भरोसा भएकै थियो।

### क) भजन ६०ः१-४ः इस्राएली जातिको यो हार परमप्रभुबाटै भएको थियो।

**भजन ६०ः१-३ः** एदोम र अरामको संयुक्त सेनाले मारेका र घाइते पारेकाहरूका समाचारहरू अध्ययन गर्दै-गर्दा दाऊदले यस दुर्गतिमा परमप्रभुले आफ्ना जनहरूलाई त्याग्नुभएको लक्षण देखे र यस प्रकारको अर्थ लगाए। तिनको विचारमा, यस दुर्गतिको एकमात्र अर्थ परमेश्वरले इस्राएललाई रद्द गर्नुभएको मतलब हुन सम्भव थियो। उहाँले आफ्नो रिसमा यस जातिको सुरक्षाको पर्खाल तोड़िदिनुभयो र यसलाई असहाय अवस्थामा छोड़ेर यसलाई शत्रुका निर्दय हमलाहरूको तारो तुल्याइदिनुभयो। तब के, के यो परमप्रभुको निम्ति फेरि कृपा देखाउने सबैभन्दा असल समय थिएन र? के यो शत्रुको प्रहारमा परेका, उहाँका हार खाएका सेनाहरू पुनर्स्थापित गर्ने सर्वोत्तम बेला भएको थिएन र?

इस्राएलको हालत कस्तो थियो? त्यो त एउटा ठूलो भुइँचालो चलेर देश छिन्नभिन्न

पारिएको जस्तो थियो। राष्ट्रको आर्थिक, राजनीतिक र सामाजिक जगहरू तोड़िएका छन्। समाजका पर्खालहरूमा धाँजाधाँजै परेर ती ढलपल भएका छन्। अहो, परमप्रभुले ती धाँजाहरू पुरेर आफ्ना जनहरूलाई सामान्य स्थितिमा फर्काइल्याउनुभएको भए कति असल हुनेथियो !

सारा जनता एउटा अग्नि-परीक्षाबाट भएर गयो। अनि कष्ट र हाररूपी मद्यले तिनीहरूलाई मतवालाझैं धरमराउने तुलायो।

**भजन ६०ः४ः** मूलपाण्डुलिपिमा पनि यस पदको अर्थ अस्पष्ट छ। यसकारण एन.के.जे.वी.-बाइबलले अनुवाद गरेजस्तै यस पदको अर्थ यस प्रकारको हुन सम्भव छः 'सत्यताको खातिर त्यो झण्ड फरफराओस् भन्ने उद्देश्यले तपाईंले आफ्ना डर मान्नेहरूलाई एउटा झन्डा दिनुभएको छ।' तर आर.वी.-बाइबलको किनारामा लगाइएको टिप्पणी-अनुसार यसको अर्थ विपरीत हुन सक्छ, जस्तैः 'तपाईंको डर मान्नेहरूलाई तपाईंले एउटा झन्डा दिनुभएको छ, यस हेतुले कि तिनीहरू धनुको सामुन्नेबाट भाग्न सकून्।' यस दोस्रो अर्थअनुसार परमप्रभुले जुन झण्डा उठाउनुभयो, त्यो झन्डा इस्राएलको निम्ति जीतको झन्डा थिएन, तर हारको चिन्ह, अँ, शत्रुका फौजहरूको सामुन्नेदखि पछि हट्ने सङ्केत दिने चिन्ह पो थियो। तब खुला रूपले व्यङ्ग्य लगाएर दाऊदले यहाँ गुनासो गर्नेथिए।

### ख) भजन ६०ः५ः इस्राएलको आशा परमप्रभुमा थियो।

लाजमर्दो हारको खरानीबाट यो प्रार्थना पैदा भएको छ। भजनकारले आफ्नो सम्बन्धमा र आफ्नो प्रजाहरूको सम्बन्धमा 'तपाईंका प्रियहरू' भन्ने नाम प्रयोग गरेर परमप्रभुबाट छुटकारा, विजय र सङ्गतिको पुनर्स्थापना पाऔं भन्ने माग गर्छन्। 'आउनुहोस्, र आफ्ना मित्रहरूलाई छुटाउनु-होस्! आफ्ना दाहिने हातले सहायता गर्नुहोस् र उत्तर दिनुहोस्!' (जेलिनो)

### ग) भजन ६०ः६-८ः परमप्रभुले आफ्नो प्रतिज्ञाअनुसार तिनीहरूलाई अन्तमा विजय दिनुहुने रहेछ।

**भजन ६०ः६-७ः** यस ग) खण्डमा एउटा ईश्वरीय वाणी पेश गरिएको छ; पवित्रस्थानमा परमेश्वरको निम्न वाणी सुनियोः परमप्रभुले सुदृढ़ संकल्प गर्नुभएको छः उहाँले समस्त इस्राएल देश फेरि आफ्नै अधीनतामा ल्याउनुहुनेछ र आफ्ना अन्यजाति शत्रुहरूलाई हार खुवाउनुहुनेछ।

शेकेम, सुक्कोत, गिलाद, मनस्से, एफ्रैम र यहूदा – यी सबै ठाउँहरू यहूदाको राज्यको क्षेत्रमा परे। परमेश्वरले यी सबै ठाउँहरू आफ्नो निम्ति दाबी गर्नुभएको छ। उहाँले यर्दनको पश्चिममा शेकेम र यर्दनको पूर्वमा सुक्कोतको बेंसी अझै एकपल्ट नाप्दै र बाँड्दै यी ठाउँहरू आफ्नै अधिकारको भाग ठहराउनुहुनेथियो। उहाँले यर्दन-पारिका गिलाद देश र मनस्सेका दुई प्रान्तहरू आफ्नो अधिकारमा ल्याउनुहुनेथियो, जुन प्रान्त-हरूमध्ये एउटाचाहिँ यर्दनदेखि वर र अर्को-चाहिँ यर्दन-पार परेको थियो।

इस्राएलको मध्य भागमा अवस्थित भएको एफ्रैम उहाँको शिरको बल अर्थात् उहाँको तोप हुँदो रहेछ। यसर्थ यस कुलले देशको सुरक्षा राख्ने काममा अगुवाइ गर्दो रहेछ। अनि यहूदाचाहिँ उहाँको राजदण्ड हो; उत्पत्ति ४९ः१० पदमा याकूबले आफ्नो मृत्यु हुने बेलामा गरेको भविष्यवाणीअनुसार यहूदा-चाहिँ सरकारको आसन बन्नेछ।

**भजन ६०ः८ः** त्यसपछि इस्राएलको वरिपरि रहेका यी तीनवटा जातिहरूकहाँ फर्केर परमप्रभुले तिनीहरूमाथि आफ्नो अधिकार दाबी गर्नुहुन्छ। मृत सागरको

दक्षिण-पूर्वपट्टि अवस्थित भएको मोआब देशचाहिँ उहाँको पाउ धुने बाटा हुनेछ। उहाँले एदोममाथि आफ्नो जुत्ता फ्याँक्नुहुनेछ; यसको साङ्केतिक अर्थ कि त बलजफत गरेर त्यो देश आफ्नो अधिकारमा लिएको, कि त तिनीहरूलाई दासत्वमा पारेको, कि त सायद तिनीहरूको तिरस्कार गरेको अर्थ पनि हुन सक्छ। अनि पलिस्ती देशचाहिँ? त्यसले परमेश्वरका न्यायहरूको खातिर विजयको नारा लगाउनेछ।

### घ) भजन ६०:९-११: इस्राएली जातिलाई परमप्रभुको आवश्यकता परेको थियो।

**भजन ६०:९:** यहाँ, यस ठाउँमा बोल्ने व्यक्ति बदली भएको महसुस होइन्छ।[44] यो बोल्नेचाहिँ परमप्रभु हुनु असम्भव देखिन्छ, किनकि उहाँलाई त्यस पर्खालले घेरिएको शहरभित्र ल्याइपुऱ्याउन अरू कसैको सहायता आवश्यक पर्दैन नि। यसो हो भने, हाम्रो विचारमा, यी शब्दहरू दाऊदका शब्दहरू हुनुपर्ला, जसले त्यो दिन देख्ने चाहना गरिरहे, जुन दिनमा एदोमको राजधानी इस्राएलीहरूको हातमा पर्नेथियो। (एदोमको राजधानीको नाम कुनै बेलामा बोज्रा, अरू बेलामा सेला र पेट्रा पनि भएको थियो)। तर यहाँ त्यस शहरले एदोमको समस्त देशको ठाउँ लिएको छ। एदोम देशमाथि आफ्नो जुत्ता फ्याँक्न परमेश्वरको जुन उद्देश्य छ, त्यो उद्देश्य पूरा गर्ने माध्यम बन्न दाऊदले ठूलो इच्छा र चाहना गरे।

**भजन ६०:१०:** तर यस घड़ीमा यस प्रकारको आशा राख्नु व्यर्थ कुरा ठहरियो; किनकि परमेश्वरले आफ्ना जनहरूदेखि आफ्नो अनुहार लुकाउनुभयो। उहाँले तिनीहरूलाई त्याग्नुभयो। उहाँले इस्राएली सेनाहरूलाई विजयको भरपत्यारको रूपमा साथ दिनुहुन्नथियो।

**भजन ६०:११:** यही कारणले दाऊदले परमेश्वरसित फेरि एकचोटि सङ्कष्टमा परेका आफ्ना जनहरूको पक्षमा लड़िदिनुहुन आग्रह र अर्जी गर्छन्। परमेश्वरबाटको सहायता अनिवार्य र अपरिहार्य हुन्छ; तर मानिसको सहायता व्यर्थ हो।

### ङ) भजन ६०:१२: परमप्रभुमाथि इस्राएली जातिको दृढ़ भरोसा भएकै थियो।

परमेश्वरमाथि आफ्नो दृढ़ भरोसा व्यक्त गरेर यो भजन समाप्त हुन्छ। अनि परमेश्वरको सहायता पाएर इस्राएली सेना कीर्तिमान कार्य गर्नमा सुनिश्चित हुन सक्यो। तिनीहरूका शत्रुहरू उहाँकै कुर्कुच्चामनि कुल्चिनेथिए।

### हाम्रो निम्ति यसको व्यावहारिकता के हो?

संसार, शरीर र शैतान हामी ख्रीष्ट-विश्वासीहरूका शत्रुहरू हुन्। हामी आफैमा तिनीहरूलाई जित्ने शक्ति हुँदैन। अनि यस आत्मिक युद्धमा हामीले अरू मानिसहरूबाट पाउन सक्ने सहायता पर्याप्त हुँदैन, चाहे तिनीहरूको मद्दत गर्ने उद्देश्य जतिकै राम्रो किन नहोस्। तर प्रभु येशू ख्रीष्टद्वारा हाम्रो विजय सुनिश्चित हुनेछ। यसकारण हे भाइबहिनीहरूहो, छुटकारा पाउन उहाँमाथि भरोसा राख्नुहोस्! किनकि प्रभु येशूमाथि भरोसा राख्ने कोही पनि कहिल्यै निराश हुनेछैन।

भजन ६० मा उल्लेख गरिएको कुरा अन्तिम पल्ट अन्तका दिनहरूमा पूरा हुनेछ, जब घोर सतावटमा परेर हताश भएका बाँकी यहूदीहरूले मुक्ति र विजय पाउन मसीहतिर आफ्ना आँखाहरू उठाउनेछन्। त्यस बेलामा इस्राएल देश कुल-कुलको बीचमा भागबन्दा गरिनेछ र यस जातिका शत्रुहरू वशमा आउनेछन्।

## भजन ६१ः मभन्दा उच्च चट्टान

परमप्रभुसित दाऊदको अद्‌भुत सम्बन्ध थियो । तिनको निम्ति परमेश्वर के हुनुहुन्थ्यो भने,

> उहाँ तिनको निम्ति एक जीवित, उज्ज्वल वास्तविकता हुनुहुन्थ्यो,
>
> तिनको विश्वासको आँखाको निम्ति उहाँ संसारको अरू कुनै देखिने वस्तुभन्दा विद्यमान हुनुहुन्थ्यो,
>
> तिनको निम्ति उहाँ संसारको जुनै पनि नाताभन्दा पनि प्रिय र घनिष्ठ हुनुहुन्थ्यो ।
>
> अज्ञात रचना

विशेष गरी तिनी खतरामा परेका समय-हरूमा, जब तिनको स्थिति नाजुक हुन्थ्यो, बिलकुलै आशाविहीन हुन्थ्यो, तब तिनले आफ्नो बोझ परमप्रभुमाथि राख्न र उहाँमै राखिछोड्न सिके ।

अनि यहाँ तिनी फेरि एउटा बड़ो अप्ठ्यारो स्थितिमा परेका छन् । अनि कठिनभन्दा कठिन परिस्थितिहरूको चपेटमा परेको दाऊदको हृदयबाट एउटा सुस्पष्ट, मर्मस्पर्शी प्रार्थना फुटिनिस्केको छ । यो प्रार्थना सतावटमा र मानसिक वेदनामा परेका अनि दुःखकष्टबाट भएर जाँदै गरेका परमेश्वरका हजारौं जनहरूको निम्ति अमृत आदर्श प्रार्थना बनेको छ; किनभने दाऊदले त्यही कुरा व्यक्त गर्न सके, जुन कुरा तिनीहरूले अनुभव गरे, तर यसको निम्ति तिनीहरूले उपयुक्त शब्दहरू पाउन सकेनन् ।

**भजन ६१ः१ः** सृष्टिको मालिकको सिंहासन-कक्षमा यसो भन्दै गरेको दाऊदको सुपरिचित सोर सुनिन्छः *'हे परमेश्वर, मेरो पुकार सुन्नुहोस्; मेरो प्रार्थनामा ध्यान दिनुहोस् !'* तिनको सोर सुनेर परमेश्वरको हृदय आनन्दित भएको छ । अनि सर्वोच्च परमेश्वरले आफ्नो दासको पुकार, अँ, बालकको जस्तो तिनको विश्वासको प्रार्थना तुरुन्तै सुन्नुहुन्छ ।

**भजन ६१ः२ः** *'मेरो हृदय व्याकुल हुँदा पृथ्वीको छेउदेखि म तपाईंलाई पुकार्नेछु ।'* भजनलेखक साँच्चि नै पृथ्वीको छेउमा थिएनन्, तर तिनको परिस्थिति अति नाजुक थियो, अनि सुरक्षा र छुटकारा तिनीदेखि धेरै टाढ़ा भएको देखिन्थ्यो; अँ, मानौं तिनी आफ्नो जीवनको अन्तमा आइसके, मृत्युको मुखमा पुगिसके । तिनको शरीर र मनको शक्ति खतम भइसक्यो; तर तिनलाई थाह थियो, कि अनुग्रहको सिंहासनचाहिँ अति नजिकै, अँ, एकै सासमा भेटिने दूरीमा थियो । यसकारण तिनी दया र खाँचोको समयमा सहायता पाउन उहाँको नजिकमा जान्छन् । यस विषयमा कसैले यसो भनेका छन्ः 'प्रार्थनाको सम्बन्धमा टाढ़ा-नजिकको कुरा महत्त्वहीन हुन्छ, र हाम्रो जीवनमाथि आइपर्न सकिने यस्तो कुनै कठिनाइ, यस्तो कुनै समस्या नै छैन, जुन कठिनाइ, जुन समस्याले हाम्रो प्रार्थना रोक्न सक्नेथियो ।'

> *'मलाई त्यस चट्टानमा डोऱ्याउनुहोस्, जुनचाहिँ मभन्दा उच्च छ ।'*

आत्मिक सहजबुद्धिले दाऊदलाई सुरक्षाको निम्ति तिनलाई एउटा चट्टानको खाँचो छ, र त्यो चट्टान तिनीभन्दा उच्च हुनुपर्छ, अनि त्यहाँ पुग्न तिनलाई ईश्वरीय मार्गदर्शन आवश्यक पर्छ भन्ने कुरा सिकाएको छ । अनि परमप्रभुचाहिँ त्यो चट्टान हुनुहुन्छ (२ शमूएल २२ः३२) । पवित्र बाइबलमा 'चट्टान' भन्ने रूपक शब्द कहिल्यै साधारण मानिसको सम्बन्धमा प्रयोग गरिएको छैन ।[45) तर त्यो चट्टान मानिसभन्दा महान् हुनुपर्छ, नत्र ता मानिसले त्यसमा शरण कहाँ पाउन सक्छ र ? तब त्यस चट्टानमा हुनुपर्ने गुण ख्रीष्ट येशूको ईश्वरत्व सङ्केत गर्छ । (अनि याद

रहोस्ः त्यो चट्टान शत्रुदेखि लुक्ने ठाउँ बनिनु हो भने, त्यो चिरा परेको हुनुपर्छ)। अनि अन्तमा, दाऊदले आफ्नै पाइलाहरू डोस्र्याउन आफूसित न बुद्धि, न शक्ति भएको कुरा मानिलिएका छन्; यसकारण तिनले परमप्रभुलाई 'मलाई तपाईंकहाँ, त्यस सनातन चट्टानमा डोस्र्याउनुहोस्' भन्ने अनुरोध गरेका छन्।

**भजन ६१ः३ः** *'किनकि तपाईं मेरो लागि आश्रय र शत्रुबाट बाँच्न एउटा बलियो धरहरा हुनुभएको छ।'*

यी शब्दहरूले परमेश्वर नै त्यो चट्टान हुनुहुँदो रहेछ भन्ने कुरा पुष्टि गरेका छन्। दाऊदले उहाँलाई आफ्नो निम्ति एउटा भरपर्दो शरणस्थान पाएका छन् – एउटा बलियो धरहारा, जसमा धर्मी जन दगुरेर जान्छ र सुरक्षित रहन्छ (हितोपदेश १८ः१०)। अनि उहाँ दाऊदको लागि जे हुनुहुन्थ्यो, त्यो उहाँ हाम्रो निम्ति पनि हुनुहुनेछ।

**भजन ६१ः४ः** *'सदा-सर्वदा म तपाईंको निवासस्थानमा वास गर्नेछु; म तपाईंका पखेटाहरूको आड़माथि भरोसा गर्नेछु। सेला'*

यस किसिमका प्रार्थनाहरूले अनुग्रहको सिंहासनमा विराजमान हुनुहुने परमेश्वरलाई स्पर्श नगरी सक्दैनन्। यस्तो कोमल प्रेम र सरल विश्वास कहिल्यै अस्वीकार हुँदैन। परमेश्वरले दाऊदलाई आफ्नो हृदयअनुसारको मानिस भन्नुभयो, यसमा अचम्म लाग्दैन (१ शमूएल १३ः१४)। 'तपाईंका पखेटा-हरूको आड़' भन्ने शब्द-रचनाले यी करूबहरूका पखेटाहरू सङ्केत गरेको हुन सक्छ, जुन पखेटाहरू रगत छर्किएको कृपा-आसनमाथि फैलिरहेका थिए।

**भजन ६१ः५ः** *'किनकि हे परमेश्वर, तपाईंले मेरा भाकलहरू सुन्नुभएको छ; तपाईंले मलाई तपाईंको नामको डर मान्ने-हरूको अधिकारको भाग दिनुभएको छ।'*

पुरानो नियममा अधिकारको भाग, पैतृक सम्पत्ति वा उत्तराधिकार भन्ने शब्द कनान देशसित सम्बन्धित शब्द हो (प्रस्थान ६ः८), र इस्राएलीहरूसित सम्बन्धित शब्द हो (भजन ९४ः५), साथै परमेश्वरको वचन (भजन ११९ः१११) र छोराछोरीहरू पनि पैतृक सम्पत्ति भनिएका छन् (भजन १२६ः३)। परमप्रभुका दासहरूको अधिकारको भागमा हानिबाट सुरक्षा पनि समावेश गरिएको छ (यशैया ५४ः१७); अनि अन्तमा, परमप्रभुको भवन वा मन्दिरको सम्बन्धमा यो शब्द प्रयोग गरिएको छ (यर्मिया १२ः७)। अघि, चार पदमा परमेश्वरको निवासस्थानको कुरा गरिएको र करूबहरूको विषयमा एउटा धमिलो सङ्केत पाइएको हुनाले यहाँ, यस ठाउँमा यस अधिकारको भागको अर्थ परमप्रभुको भवन भएको हुनुपर्ला। तर आजकल परमेश्वरको नामको डर मान्नेहरूको अधिकारको भाग अनन्त जीवन हो (कलस्सी १ः१२)।

**भजन ६१ः६-७ः** *'तपाईंले राजाको आयु बढ़ाउनुहुनेछ; उनको उमेर धेरै पुस्ताझैं हुनेछ। सदा-सर्वदा उनी परमेश्वरको सामु रहनेछन्; उनको रक्षा गर्न करुणा र सत्यता तयार गर्नुहोस्!'*

यहाँ चाखलाग्दो कुरा के हो भने, यी दुईवटा पदहरूमा दाऊद प्रथम पुरुषबाट अन्य पुरुषमा पुगेछन्। यसमा चाखलाग्दो के हुन सक्थ्यो र? तिनले अझै पनि आफ्नो विषयमा र त्यस करारको विषयमा कुरा गरेका छन्, जुन करार परमेश्वरले तिनीसित बाँध्नुभएको थियो (२ शमूएल ७)। तर तिनका शब्दहरू बरु अर्का राजाको निम्ति बढ़ी सुहाउँदा देखिन्छन्। जब हामी यी शब्दहरूको अर्थ दाऊदमाथि लागू गर्छौं, तब तिनले आफ्नै लागि लामो आयु र आफ्नै राज्यको स्थायीकरण मागेको अर्थ निस्कन्छ; यी शब्दहरूको बुझाइ यो हुनुपर्छ। तर यी

शब्दहरूको अर्थ प्रभु येशूमाथि लागू गर्नु हो भने, यी शब्दहरू उहाँको जीवनमा निम्न प्रकारले अक्षरशः पूरा भएका छन्ः

**क)** *हिब्रू ७ः१६ः* उहाँ सतावटमा परेर पनि उहाँको जीवन अनन्त र अविनाशी थियो ।

**ख)** *हिब्रू १ः१२ः* उहाँका वर्षहरूको अन्त हुनेछैन, तर पुस्ता-पुस्तासम्म रहिरहनेछन् ।

**ग)** *हिब्रू १ः८ः* उहाँको सिंहासन परमेश्वरको सामु सदा-सर्वदा स्थिर रहिरहनेछ ।

**घ)** *भजन ९१ः१-१६ः* परमेश्वरको दया/अटल प्रेम र उहाँको सत्यता/विश्वासयोग्यताले अङ्गरक्षकहरूले झैं उहाँको देखरेख गर्नेछन् ।

अनि ‘टर्गुम’ नामक प्राचीन यहूदी बाइबलको टिप्पणीमा पनि यी पदहरूको सन्दर्भ मसीह राजा हुनुहुन्छ भन्ने कुरा लेखिएको छ ।

**भजन ६१ः८ः** *‘यसैले दिनहुँ मेरा भाकलहरू पूरा गर्न म सदा-सर्वदा तपाईंको नामको स्तुति गाउनेछु ।’*

अनि यसरी परम सङ्कष्टमा शुरु भएको भजन शान्तिको साथमा समाप्त हुन्छ । दाऊद आफूभन्दा उच्च चट्टानमा पुगिसके, अनि तिनी यति कृतज्ञ भए, कि तिनले ‘तपाईंको आराधना गर्छु’, ‘तपाईंलाई प्रेम गर्छु’ र ‘तपाईंको सेवा गर्छु’ भन्ने आफ्ना भाकलहरू पूरा गर्दै जानेछन् र परमप्रभुको नित्य स्तुति गाइरहने सङ्कल्प गरे । तिनी ती मानिसहरूजस्ता हुँदैनथिए, जसले सङ्कष्टको चपेटमा परेको बेलामा ठूला-ठूला भाकलहरू गर्छन्, तर सङ्कष्ट टरेपछि तत्कालै ती भाकलहरू बिर्सन्छन् । तिनी प्रार्थना गर्दा खुट्टा भुइँ छोड़िजाने जोशले उफ्रने, तर प्रशंसा गर्दा लङ्गड़ा हुने थिएनन् ।

भजन ६१ निम्न सुन्दर आत्मिक गीतको निम्ति प्रेरणा बन्योः

**१)** कहिले हाम्रो जीवनमाथि परेका छायाहरू लामा न लामा हुन्छन्, र गन्तव्य स्थलमा पुग्ने बाटो अति रूखो लाग्छ; अनि कहिले शोकचिन्ताहरू आँधीबेह्रीहरूझैं हाम्रो मन छोप्छन् ।

*कोरसः* तब म ती चट्टानमा उड़ेर जान्छु – ती चट्टानकहाँ, जो मभन्दा उच्च हुनुहुन्छ; तब म ती चट्टानमा उड़ेर जान्छु – ती चट्टानकहाँ, जो मभन्दा उच्च हुनुहुन्छ ।

**२)** कहिले दिन कति लामो, कहिल्यै नबितिजानेजस्तै लाग्छ, र कहिले मेरा पाउहरू साह्रै थकित हुन्छन्; परिश्रमको साथ जीवनको धूलैमूलो लागेको बाटोमा अघि बढ्दा धन्य हो, ती चट्टानको छाया, त्यो कति मीठो छ !

**३)** मेरो जीवनमा चाहे आशिषहरू चाहे शोकहरू प्रचलित होऊन्, चाहे म उकालो बाटोमा एउटा अग्लो पहाड़ चढूँ, चाहे अन्धकारको छाया परेको घाटीबाट भएर हिँडूँ, म ती दिव्य चट्टानको घनिष्ठ सङ्गतिमा रहिरहन पाऊँ ।

श्री इरास्टस जोह्नसन

## भजन ६२ः परमेश्वर मात्र !

भजन ६२ को सन्देश यस प्रकारको छः परमेश्वर एकमात्र साँचो शरणस्थान हुनुहुन्छ । ‘उहाँ मात्र’ भन्ने शब्द घरिघरि दोहोरिनुको मतलब यही हो, कि केवल उहाँ हाम्रो सम्पूर्ण र अखण्ड भरोसा पाउन योग्य हुनुहुन्छ; यस भजनको जोर यसैमा छ ।

परमेश्वरको परिचय विभिन्न सुन्दर रूपहरूमा गरिएको छ, जस्तैः

**क)** भजन ६२ः१ख, २क, ६क, ७कः उहाँ हाम्रो उद्धारको स्रोत हुनुहुन्छ

**ख)** भजन ६२:२[क], ६[क], ७[क]: उहाँ हाम्रा चट्टान हुनुहुन्छ

**ग)** भजन ६२:२[ग], ६[ग]: उहाँ हाम्रो उच्च गढ़ हुनुहुन्छ

**घ)** भजन ६२:५[ख]: उहाँ हाम्रो आशा हुनुहुन्छ

**ङ)** भजन ६२:७[क]: उहाँ हाम्रो महिमा हुनुहुन्छ

**च)** भजन ६२:७[ख], ८[ग]: उहाँ हाम्रो शरणस्थान हुनुहुन्छ

**छ)** भजन ६२:११[ख]: उहाँ हाम्रो शक्तिको स्रोत हुनुहुन्छ

**ज)** भजन ६२:१२[क]: उहाँ करुणाको सागर हुनुहुन्छ

हरेक जसले परमेश्वरलाई आफ्नो भरोसा र शक्तिको आधार बनाउँछ, उसले निम्न प्रतिज्ञाहरू पाउँछः

**क)** भजन ६२:२[ख]: ऊ धेरै डगमगाउनेछैन ।

**ख)** भजन ६२:३: ऊसँग आफ्ना शत्रुहरूलाई हपार्ने साहस हुन्छ ।

**ग)** भजन ६२:४: उसले तिनीहरूका युक्ति र रणनीतिहरू पत्ता लगाउँछ ।

**घ)** भजन ६२:६[ख]: ऊ अलिकति पनि डगमगाउनेछैन ।

**ङ)** भजन ६२:८: अरूले पनि परमेश्वरमाथि राखेको भरोसाबाट पाइने आनन्द जानेको उसले चाहन्छ ।

मानिसहरूले परमेश्वरमाथि बाहेक अरू के-के कुरामाथि भरोसा गर्छन् ? यस भजनमा पाँचवटा कुराहरू पेश गरिएका छन्, जस्तैः

**१)** भजन ६२:९: तल्ला तहका मानिसहरू – यी सामान्य मानिसहरूमा ठोस कुरा के पो छ र ? तिनीहरूको अस्तित्व बाफजत्तिकै क्षणिक हुन्छ ।

**२)** भजन ६२:९: माथिल्ला तहका मानिसहरू – चाहे तिनीहरू शासकहरू होऊन्, चाहे धनवान् किन नहोऊन्, तिनीहरू धोका दिनेहरू हुन् । किनकि तिनीहरूले सहायता र सुरक्षा दिने आशा दिलाउँछन्, तर तिनीहरू भरोसाको योग्य हुँदैनन् । आउनुहोस्, हामी यी समान्य मानिसहरू र यी कुलीन मानिसहरूलाई तराजुमा जोखिहेरौं ! तिनीहरूमा हाम्रो भरोसाको योग्य कुनै ओजन नै छैन ।

**३)** भजन ६२:१०: अत्याचार – अत्याचार अपनाउने मानिस मूर्ख हो । यस्तो कुकर्ममाथि भरोसा नराख्नुहोस् ! किनकि त्यसमा परमेश्वरको श्रापको दुर्गन्ध छ ।

**४)** भजन ६२:१०: डकैती – लुटपाट कसैलाई विक्रमी र धनी हुने छोटो-मीठो मार्ग लाग्ला, तर नीच कमाइको धनको निम्ति मानिस परमेश्वरको न्यायमा पर्नु सुनिश्चित छ ।

**५)** भजन ६२:१०: धनसम्पत्ति – इमानदारीसाथ कमाएको धन पनि हाम्रो स्नेहको योग्य हुँदैन; त्यसले कहिल्यै प्रभु र उहाँको सेवाको ठाउँ लिनुहुँदैन । यस विषयमा श्री एफ. बी. मेयेरले यसो भनेका छन्ः

> 'कति चोटि हामी सहायताको निम्ति मानिसहरू र रुपियाँपैसामाथि व्यर्थैमा भर पऱ्यौं; तर परमेश्वरले हामीलाई कहिल्यै निराश तुल्याउनुभएन ।'

हुन सक्छ, यो भजन रच्नको निम्ति भजनलेखकलाई अब्शालोमको विद्रोहबाटै प्रेरणा मिलेको थियो होला । यी विद्रोह मच्चाउनेहरूको निम्ति दाऊद ढल्न लागेको पर्खाल र लर्खरिएको बार मात्र थिए, जसलाई तिनीहरूले एकै प्रहारमा खतम पार्न लागेका थिए । तिनलाई तिनको उच्च स्थानबाट तल खसाल्न अर्थात् सिंहासनच्युत गर्न तिनीहरूको मूल-उद्देश्य र लक्ष्य थियो । वफादार भइटोपलेर तिनीहरूले राजद्रोह गर्ने षड्यन्त्र रचिरहेका थिए । तर भाग्दै गरेका राजाले आफ्नो विश्वासयोग्य प्रजालाई अलिकति

पनि ढलपल नगरी परमप्रभुमाथि भरोसा राख्ने आग्रह गरे। तिनका शत्रुहरूले मानिसहरू र रुपियाँपैसामाथि भरोसा गरेका थिए; तर न मानिसहरूमा न धनमा कुनै उद्धार थियो। तिनको भरोसा परमप्रभुमाथि रहिरहन्थ्यो। अनि परमप्रभुले 'शक्ति र प्रेमको मुहान म नै हुँ; मेरो शक्ति विश्वासयोग्य हुनेहरूलाई छुटकारा दिन र शत्रुहरूलाई दण्ड दिन प्रयोग गरिन्छ, तर मेरो प्रेम मेरा जनहरूलाई सान्त्वना र आशिष दिन प्रयोग गरिन्छ' भनेर तिनलाई घरिघरि आश्वासन दिनुभयो। अनि उहाँको अनुग्रह इन्कार गर्नेहरू सबैले उहाँको धर्ममय न्याय चाख्नेथिए; अनि तिनले यो देख्न पाउनेथिए।

श्री जोह्न डोनले यस भजनको विषयमा लेखेको टिप्पणी स्मरणीय छः

'उहाँ मेरो चट्टान, मेरो उद्धार, मेरा रक्षक, मेरो शरणस्थान र मेरो महिमा हुनुहुन्छ।
उहाँ मेरो शरणस्थान हुनुहुन्छ भने, कुनचाहिँ शत्रुले मेरो खेदो गर्ला ?
उहाँ मेरा रक्षक हुनुहुन्छ भने, कुनचाहिँ परीक्षाले मलाई आघात पुऱ्याउला ?
उहाँ मेरो चट्टान हुनुहुन्छ भने, कुनचाहिँ आँधीबेह्रीले मलाई हल्लाउला ?
उहाँ मेरो उद्धार हुनुहुन्छ भने, कुनचाहिँ निराश वा खिन्नताले मलाई उदास बनाउला ?
उहाँ मेरो महिमा हुनुहुन्छ भने, कुनचाहिँ झूटा निन्दाले मेरो बदनाम गर्ला ?'

## भजन ६३ः तपाईंको दया जीवनभन्दा उत्तम हो

केही समयको निम्ति पदच्युत भएका दाऊदले बाध्य परेर यहूदाको उजाड़स्थानहुँदा यर्दनको पारिपट्टि आफ्नो निर्वासन-स्थलतर्फ पदयात्रा गरिरहेका थिए (२ शमूएल १५ः२३-२८, १६ः२ र १७ः१६)। राजाको राजनीतिक किस्मतमा ठूलो भाटा भएको थियो, तर तिनको आत्मिक तेज उच्च थियो।

**भजन ६३ः१ः** *'हे परमेश्वर, तपाईं मेरा परमेश्वर हुनुहुन्छ'* भनेर तिनले परमेश्वरलाई 'आफ्नै' दाबी गरेको कुरा घतलाग्दो छ। यी शब्दहरू खूबै सरल छन् र बाल्य लाग्छ, तर यिनमा अर्थको भण्डार छ। 'मेरा परमेश्वर' भन्ने शब्दले एउटा घनिष्ठ र व्यक्तिगत सम्बन्ध व्यक्त गर्छ। 'मेरा परमेश्वर' – उहाँ हाम्रो चिरस्थायी धन हुनुहुन्छ, जब अरू सबै शेष हुन्छ। 'मेरा परमेश्वर' – हरेक परिस्थितिको निम्ति र हरेक सङ्कष्ट सामना गर्न उहाँमा प्रशस्त उपलब्धि हुन्छ।

अनि परमेश्वरको निम्ति भजनकारको कत्रो तिर्सना थियो! यस कुराले हामीलाई कति नम्र तुल्याउँछ; किनकि हाम्रो मन प्रायः चीसा र सङ्कोची हुन्छ। *'एकाबिहानै म तपाईंलाई खोज्नेछु।'* तिनले जीवनको शुरुमै र हरेक दिनमा एकाबिहानै परमप्रभुको खोजी गर्थे। अनि तिनले जोश र उमङ्गको साथमा उहाँको खोजी गर्थे; यस्तो व्यक्तिलाई इन्कार गर्न गाह्रो पर्ला। तिनको मन परमेश्वरको निम्ति तिर्खाउँथ्यो भने तिनको शरीर पनि परमेश्वरको निम्ति हप्याक-हप्याक हुन्थ्यो। यस भनाइको मतलब यो हो कि अनन्त परमेश्वरसँग सङ्गति गर्न पाउन तिनका आत्मा, प्राण र शरीर चिच्च्याइउठ्थे। सुक्खा, थकाउने, पानी नभएको भूमिमा यात्री तिर्खाएझैं तिनले परमेश्वरको तीव्र चाहना गर्थे। हो, संसार सुक्खा बन्जर भूमि हो रहेछ। प्रसङ्गबाट उठेको यो बयान बिलकुल सही हो।

**भजन ६३ः२ः** तिनले बितेका ती समयहरू सम्झेका छन्, जुन समयहरूमा तिनले यरूशलेममा भएको त्यस पवित्र-स्थानमा उपासना गर्ने गर्थे। तिनले वर्णन गर्न नसकिने ती पवित्र क्षणहरू सम्झन्छन्, जुन बेलामा तिनी आफ्नो मनन-चिन्तनमा परमेश्वरलाई सम्पूर्ण शक्ति र महिमामा देखेर अत्यन्तै हर्षविभोर भएका थिए। अनि अब

तिनको मन अरू कुनै कुरामा तृप्त हुन सक्दैनथियो, तर त्यसले जुनै हालतमा पनि सारा वैभव र पराक्रममा परमप्रभुको नयाँ प्रकाश पाउनुपर्थ्यो। कतिजनाले परमेश्वरको यस दिव्य महिमाको प्रकाश शुभ मङ्गलकारी दर्शन भन्दा रहेछन्। यस प्रकारको प्रकाशको नाम जेसुकै होस्, तर यो यस्तो एउटा अनुभव हो, जसको तुलनामा अरू जुनै पनि कुरा धमिलो र फिका ठहरिन्छ।

होऊ, मेरो दर्शन, हे मेरो प्राणको प्रभु, तपाईं-बाहेक आनन्द छैन अरू,

रातमा वा दिनमा होस् सोच तपाईंकै, सुत्दा वा बिउँझँदा ज्योति तपाईं नै।

आठौं शताब्दीका आयरल्याण्डको भजन श्रीमती मेरी ई. बअर्नेद्वारा अनुवादित

**भजन ६३ः३-४ः** त्यसपछि यहूदाको यस उराठलाग्दो उजाड़स्थानबाट एउटा ठूलो श्रद्धापूर्ण स्तुतिगान गाइउठ्यो।

*'तपाईंको करुणा जीवनभन्दा उत्तम हो; यसकारण मेरा ओठहरूले तपाईंको प्रशंसा गर्नेछन्। यसरी म जीवनभरि तपाईंलाई धन्यका भन्नेछु; म तपाईंको नाममा मेरा हातहरू उचाल्नेछु।'*

जीवनले हामीलाई दिन सक्ने सबै कुराहरूभन्दा परमप्रभुको दया उत्तम हुन्छ। अनि उहाँको प्रशंसा गर्नु हाम्रा ओठहरूको सबैभन्दा उत्तम र उच्च काम हो। अनि उहाँलाई धन्यको भन्न हाम्रो सारा जीवन पर्याप्त हुँदैन। अनि जब प्रशंसा र प्रार्थना गर्दै गरेको बेलामा हामीले उहाँकहाँ आफ्ना हातहरू उचाल्छौं, तब परितृप्तिले गर्दा यी हाम्रा हातहरू काँप्छन्।

**भजन ६३ः५-८ः** कुनै प्रीति-भोज पनि यस प्रकारको पवित्र सङ्गतिको तुलनामा आउँदैन; किनकि उहाँको सङ्गतिमा हाम्रो मन सर्वोत्तम सुखहरूले तृप्त हुन्छ र हर्षित ओठहरूबाट हाम्रा धन्यवादका शब्दहरू पोखिरहेका हुन्छन्, किनभने हामी हाम्रा महिमित प्रभुको विषयमा मनन-चिन्तन गरेर रातका निद्रा नलाग्ने घण्टाहरू सदुपयोग गर्छौं। हाम्रो निम्ति उहाँ कति महान् सहायक हुनुभएको छ! उहाँले हाम्रो निम्ति गर्नुभएका उपकारहरू कसले नापजोख गर्न सक्ला? उहाँका पखेटाहरूको छत्रछायामा हामीले हर्षको गीत किन नगाउने? अनि उहाँमाथि प्रेमपूर्ण भरोसा गरेर र हामीलाई सदैव उहाँको आवश्यकता पर्छ भन्ने कुरा जानेर हामी उहाँसँग टाँसिरह्यौं भने, उहाँले हामीलाई देख-अदेख खतराहरूबाट बचाउनुहुन्छ र पुरस्कार पाउने गरी निशानातिर अघि बढ्न शक्ति दिनुहुन्छ।

**भजन ६३ः९-१०ः** अनि हाम्रो शत्रुहरूको विषयमा कसो हो? 'हो, मेरा शत्रुहरू, मेरो सत्यानाश गर्न खोज्नेहरू छँदैछन्। तर तिनीहरूको अन्त विनाश हो। तिनीहरूको शान्ति-सँगको मृत्यु हुनेछैन, बरु तिनीहरूको हत्या गरिनेछ। तिनीहरूको कुकुरजत्तिकै अपमान-जनक दफन हुनेछ।

**भजन ६३ः११ः** तर म परमेश्वरमा आनन्दित हुनेछु। हो, उहाँको निष्ठा राख्छु भन्ने शपथ खाने हरेक भाइबहिनी त्यस हर्षोल्लासमा सहभागी हुनेछ; तर झूट बोल्न रुचाउनेहरूको मुख चुप गराइनेछ।'

## भजन ६४ः धनुहरू र काँड़हरू

भजन ६४ मा दुईवटा धनुर्धारी प्रतियोगिताहरू पेश गरिएका छन्। भजन ६४ः१-६ पदहरूमा प्रारम्भिक प्रतियोगिता दुष्टहरू र एकजना धर्मी जनको बीचमा छ। अनि भजन ६४ः७-१० पदहरूमा मुख्य प्रतियोगिताचाहिँ परमेश्वर र दुष्टहरूको बीचमा छ।

**भजन ६४ः१-६ः** पहिलो लड़ाइँ साह्रै एकतर्फी भएको रहेछ। किनकि धर्मी

दाऊदको विरोधमा दुर्जनहरू थुप्रै थिए। दाऊदसित एउटै पनि काँड़ थिएन, तर तिनीहरूका ठोक्राहरू काँड़ैकाँड़हरूले भरिएका थिए। तर तिनीसित प्रार्थना, एउटा गुप्त हतियार थियो; अनि यो हतियार चलाएर तिनले आफ्ना अदृश्य दिव्य साथीबाट सहायता पाउन प्रयोग गरे। पहिले तिनले परमेश्वरकहाँ आफ्नो सोर उचालेर 'शत्रुको डरदेखि रक्षा पाऊँ' भन्ने अनुरोध गरे; अनि तिनले 'मलाई दुष्टहरूका गुप्त युक्तिहरूदेखि बचाउनुहोस्' भनेर उहाँलाई पुकारे। त्यसपछि तिनले गुप्तचरले झैं परमेश्वरलाई शत्रुहरूको विषयमा निम्न जानकारी दिन्छन्: तिनीहरूका जिब्राहरू सान लगाइएका लाग्ने तरवारजस्ता छन्। तिनीहरूले दोषारोपण र तीता न तीता निन्दापूर्ण वचनरूपी काँड़हरू हान्न आफ्ना धनुहरूमा ताँदो चढ़ाएका छन्। गुप्तमा बसेर तिनीहरूले आफ्ना लुक्ने ठाउँहरूबाट एक्कासि आक्रमण गर्छन्, र तिनीहरूलाई जवाफी हमलाको डरै छैन। तिनीहरूले निर्दोष व्यक्तिलाई नाश गर्न दृढ़ सङ्कल्प गरेका छन्। तिनीहरूले सुटुक्कै भजनकारलाई पासोमा पार्ने युक्ति रचे; किनकि तिनीहरूको विचारमा, कसैले पनि त्यो थाह पाउँदैन। मोफ्फातको अनुवादअनुसार 'तिनीहरूले होशियारसाथ आफ्नो युक्ति रचे; हरेकको धूर्त हृदय छ; हरेकसँग बड़ो चतुर्‍याइँ छ।'

**भजन ६४:७:** अहिलेसम्म पेश गरिएका सबै कुराहरू दुर्जनहरूकै पक्षमा भएका जस्तो देखा पर्छ। तर धर्मी जनले यस प्रतिज्ञामा अड़ान लिन्छ: *'परमप्रभु तिमीहरूको निम्ति लड़नुहुनेछ; यसकारण तिमीहरू चुपचाप बस !'* (प्रस्थान १४:१४)। *'किनकि लड़ाइँ तिमीहरूको होइन, तर परमेश्वरको हो'* (२ इतिहास २०:१५)।

**भजन ६४:८:** अनि दोस्रो लड़ाइँमा परमेश्वरले तिनीहरूलाई एकै काँड़ले हान्नुभएको देख्छौं, अनि त्यसले तारो हिर्कायो-हिर्कायो। तिनीहरू घायल भएर भुइँमा ढल्छन्। परमेश्वरले तिनीहरूका कुवचनहरू तिनीहरूमाथि परेका पार्नुभएको छ; अनि सबै दर्शकहरू डरले थरथर भएर भाग्छन्।

**भजन ६४:९-१०:** फलस्वरूप जनसाधारणलाई ठूलो डर हुन्छ। खबर छिटो-छिटो फैलिन्छ; अनि मानिसहरूले धार्मिकताको जीत भएको बुझ्छन्। यही कुराले धर्मी जनहरूलाई आनन्दित तुल्याउँछ; यो हामीले भन्नपर्दैन होला। अनि तिनीहरूले अझै परमप्रभुमाथि भरोसा राख्ने प्रेरणा पाएका छन्। सत्यको पक्ष लिनेहरू सबैले जयजयकार गर्नेछन्।

## भजन ६५: ख्रीष्टको हजार वर्षको राज्यमा गाइने फसलको गीत

भजन ६५ चाहिँ फसल भित्र्याएपछि धन्यवाद-पर्वमा गाइने उत्कृष्ट गीतको रूपमा प्रयोग गरिन्छ, तर यसको प्रमुख अर्थ प्रभु येशूको दोस्रो आगमनसित सम्बन्धित छ र यस भजनले त्यस बेलाका अवस्थाहरू बयान गर्छ। यस कुरामा कुनै शङ्का छैन।

**भजन ६५:१:** इस्राएली जाति परमेश्वर-देखि विच्छेद भएका धेरै शतब्दीहरूभरि सियोनमा परमेश्वरको प्रशंसा गरिँदैनथियो; यस सम्बन्धमा सियोन बाँझो थियो। तर जब प्राचीन समयदेखि परमेश्वरका जन हुनेहरू उहाँकहाँ फर्कनेछन् र उहाँसितको सम्बन्धमा पुनर्स्थापित हुनेछन्, तब सियोनमा प्रशंसा उहाँको प्रतीक्षामा हुनेछ, साथै भय र श्रद्धा-भक्तिले पूर्ण सन्नाटा पनि। बल्ल उहाँकै निम्ति भाकल पूरा गरिनेछ। त्यसको मतलब यो हो: *'मेरो सामु हरेक घुँड़ा टेकिनेछ'* भन्ने उहाँकै भाकल पूरा हुनेछ (यशैया ४५:२३)। अथवा त्यसको सन्दर्भ भजन २२:२२ पदमा

लेखिएको मसीहको भाकल हुन सक्छः *‘सभाको बीचमा म तपाईंको प्रशंसा गर्नेछु।’* अथवा त्यसको सन्दर्भ प्रेम, उपासना र सेवा गर्छौं भन्ने त्यो भाकल हुन सक्छ, जुन भाकल सतावटमा परेका बाँकी इस्राएली जनहरूले सङ्कष्टकालको त्यस डरलाग्दो कष्टको समयमा खानेछन्।

**भजन ६५ः२ः** एक पदको सन्दर्भ इस्राएली जाति थियो भने अबचाहिँ समस्त मानव-जातिलाई समावेश गरिएको छ। ‘हे प्रार्थना सुन्नुहुने’ भनेर परमेश्वरलाई एउटा प्रतापी र महान् उपाधि दिइएको छ। प्रभु-कहाँ फर्केका जाति-जातिका मानिसहरू विश्वासको प्रार्थनाद्वारा उहाँमा लीन हुनेछन्।

**भजन ६५ः३ः** यहाँ, यस पदको बीचमा बोल्ने व्यक्तिहरू बदली भएको महत्त्वपूर्ण छ; यो हामीले याद गर्नुपर्छ। पहिलो खण्डमा मसीह स्वयम्ले बोल्नुभएको र गलगथामा पापको भयानक बोझमनि पिसिँदा अरूको निम्ति पूरा गर्नुभएको त्राणको काम बयान गर्नुभएको छ। तर बाँकी रहेको भागरूपी यहूदीहरूले तुरुन्तै मानिलिन्छन्ः ‘त्यो त्राणको काम उहाँका पापहरूको खातिर होइन, तर हाम्रा अपराधहरूको खातिर भएको थियो।’ तिनीहरू भन्छन्ः ‘उहाँ हाम्रा अपराधहरूको निम्ति घायल हुनुभयो; हाम्रै अधर्महरूको खातिर उहाँमाथि चोटैचोटको प्रहार आइ-पर्‍यो; अनि हाम्रो शान्तिको निम्ति शास्ति उहाँमाथि पर्‍यो र उहाँका कोर्राका चोटहरू-द्वारा हामी निको भयौं’ (यशैया ५३ः५)। अनि इस्राएलीहरूले यसरी आफ्नो दोष स्वीकार गर्नेबित्तिकै आफ्ना सबै अपराधहरू क्षमा भएको निश्चयता पाइहाल्नेछन्।

**भजन ६५ः४ः** हामीले फेरि याद गर्नुपर्छः यस पदको पहिलो खण्डको सन्दर्भ येशू ख्रीष्ट हुनुहुन्छ, तर यस पदको दोस्रो खण्डमा दाम तिरेर छुट्टाइएका इस्राएलीहरूले कुरा गरेका छन्। परमेश्वरले चुन्नुभएको व्यक्ति को होला त? उहाँ परमेश्वरका परमधन्य पुत्र येशू हुनुहुन्छ, जस्तो हामी यशैया ४२ः१ पदमा पढ्छौंः *‘हेर, ... मेरा चुनिएका जन, जससँग मेरो मन प्रसन्न हुन्छ!’* अनि उहाँ नै ती व्यक्ति हुनुहुन्छ, जसलाई परमेश्वरले आफ्नो नजिक-मा आउन दिनुहुन्छ; उहाँचाहिँ मल्किसेदेकको रीतिअनुसार सदा-सर्वदाको निम्ति पूजाहारी हुनुहुन्छ। उहाँले परमप्रभुका चोकहरूमा, उहाँको एकदमै नजिकमा वास गर्नुहुनेछ।

त्यसपछि बाँकी रहेको भागरूपी इस्राएलीहरूले परमेश्वरको भवनको अर्थात् उहाँको पवित्र मन्दिरको उत्तमताले पूर्ण रूपले तृप्त हुने निश्चयता व्यक्त गरेका छन्। यहाँ मन्दिरको कुरा गरिएको छ; तब यस भजनको रचना कसरी दाऊदको हुन सक्ला भन्ने प्रश्न कतिजनाको मनमा उठेको छ; किनकि त्यो मन्दिर दाऊदको मृत्युपछि मात्र बनाइएको थियो। तर जब सुलेमानको मन्दिर खड़ा हुनुभन्दा अघि पनि निवासस्थानको सम्बन्धमा ‘मन्दिर’ भन्ने शब्द प्रयोग गरिएको कुरा याद गरिन्छ, तब त्यो समस्या हल हुन्छ (१ शमूएल १ः९ र ३ः३; २ शमूएल २२ः७)।

**भजन ६५ः५-७ः** बाँकी रहेको भागरूपी इस्राएलीहरू अझै बोल्दैछन्। तिनीहरूका प्रार्थनाहरूको उत्तरमा परमप्रभुले तिनीहरूका शत्रुहरूलाई डरलाग्दा न्यायहरूको साथ धर्ममय दण्ड दिनुहुनेछ। यसरी नै उहाँले आफूलाई तिनीहरूको उद्धारको परमेश्वरको रूपमा प्रकट गर्नुहुनेछ र सारा पृथ्वीभरिका मानिसहरूको निम्ति र समुद्रमा टाढ़ा-टाढ़ा बस्ने मानिसहरूको निम्ति भरोसाको योग्य प्रमाणित गर्नुहुनेछ। हेर्नुहोस्, उहाँ कति महान् परमेश्वर हुनुहुन्छ! उहाँको सर्वशक्ति उहाँको कमरपेटी हो। उहाँले आफ्नो महाशक्तिद्वारा पहाड़हरू आ-आफ्नो स्थानमा स्थिर पार्नुभयो। अनि गर्जिरहेका समुद्रहरू र तिनी-हरूका उर्लिरहेका छालहरू शान्त पार्नु अथवा

जाति-जातिका मानिसहरूको प्रचण्ड रिस दमन गर्नु उहाँको निम्ति केही पनि होइन रहेछ।

**भजन ६५:८:** यसकारण अचम्म लाग्ने कुरा छैन, जब पृथ्वीका छेउ-छेउमा बस्ने मानिसहरू परमेश्वरले तिनीहरूमाथि न्यायको रूपमा देखाउनुभएका चिन्हहरू देखेर आफ्नो अविश्वासमा डराएका छन्, तब सूर्योदयदेखि सूर्यास्तसम्म देश-देशका विश्वासीहरू रमाइ-रहेका छन्।

**भजन ६५:९:** यस पददेखि तेह्र पदसम्मको खण्डमा बीउ छर्ने समयदेखि फसल कट्ने समयसम्मको कृषि-वर्ष वर्णन गरिएको छ; तर यी पदहरूको सन्दर्भ ख्रीष्टको हजार वर्षको राज्य र त्यस बेलाका अवस्थाहरू हुन्। किनकि त्यस बेलामा जमिनमाथि परेको श्राप पूरा हटेको हुनेछ, र सालैपिच्छे प्रशस्त-प्रशस्त फसलहरू हुनेछन्।

बसन्त ऋतु परमेश्वरको भेटघाट तुल्य हुनेछ। उहाँले आकाशका बादलबाट पानी-झरी बर्साउनुहुनेछ। त्यसपछि जमिन तयार भएपछि उहाँले छर्नलाई बीउको प्रबन्ध गर्नुहुनेछ।

**भजन ६५:१०:** अन्नबाली लगाउने समयमा जोतिएका गराहरू सिँचिनेछन्। आकाशको पानीले जमिनका डल्लाहरू पगालिदिनेछ र जमिन नरम राख्नेछ। अनि चाड़ै अन्नहरू प्रचुर मात्रामा उभ्रनेछन्।

**भजन ६५:११-१३:** अनि परमेश्वरले वृद्धिको कालचक्रलाई भलाइको मुकुट पहिर्‍याइदिनुहुन्छ। उहाँका पाइलाहरूले जहाँ-जहाँ टेखे, त्यहाँ-त्यहाँ प्रशस्तताको खोला बग्दैछ (नोक्स)। खर्कहरूमा बस्तु-भाउको निम्ति प्रशस्तै घाँसपात उब्जन्छ। अनि हर्षले गद्गद् भएझैं डाँड़ाहरू लहलह हरियालीले ढाकिरहेको छ। खर्कहरू ऊनी वस्त्र ओढ़ेझैं देखिन्छन्; किनकि तिनमा भेड़ाबाख्राहरू डम्मै छन्। अनि बेंसीहरूभरि पाकिरहेका अन्नका बालाहरू तालबद्ध लयमा झुलिरहेकै हुन्छन्। यसो हेर्दा सारा प्रकृतिले मसीहको सुनौलो युगको आगमनमा हर्षोल्लास मनाइरहेको देखिन्छ।

## भजन ६६: आओ, हेर र सुन !

**भजन ६६:१-४:** भजनकारले यी पहिला चारवटा पदहरूमा सारा पृथ्वीलाई परमेश्वरको स्तुति गाउने आह्वान गरेका छन्। अनि त्यो स्तुतिगानचाहिँ एउटा आनन्दको गीत हुनुपर्छ र उहाँको नामका सर्वश्रेष्ठ गुणहरूको योग्य अनुष्ठान हुनुपर्छ। उहाँको स्तुतिप्रशंसाचाहिँ महिमित हुनुपर्छ; किनकि यस गीतको विषयवस्तुचाहिँ परमेश्वर महामहिम हुनु-हुन्छ। त्यसपछि तीन र चार पदमा यस विश्वव्यापी स्तुतिगानका शब्दहरू पेश गरिएका छन्, जुन शब्दहरूको भावअनुवाद निम्न प्रकारले गर्न सकिन्छः

‘हे परमप्रभु, तपाईंले पूरा गर्नुभएका कार्यहरू कति महान् छन्! अनि तपाईंको सामर्थ्य यति विशाल छ, कि तपाईंका शत्रुहरू तपाईंको अघि लुरुक्कै पर्छन्। बल्ल-बल्ल सारा पृथ्वीले झुकेर तपाईंलाई दण्डवत् गर्नेछ। यत्र-तत्र-सर्वत्र मानिसहरूले तपाईंको नामको स्तुति गाउनेछन्।’

हजार वर्षको राज्यको युग शरु भएपछि यो गीत अवश्य जनप्रिय बन्नेछ।

**भजन ६६:५-७:** पाँच पददेखि बाह्र पदसम्मको खण्डमा ‘हाम्रो’ र ‘हामीलाई’ भन्ने शब्द घरिघरि दोहोरिएको छ; यसकारण यस कुराले हामीलाई विश्वास गराउँछ, कि यो खण्ड अन्तिम दिनहरूमा बाँकी रहेको भागरूपी यहूदीहरूको विषयमा लेखिएको हो, जसले यहाँ, यस खण्डमा आफ्ना सुसमाचारीय मन्तव्यहरू व्यक्त गर्छन्, यस हेतुले कि जाति-जातिका मानिसहरूले परमेश्वरले इस्राएली जातिको निम्ति

गर्नुभएका अद्भुत कामहरूमाथि ध्यान दिऊन् र यिनको विषयमा विचार गरून्। छ पदमा परमेश्वरका दुईवटा कामहरू पेश गरिएका छन्, जुन कामहरूमा उहाँले आफ्नो अत्यन्त ठूलो शक्ति प्रदर्शन गर्नुभयो। उहाँले लाल समुद्रलाई सुक्खा जमिन तुल्याएर त्यसको बीचबाट भएर एउटा राजमार्ग तयार गर्नुभयो। अनि त्यसको चालीस वर्षपछि जब इस्राएलीहरू यर्दन नदीमा आइपुगे, तब तिनीहरूले खुट्टा नभिजाईकन नदी तारे। त्यस बेलामा इस्राएलीहरूको बीचमा आनन्दको कत्रो ध्वनि गुँजियो! मानिसहरू आफ्ना परमेश्वरमा अति हर्षित भए – यस्ता परमेश्वरमा, जसको शक्तिशाली प्रभुत्वको अन्त कहिल्यै हुँदैन र जसका आँखाहरूले जाति-जातिका मानिसहरूलाई सधैं नियालि-रहेका हुन्छन्। यस्ता परमेश्वरको विरोधमा विद्रोह गर्नु ठूलो मूर्खता हो।

**भजन ६६:८-१२:** परमेश्वरले अचम्म प्रकारले इस्राएलीहरूको रक्षा गर्नुभएकोमा अन्यजातिहरूले पनि उहाँलाई धन्यको भन्नुपर्छ। इस्राएली जातिको अवस्था छिटो-छिटो बदली हुने निम्न चित्रहरूको लहरद्वारा पेश गरिएको छः

**क)** *भजन ६६:१०:* त्यो जाति चाँदीजस्तै भट्टीको ठूलो तापमा धातु गलाउने भाँड़ामा खारिएको छ।

**ख)** *भजन ६६:११क:* तिनीहरू जालमा परेझैं शिकार भएका, अँ, कैदी भएका छन्।

**ग)** *भजन ६६:११ख:* त्यस जातिलाई कमारालाई जस्तै काममा जोतिएको छ।

**घ)** *भजन ६६:१२क:* नीच मानिसहरूले तिनीहरूलाई कुल्चीमिल्ची गरेका छन्।

**ङ)** *भजन ६६:१२ख:* भयानक खतरा-हरूमा परेर त्यो जाति आगो र पानीबाट भएर गएको छ।

तर परमेश्वरले तिनीहरूलाई अन्तमा हार्न दिनुभएन; होइन, तर उहाँले तिनीहरूलाई निकालेर भरपूरीको ठाउँमा ल्याउनुभयो; योचाहिँ ख्रीष्टको हजार वर्षको राज्यमा इस्राएली जातिको प्रशस्त समृद्धिको शुभ सङ्केत हो, जसरी श्री जर्ज विलयम्स्ले भनेका छन्ः

> 'इस्राएली जातिलाई बिलकुल नाश गर्न शैतान र मानिसहरूले निरन्तर प्रयास गरिरहे ता पनि यसका बाह्र कुलहरू हजार वर्षको राज्यको शुभ बिहानीमा सियोन पर्वतमा देखा पर्नेछन् र यस भजनको नौ पदमा पेश गरिएको तथ्य सत्य साबित गर्नेछन्। भजन ६६:१०-१२ पदहरू-अनुसार तिनीहरूले सहनुपरेका सास्तीहरू बिलकुल न्यायसङ्गत थिए र प्रेमकै कारणले तिनीहरूमाथि आएका थिए र बुद्धिमानीसित लगाइएका थिए भन्ने गवाही दिनेछन्।' 46)

**भजन ६६:१३-१५:** अनि तेह्र पददेखि बीस पदसम्मको खण्डमा 'म' र 'मेरो' भन्ने सर्वनामले यस भजनको भाग एकल गीत भएको सङ्केत दिन्छ। अनि केही विचारशील टिप्पणीकारहरूको विचारमा, यस खण्डमा बोल्ने वक्ता प्रभु येशू हुनुहुन्छ, जो इस्राएलका राजा र यसका महान् प्रधान पूजाहारी हुनुहुन्छ। उहाँ होमबलिहरू लिएर परमेश्वर-कहाँ आउनुहुन्छ, जुन होमबलिहरूको अर्थ उहाँको जीवन पिताको इच्छामा पूरा समर्पित भएको बुझिन्छ। उहाँले आफू सङ्कष्टमा पर्नुभएको बेलामा गर्नुभएका भाकलहरू अब स्तुतिप्रशंसाको रूपमा पूरा गर्नुहुन्छ। यसको सन्दर्भ कि त उहाँले क्रूसमा सहनुभएका दुःखकष्टहरू हुन सक्छन्, कि त उहाँ आफ्ना जनहरूका कष्टहरूमा सहभागी हुनुभएको उहाँको संवेदना हुन सक्छ; किनकि 'उनी-हरूको सारा कष्टबाट उहाँलाई पनि दुख्थ्यो' (यशैया ६३:९)।

अनि जब हामी यहाँ होमबलिहरूको विषयमा, भेड़ा, बोका र बहरहरूका

बलिदानहरूको विषयमा पढ्छौं, तब हामीले यी शब्दहरू अक्षरशः लिनुपर्दैन। किनकि यी होमबलिहरू केवल भजनकारको अनुभवको सम्बन्धमा अक्षरशः थिए। तर ख्रीष्ट येशूले यी बलिहरू आफ्ना जनहरूको सम्बन्धमा त्यस आत्मिक आराधनाको चित्रणको रूपमा प्रयोग गर्नुहुन्छ, जुन आराधना उहाँले र बाँकी रहेको भागरूपी इस्राएलीहरूले परमेश्वरलाई चढ़ाउनुहुनेछ। तर यति भन्नेमा उहाँको राज्यमा बलिहरू चढ़ाउने सम्बन्धमा एउटा संशोधित व्यवस्था फेरि स्थापित हुनेछ होला भन्ने कुरा इन्कार गरिएको छैन।

**भजन ६६ः१६-१९ः** पाँच पदमा 'आओ, र हेर' भन्ने निमन्त्रण दिइएको थियो। अनि यहाँ सोह्र पदमा आएर 'आओ र सुन' भन्ने निम्तो छ। इतिहासमा परमेश्वरका कामहरू देख्न सकिन्छन्, तर उहाँले हाम्रो आत्मासित गर्नुभएको व्यवहारको विषयमा केवल सुन्न सकिन्छ। मसीहले परमेश्वरको डर मान्ने-हरूलाई उहाँको गवाही सुन्न बोलाउनुहुन्छ; किनकि उहाँ प्रार्थनाको उत्तर पाउनुभएको साक्षी दिन लाग्नुभएको छ। उहाँले पिता परमेश्वरलाई अर्जी चढ़ाउनुभयो र उहाँको बढ़ाइ पनि गर्नुभयो। यसको सन्दर्भ उहाँले शरीरमा बिताउनुभएको समय हो, जुन समयमा उहाँले पिता परमेश्वरलाई चर्को सोरले र आँसुको साथ प्रार्थना र विन्तीहरू चढ़ाउनुभयो, जुन पिता परमेश्वर उहाँलाई मृत्युबाट बचाउन सामर्थी हुनुहुन्थ्यो (हिब्रू ५ः७)। उहाँले आफ्नो हृदयमा अधर्म राख्नुभएको भए पिताले उहाँको पुकार सुन्नुहुनेथिएन। तर उहाँ पापरहित हुनुहुन्थ्यो; अनि यही कारणले उहाँको भक्तिभयको खातिर उहाँको सुनाइ भयो (हिब्रू ५ः७)।

**भजन ६६ः२०ः** अनि यही कुराले यस भजनको अन्तमा अन्तिम प्रशंसाको ध्वनि फक्राएर निकाल्योः *'परमेश्वर धन्यका होऊन्, जसले मेरो प्रार्थना इन्कार गर्नुभएन, न ता आफ्नो दया मदेखि हटाउनुभयो।'*

## भजन ६७ः इस्राएली जातिलाई सुसमाचार प्रचार गर्ने बोलावट भएको

जब परमेश्वरले इस्राएली जातिलाई बोलाउनुभयो, तब उहाँको उद्देश्य यो थियो, कि त्यस जातिले सुसमाचारीय कार्य कायम राखोस्। निम्न दुईवटा महत्त्वपूर्ण तथ्यहरूको विषयमा त्यो जाति वरिपरिका जातिहरूको निम्ति साक्षी हुनु र गवाही बन्नु थियोः

**क)** तिनीहरूले परमेश्वर केवल एकजना हुनुहुन्छ भन्ने सत्यताको विषयमा गवाही दिनु थियो (प्रस्थान २०ः२-३; व्यवस्था ६ः४ र यशैया ४३ः१०-१२)।

**ख)** परमप्रभुको शासनको अधीनतामा आज्ञाकारी जीवन व्यतीत गर्ने मानिसहरू सुखी हुन्छन् र र तिनी-हरूको समृद्धि हुन्छ भन्ने सत्यताको निम्ति तिनीहरू साक्षी बन्नु थियो (लेवी २६ः३-१२; व्यवस्था ३३ः२६-२९; १ इतिहास १७ः२० र यर्मिया ३३ः९)।

इस्राएलचाहिँ परमेश्वरको आशिषको टुङ्गो र विराम होइन, तर आशिष बगिरहने माध्यम पो हुनुपर्छ भन्ने उहाँको इच्छा थियो। परमेश्वरको मुक्तिको प्रबन्ध यहूदीहरूको निम्ति मात्र होइन, तर अन्यजातिहरूको निम्ति पनि हो, अनि इस्राएल देश पूजाहारीहरूको राज्य भएको हुनाले परमेश्वर र अन्य-जातिहरूको बीचमा मध्यस्थको काम गर्नु थियो भन्ने कुराको निम्ति पुरानो नियमभरि निक्कै सङ्केतहरू पाइन्छन्।

अभाग्यवश इस्राएल आफ्नो यस कर्तव्यदेखि चुक्यो। तर मूर्तिपूजातिर लागेर

तिनीहरूले जुन तथ्यहरूको प्रचार गर्नुपरेको थियो, ती तथ्यहरू त सरासर इन्कार गरे।

तर परमेश्वरका मनसायहरू यति सजिलोसँग विफल कहाँ हुन् र? किनभने सङ्कष्टकालको अवधिमा बाँकी रहेको भाग-रूपी यहूदीहरूले राज्यको सुसमाचार सारा संसारभरि प्रचार गर्नेछन् (मत्ती २४ः१४)। अनि आउन लागेको हजार वर्षको राज्यमा इस्राएलचाहिँ जाति-जातिहरूकहाँ आशिष पुर्‍याउने माध्यम बन्नेछ (यशैया ६१ः६ र जकरिया ८ः२३)।

**भजन ६७ः१-२ः** यस भजनले त्यस युग-माथि पूर्वदृष्टि लगाइदिन्छ। यसमा विश्वास गर्ने यहूदीहरूले यस उद्देश्यले परमेश्वरलाई 'हामीलाई आशिष दिनुहोस्' भनेर प्रार्थना गरेका सुन्छौं, कि तिनीहरू अन्यजातिहरूकहाँ सुसमाचार पुर्‍याउने माध्यम बन्न सकून्। जब हामी *'पृथ्वीमाथि तपाईंको मार्ग थाह भएको होस्'* भन्ने वाक्य पढ्छौं, तब हामीले सम्झना गर्नुपर्छ कि ख्रीष्ट येशू त्यो मार्ग हुनुहुन्छ (यूहन्ना १४ः६)। किनकि उहाँद्वारा मात्रै जाति-जातिका मानिसहरू व्यक्तिगत रूपले परमेश्वरको मुक्ति दिलाउने शक्ति अनुभव गर्न सक्छन्।

**भजन ६७ः३-४ः** सुसमाचारको निम्ति अपूर्व जोश र उमङ्गले प्रेरित भई इस्राएली जातिले यही प्रार्थना गर्छ, कि अन्यजाति-हरूबाट प्रशंसाका ठूला धाराहरू उर्लेर परमेश्वरकहाँ पुगून्, र ख्रीष्टको उपकारले पूर्ण, धर्ममय शासन र उहाँको कृपामय हेरचाहमा जाति-जातिका मानिसहरूले जय-जयकार गर्ने शुभ अवसर पाऊन्।

**भजन ६७ः५ः** जसरी संसारका सबै जातिका मानिसहरूले परमेश्वरको स्तुति-प्रशंसा गरेका इस्राएलले उत्कट इच्छा गर्छ, त्यसरी नै हामीले ख्रीष्टको शिरको निम्ति मुकुटहरू चाहना गर्नुपर्छ; श्री एफ. बी. मेयेरले हामीलाई यसको सम्झना दिलाएका छन्।

**भजन ६७ः६-७ः** अनि यी दुई अन्तिम पदहरूले हजार वर्षको राज्य आइसकेको पूर्वचित्रण गर्छन्। किनकि अन्नबालीहरूको कटनी भइसकेको छ र भकारीहरू टन्न भरिएका छन्। इस्राएली जातिमाथि रहेको परमेश्वरको भारी आशिष जाति-जातिका मानिसहरूको निम्ति एउटा अकाट्य प्रमाण र एउटा शक्तिशाली गवाही हुनेछ। हिब्रू भाषाको विद्वान् श्री फ्रान्ज डेलित्जले निम्न सार दिएका छन्ः

> 'किनकि परमेश्वरको तरिका यस प्रकारको छः उहाँले जति भलाइ इस्राएली जातिप्रति प्रकट गर्नुहुन्छ, त्यो भलाइ अन्तिम आएर समस्त मानव-जातिकै भलाइ हुनेछ।' [47)]

## भजन ६८ः परमेश्वर अघि बढ्दै हुनुहुन्छ

यो भजन इस्राएली जातिको राष्ट्रीय शोभायात्राको गीत हो; यस शोभायात्राको गीतमा सिनाई पर्वतदेखि सियोन पर्वतसम्म करारको सन्दुकले पूरा गरेको सम्पूर्ण यात्रा बयान गरिएको छ। अनि यस शोभायात्राले अन्तिम विजयतर्फ अघि बढ्नुभएको परमेश्वरको प्रस्थान सङ्केत गर्छ। अनि यहूदी मानिसको विचारमा, करारको सन्दुकले परमेश्वरको उपस्थिति प्रस्तुत गर्थ्यो। अनि यो विचार बिलकुल ठीक थियो; किनभने जब-जब परमप्रभुको सन्दुक अघि बढ्थ्यो, तब-तब परमेश्वर अघि बढ्नुहुन्थ्यो।

सर्वमान्य धारणाअनुसार यो भजन करारको सन्दुकको इतिहासमा घटेको घटनाको विशेष अवसर मनाउनको निम्ति रचिएको थियो। किनकि एक समयमा पलिस्तीहरूले करारको सन्दुक कब्जा गरेका थिए; यो कति लाजमर्दो थियो। तर त्यसपछि

त्यो सन्दुक ओबेद-एदोमको घरमा राखिएको थियो (२ शमूएल ६:२-१८); त्यसपछि त्यो सन्दुक सियोन पर्वतमा फर्काएर ल्याइयो।

यस शोभायात्राको गीतले भन्न खोजेको कुरा राम्रोसँग पक्रन हामीले यो भजन सातवटा खण्डहरूमा विभक्त गरेका छौं:

- **क) भजन ६८:१-६:** परमेश्वरको प्रशंसा गर्ने प्रारम्भिक स्तुतिगान
- **ख) भजन ६८:७-८:** सिनाई पर्वतबाट उजाड़स्थानहुँदो करारको सन्दुक अघि बढ़ेको
- **ग) भजन ६८:९-१४:** कनान देशभित्र गरेको प्रवेश र विजय-प्राप्ति
- **घ) भजन ६८:१४-१८:** दाऊदले यरूशलेम शहर कब्जा गरेको
- **ङ) भजन ६८:१९-२३:** यबूसीहरू-माथि विजय प्राप्त गरेकोमा इस्राएली-हरूले परमेश्वरको प्रशंसा गरेको स्तुतिगान
- **च) भजन ६८:२४-२७:** करार सन्दुक यरूशलेममा अवस्थित भएको पवित्र-स्थानतर्फ लैजाने शोभायात्रा
- **छ) भजन ६८:२८-३५:** परमेश्वरको अन्तिम विजयको प्रत्याशामा हर्ष-उल्लास मनाउनेहरूको भीड़

अनि ख्रीष्ट येशूको पृष्ठभूमिमा, यसको दृष्टिकोण लिनु हो भने यस भजनले उहाँको देह-धारण, गलगथाको क्रूसमा उहाँको विजय, उहाँको स्वर्गारोहण र उहाँको दोस्रो आगमन चित्रण गर्छ।

### क) भजन ६८:१-६: परमेश्वरको प्रशंसा गर्ने प्रारम्भिक स्तुतिगान

**भजन ६८:१-३:** यहाँ एक पदले हामीलाई यस भजनको मुख्य विषय पेश गरिएको छ; किनकि यहाँ करारको सन्दुकले आफ्नो ठाउँ बदलेको सङ्केत दिइएको छ। किनभने जब करारको सन्दुक पहिलो पल्ट सिनाई पर्वतदेखि अघि बढ्यो, तब मोशाले उस्तै शब्दहरू प्रयोग गरे (गन्ती १०:३५)। के तपाईंले यहाँ परमेश्वरको सन्दुक अघि बढ़िरहेको दृश्य देख्दै हुनुहुन्छ? किनकि यो त्यो बेला हो, जुन बेलामा परमेश्वर उठ्नुहुन्छ र काम गर्न थाल्नुहुन्छ। अनि उहाँका शत्रु-हरूको निम्ति यो त्यो समय हो, जुन समयमा तिनीहरूमाथि विपत्ति आइपर्छ र तिनीहरू तितरबितर हुन्छन्; तर धर्मी जनहरूको निम्ति यो औधि रमाउने समय हो। किनकि उहाँका शत्रुहरू चारैतिर छरपस्ट हुन्छन्। तिनीहरू ठूलो गड़बड़ीको साथ भाग्छन्। तिनीहरू सारहीन धूवाँजस्तै छन् र आगोको सामना गर्न नसक्ने, तर तुरुन्तै पग्लिहाल्ने मैनजस्तै छन्; अनि लर्बरिँदै तिनीहरू आफ्नो विनाशमा आइ-पुग्छन्। तर धर्मी जनहरूको निम्ति त्यो समय सत्य प्रमाणित हुने, इनाम पाउने, अनि हर्ष र आनन्दले उल्लासित हुने समय हो।

**भजन ६८:४-६:** यो त परमेश्वरको निम्ति स्तुति गाउने समय र मरुभूमिमा परमप्रभुको निम्ति एउटा राजमार्ग उठाउने समय हुँदो रहेछ (यशैया ४०:३ र ६२:१०)। उहाँको नाम 'याह' हो; उहाँ आफ्नो करार पूरा गर्नुहुने परमप्रभु हुनुहुन्छ। उहाँ अनन्त स्तुतिको योग्य हुनुहुन्छ। उहाँ अत्यन्तै उच्च र महान् हुनुहुन्छ, तर पनि उहाँ बेसहारा हुनेहरू र दीनहीन हुनेहरूको नजिकमा हुनुहुन्छ। सबै अनुग्रहको परमेश्वर टुहुराहरूका पिता र विधवाहरूको पक्ष लिनुहुने न्यायकर्ता हुनुहुन्छ। उहाँले एकलो परेका-हरूलाई सुखी परिवारको न्यानो सङ्गति उपलब्ध गर्नुहुन्छ; अनि अन्यायको कारणले कैदमा परेकाहरूलाई उहाँले आनन्दको ध्वनिको साथ समृद्धिको स्थानमा ल्याइ-पुर्‍याउनुहुन्छ।

तर विद्रोहीहरूको निम्ति कुरा अर्कै हुन्छ। उजाड़ मरुभूमि तिनीहरूको भाग हुँदो रहेछ।

संयुक्त अमिरकाको युद्ध गीतका शब्द-हरूमा भन्नु हो भने यी परिचय दिलाउने पदहरूमा 'हाम्रा परमेश्वर अघि बढ्दै हुनुहुन्छ।' अनि जब उहाँ अघि बढ्नुहुन्छ, तब यस कुराले धर्मी जनहरू र विद्रोहीहरूका परिणामहरूमा आकाश र पातालको भिन्नता ल्याउँछ।

नेपाली बाइबलको अनुवादमा थाह नलागेको ता पनि यस भजनको हिब्रू रचनामा परमेश्वरका सातवटा नामहरू बुनिएका छन्, जस्तैः एलोहिम (पद १), याह (पद ४), यहोवा (पद १०), एल शाद्दाई (पद १४), याह एलोहिम (पद १८), अदोनाइ (पद १९) र यहोवा अदोनाइ (पद २०)।

### ख) भजन ६८ः७-८ः सिनाई पर्वतबाट उजाड़स्थानहुँदो करारको सन्दुक अघि बढ़ेको

जब इस्राएलीहरू सिनाई पर्वतबाट हिँड्न लागे र करारको सन्दुक अग्रगामी भएर तिनीहरूले प्रतिज्ञाको देशतर्फ यात्रा शुरु गरे, तब त्यो शोभायात्राको शरुआत भावोत्तेजक क्षण थियो। प्रकृति स्वयम् यस भयावह घटनामा साथ दिएको देखिन्छ; किनकि यस दृश्यमा पृथ्वी काम्यो, आकाशबाट पानी पर्‍यो र सिनाई पर्वत हल्लियो।

### ग) भजन ६८ः९-१४ः कनान देशभित्र गरेको प्रवेश र विजय-प्राप्ति

**भजन ६८ः९-१०ः** अनि नौ पदमा आएर इस्राएली जाति कनान देशमा बसिसकेको रहेछ; अनि परमेश्वरले हावापानीमा हेरफेर ल्याउनुभयो; यसकारण देशमा प्रशस्त पानी पर्थ्यो। मिस्र देशको सिँचाइ र उजाड़स्थानको खड़ेरी कति फरक हुन्थ्यो! देहातले जीवनसित एउटा नयाँ सम्झौता गरेछ; यसकारण ओइलिरहेको वनस्पति-जगत्मा फलफूल, घाँसपात र बोटबिरुवाहरू सप्रेर लहलह भए। परमप्रभुको भरपूर प्रबन्धले गर्दा मानिसहरू ढुक्कै भएर बस्थे।

**भजन ६८ः११-१३ः** वृत्तान्त छिटो-छिटो अघि बढ़ेर देशको कब्जामा आइपुग्छ। प्रभुले शत्रुको विरुद्धमा कदम बढ़ाउने आदेश दिनुभयो। अनि उहाँको यस वचनमा विजयको निश्चयता पनि दिइएको छ। त्यसपछि अर्को कुरा के थाहा लाग्छ भने, स्त्रीहरूको एउटा ठूलो दलले[48)] 'सेनाहरूका राजाहरू भागे, तिनीहरू छिटो-छिटो भागे' भन्ने समाचार घरमा फैलाए। न्यायकर्ताहरूको पुस्तकको पाँच अध्यायमा दबोराको जय-गीतसित खूब मिल्ने शब्दहरूमा यहाँ बताइन्छ, कि स्त्रीहरूले लड़ाइँको लुटको माल बाँड़िरहेका छन्; यसको लागि यिनी-हरूले भेड़ाका गोठहरू कहिल्यै छोड्नु-पर्दैनथियो। अनि यिनीहरूले सुन्दर वस्त्रहरू र गरगहनाहरू लगाइहेर्दा यिनीहरू चाँदीले ढाकिएका ढुकुरका पखेटाहरूजस्ता देखिन्थे अथवा अर्को दिशाबाट यिनीहरूमाथि रश्मि पर्दा यिनीहरू पहेंलो सुनमा टल्केर पहेंलपुर प्वाँखहरूजस्तै हुन्थे।

**भजन ६८ः१४ः** शत्रुको निम्ति त्यो कत्रो विनाशकारी हार थियो! किनभने परमेश्वरले राजाहरूलाई सल्मोन पर्वतमा परेको हिउँझैं तितरबितर पार्नुभयो।

### घ) भजन ६८ः१४-१८ः दाऊदले यरूशलेम शहर कब्जा गरेको

**भजन ६८ः१५-१६ः** त्यस बेलासम्म यरूशलेम शहर अझै पनि अन्यजाति यबूसीहरूको हातमा थियो। तर सारा इस्राएलमाथि राजाको रूपमा अभिषेक भइसकेपछि दाऊदले कदम चालेको प्रथम कामचाहिँ त्यस शहरको विरुद्धमा जाइलाग्नु थियो। त्यसको रक्षकगण यति साह्रो आत्म-निर्भर थियो, कि तिनीहरूको विचारमा त्यो

शहर अन्धा र लङ्गड़ाहरूले सुरक्षित राख्न सक्ने अजय हुन्थ्यो। तर दाऊद र तिनका मानिसहरूले त्यो गढ़ कब्जा गरे र त्यसको नाम 'दाऊदको शहर' राखे (२ शमूएल ५:१-९)।

भजनकारले यसको सन्दर्भमा यही कुरा यहाँ उल्लेख गरेका हुन्। उक्त गढ़ कब्जा गरेकोमा के प्रकट भयो भने, यरूशलेमचाहिँ त्यो चुनिएको शहर थियो। यसकारण बाशानको उत्तरमा अवस्थित भएको हर्मोनको उच्च हिम-चुलीले सियोन पर्वतलाई ईर्ष्यापूर्ण दृष्टिले हेर्दैथियो। हर्मोनचाहिँ धेरै उच्च चुचुराहरू भएको एउटा शानदार हिम शृङ्खला हो; तर परमेश्वरले त्यसलाई होइन, तर सियोनलाई आफ्नो स्थायी वासस्थानको निम्ति चुन्नुभयो। यसैकारण त्यस हर्मोनले सियोनलाई ईर्ष्यापूर्ण दृष्टिले हेर्दैथियो।

**भजन ६८:१७:** हो, दाऊदले यबूसीहरूको हातबाट यरूशलेम कब्जा गरेको कुरा याद गरेका छन्। तर त्यस विजयको खास स्रोतको सम्बन्धमा दाऊद धोकामा पर्दैनथिए। त्यो विजय तिनको चलाख रणनीति वा तिनका मानिसहरूको वीरताको फल थिएन। होइन, तर परमेश्वरका अनगन्ती रथहरूले त्यस शहरमाथि हमला गरेका थिए। सिनाई पर्वतबाट शुरु भएको परमेश्वरको यात्रा सियोनमा आफ्नो महिमित चरमसीमामा पुगेर पूरा भयो।

**भजन ६८:१८:** अनि जब दाऊदले आफ्ना सिपाहीहरूले यरूशलेमको उचाइमाथि हमला गरेको कुरा सम्झे, तब यसमा तिनले शारीरिक सोच नाघेर परमेश्वरलाई एउटा उच्च पर्वतमाथि उक्लनुभएको, कैदीहरूलाई कैद गरेर लैजानुभएको र भूतपूर्व विद्रोहीहरूको निम्ति आफ्नो विजयमा लुटका मालहरू हासिल गर्नुभएको देखे, किनकि उहाँले ती मानिसहरूको बीचमा तिनीहरूका प्रभु र मुक्तिदाताको रूपमा वास गर्न चाहना गर्नुभयो।

अनि प्रेरित पावलले यो अठार पद ख्रीष्टको स्वर्गारोहणको अर्थमा प्रयोग गरे (एफेसी ४:८-१०)। किनकि जब यस धरतीबाट ख्रीष्ट येशूको स्वर्गारोहण भयो, तब उहाँले कैदलाई कैद गरेर लैजानुभयो। यसको मतलब उहाँका शत्रुहरूमाथि उहाँको महिमित विजय भयो, र उहाँले मानिसहरूलाई दानहरू दिनुभयो। अनि भजन ६८:१८ पदअनुसार जुन दानहरू उहाँले क्रूसमाथि पूरा गर्नुभएको त्राणको कामको इनामस्वरूप मानिसहरूको बीचबाट पाउनुभयो, ती दानहरू उहाँले आफ्नो मण्डलीको स्थापना र विस्तार गर्नको निम्ति फेरि मानिसहरूलाई दिनुभयो (एफिसी ४:८)।

### ङ) भजन ६८:१९-२३: यबूसीहरूमाथि विजय प्राप्त गरेकोमा इस्राएलीहरूले परमेश्वरको प्रशंसा गरेको स्तुतिगान

**भजन ६८:१९-२०:** अनि सियोन कब्जा गरिएका सम्झनाहरूले परमेश्वरका जनहरूमा उहाँको प्रशंसा गर्ने इच्छा जगाए; यो अनिवार्य कुरा हो। अनि तिनीहरूको स्तुतिगानले परमेश्वरलाई उद्धारक र विनाशकको रूपमा पेश गरेको छ। उद्धारकको रूपमा उहाँले 'हाम्रा बोझहरू बोक्नुहुन्छ र हाम्रै निम्ति विजय हासिल गर्नुहुन्छ' (नोक्स)। उहाँ हाम्रो उद्धारका परमेश्वर हुनुहुन्छ र उहाँसँग मृत्युदेखि छुटकारा दिने शक्ति छ।

**भजन ६८:२१-२३:** अनि विनाशकको रूपमा उहाँले आफ्ना शत्रुहरूलाई चकनाचूर पार्नुहुन्छ – ती विद्रोहीहरूलाई, जसका लामा-लामा कपालले तिनीहरूको कानुन-विरुद्धको, दुष्ट चालचलन सङ्केत गर्छन्। उहाँले तिनीहरूलाई बाशानका बन्जर भूमिहरू र गहिरा-गहिरा समुद्रका तटहरूबाट खोजी-खोजी निकाल्ने प्रतिज्ञा गर्नुभयो। फलस्वरूप

इस्राएली जातिले तिनीहरूको रगतमा आफ्ना पाउहरू धुनेछ र यसका कुकुरहरूले तिनी-हरूका लाशहरू आफ्नो आहार बनाउनेछन्।

बाइस पदको सन्दर्भ इस्राएली जाति फेरि एकत्रित हुने कुरा होइन, तर इस्राएलका शत्रुहरूलाई ताकेर खतम पार्ने कुरा हो।

### च) भजन ६८:२४-२७: करार सन्दुक यरूशलेममा अवस्थित भएको पवित्र-स्थानतर्फ लैजाने शोभायात्रा

दाऊदले यरूशलेम कब्जा गरेको केही समयपछि तिनले करारको सन्दुक त्यसको निम्ति खड़ा गरेको पालमा ल्याउने बन्दोबस्त गरे (२ शमूएल ६:१२-१९)। अनि उक्त शोभायात्राको वर्णन यहाँ गरिएको छ। करारको सन्दुक पवित्रस्थानतर्फ लगिरहेको बेलामा भजनकारले मानौं यसो भनेका छन्ः 'हेर, यहाँ उहाँ आउँदै हुनुहुन्छ।'[49] गायक-मण्डल अघि हिँड्दैथियो, संगीतकारहरूको झुण्ड सबैभन्दा पछि आइरहेको थियो र बीचमा खैंजड़ी बजाउँदै गरेका तनेरीहरू हिँड़े। तिनीहरूको गीतका शब्दहरू के रहेछन्, सो सुनौंः

*'हे इस्राएलको मूलबाट निस्केकाहरूहो, सभाहरूमा परमेश्वर प्रभुलाई धन्यका भन!'*

सबै कुलहरूबाट प्रतिनिधिहरू उपस्थित थिएः दक्षिणबाट सानो बिन्यामिन र यहूदा थिए भने उत्तरबाट जबूलून र नप्ताली थिए।

### छ) भजन ६८:२८-३५: परमेश्वरको अन्तिम विजयको प्रत्याशामा हर्षोल्लास मनाउनेहरूको भीड़

अनि जब करारको सन्दुक मानिसहरूको नजरदेखि पालभित्र लोप भयो, तब बाहिर मानिसहरू अन्तिम प्रार्थनाको निम्ति एकत्रित भए (६८:२८-३१), र गीतका शब्दहरूद्वारा तिनीहरूले सारा पृथ्वीलाई परमप्रभुको स्तुति गर्ने आह्वान गरे (६८:३२-३५)।

**भजन ६८:२८-२९:** सर्वप्रथम यस प्रार्थनाले परमेश्वरलाई 'आफ्नो सामर्थ्यलाई आज्ञा गर्नुहोस्' भन्ने अनुरोध गरेको छ; उहाँले आफ्ना जनहरूको पक्षमा फेरि एकपल्ट आफ्नो शक्ति काममा लगाइदिऊन्; उहाँले तिनीहरूको निम्ति शुरु गर्नुभएको काम पूरा गरून्। अनि यस प्रार्थनाको उत्तर कहिले आउला त? त्यसको सम्पूर्ण उत्तर ख्रीष्टको हजार वर्षको राज्यमा आउनेछ, जब उहाँको मन्दिर यरूशलेमको महिमा हुनेछ अनि राजा-हरूले महाराजाकहाँ भेटीको रूपमा सुन र धूप ल्याउनेछन् (यशैया ६०:६)।

**भजन ६८:३०:** हिब्रू भाषामा यो तीस पद स्पष्ट छैन, तर हाम्रो विचारमा, यस पदले भन्न खोजेको कुरा यस प्रकारको छः मानिसहरूको विन्ती के थियो भने, 'हे परमेश्वर, पशुहरू र साँढ़ेहरूको बथानलाई हप्काउनुहोस्!' निगालो-घारीका पशुहरू भन्नाले हामीले गोहीहरू र जलगैंड़ाहरू बुझ्नुपर्ला होला, जसले मिस्र देशका शासक-हरूलाई सङ्केत गर्छन्। अनि साँढ़ेहरूचाहिँ? नोक्सको सुझाउअनुसार यी साँढ़ेहरू अन्य शासकहरू हुन्, जसले जातिहरूको शान्त बगालमाथि आफ्नो प्रभुत्व जमाउँछन्।

*'जबसम्म हरेकले चाँदीका टुक्राहरू लिएर आफूलाई अधीनतामा सुम्पिँदैन'* भन्ने वाक्यको अर्थ 'जबसम्म ती जातिहरू करको रूपमा चाँदी लिएर तपाईंको अघि झुक्दैनन्' होला, कि त 'जुन जातिहरू चाँदीको करले गर्दा फस्टाए, ती जातिहरू नहारेसम्म' हुनु सक्छ। यी दुईवटा अर्थहरू हामीलाई राम्रो लागेको छ। किनकि 'लड़ाइँमा खुशी हुने मानिस-हरूलाई तितरबितर पार्नुहोस्!' भन्ने सम्बन्धित विषय लिएर यो प्रार्थना अघि बढ़ेको छ। यी अनुरोधहरूको उत्तर ख्रीष्ट येशूको दोस्रो

आगमनमा आउनेछ, जुन बेलामा आक्रमण-कारीहरू र जङ्गबाजहरू नाश हुनेछन् ।

**भजन ६८ः३१ः** त्यस दिनमा मिस्र देशबाट राजदूतहरू कर लिएर आउनेछन्, र कूश देशले विन्तीभावको साथमा परमेश्वर-कहाँ आफ्ना हातहरू फैलाउँदै सम्पूर्ण पृथ्वीका राजालाई भक्ति र आदर गर्नेछ ।

**भजन ६८ः३२-३५ः** यी अन्तिम पद-हरूमा पृथ्वीका राज्यहरूलाई इस्राएलका परमेश्वरलाई आदर र प्रशंसाका योग्य परमेश्वर मानिलिने आह्वान गरिएको छ । यी पदहरूका शब्दले परमेश्वरको वैभव र उहाँको महानताको अद्‌भुत बोधको आभास दिलाएका छन् । उहाँ सर्वश्रेष्ठ हुनुहुन्छ, जसले प्राचीनकालदेखिको स्वर्गमाथि सवार गर्दै हुनुहुन्छ । उहाँ प्रकाशमान् परमेश्वर हुनुहुन्छ, जो शक्तिशाली आवाजको साथ बोल्नुहुन्छ । उहाँ सर्वशक्तिमान् हुनुहुन्छ, जो इस्राएलको पक्षमा बलवान् हुनुहुन्छ । अनि उहाँको सर्वशक्ति बादलहरूदेखि पार हुन्छ ।

उहाँ आफ्ना पवित्र स्थानहरूमा भययोग्य हुनुहुन्छ; तर झुकीकन उहाँ आफ्ना जन-हरूलाई बल र सामर्थ्य दिनुहुन्छ । तब भन्नको निम्ति एउटै कुरा मात्र रहेको छः *'परमेश्वर धन्यका होऊन् !'*

## भजन ६९ः हे परमेश्वर, मलाई बचाउनुहोस् !

हाम्रा परमधन्य मुक्तिदाताको निम्ति आफ्ना कष्टहरू र आफ्नो मृत्यु परमेश्वरको क्रोधको सागरमा डुबेको बराबर थियो । उहाँले भोग्न लाग्नुभएको दुःखको बारेमा बोल्नुहुँदा यो एउटा बप्तिस्मासित तुलना गर्नुभयो, जब उहाँले यसो भन्नुभयोः *'तर मैले लिनुपर्ने एउटा बप्तिस्मा छ, र त्यो पूरा नभएसम्म म कति चेपारोमा परेको हुन्छु'* (लूका १२ः५०) । अनि भजन ४२ः७ पदमा हामी उहाँको पुकारका निम्न शब्दहरू सुन्छौंः *'तपाईंका छाँगाहरूका आवाजमा गहिरोले गहिरोलाई बोलाउँछ; तपाईंका सबै छालहरू र तपाईंका लहरहरूले मलाई छोपेका छन् ।'* आफ्नो मृत्युको अत्यन्तै दर्दनाक र अति तिक्त अनुभवमा प्रभु येशूले हाम्रै पापको विरुद्धमा भएको परमेश्वरको न्यायको गहिराइ के हो, सो पूरा नाप्नुभयो ।

**भजन ६९ः१-३ः** अनि यहाँ भजन ६९ मा उहाँ मृत्युभित्र डुब्नुहुँदा उहाँको पवित्र मनका गहिरा-गहिरा श्रमहरू के-के थिए, सो सुन्न र जान्न हाम्रो सौभाग्य भएको छ । पानी बढ़ेर उहाँको घाँटीसम्म आइसक्यो र उहाँलाई डुबाउन आँटेको छ । उहाँलाई टेको दिने केही पनि थिएन; उहाँका पाउहरूमनि केवल एउटा गहिरो दलदल थियो । अनि अहिले बाढ़हरूले उर्लेर उहाँको शिर छोपिरहेका छन् । त्यो पानी गहिरो, अति गहिरो थियो; तब दाम तिरेर छुटाइएकाहरूमध्ये कसले कहीं यसको गहिराइ पत्ता लगाउला ? अनि कुरा साँचो होः परमेश्वरले न्यायका सबै पानीहरू एकै ठाउँमा, गलगथामा जम्मा पार्नुभयो, र उहाँका प्रिय पुत्र, उहाँको प्रेम-पात्रले हाम्रा पापहरूको ऋण तिर्नको निम्ति परमेश्वरको न्यायको यो महासागर पार गर्नुभयो ।

यस न्यायको पानीको विशाल पथहीन सागरको सतहमाथि 'हे परमेश्वर, मलाई बचाउनुहोस्, मलाई बचाउनुहोस्' भन्ने उहाँको अविरल पुकार प्रतिध्वनित हुन्थ्यो । उहाँले यसरी अनन्तसम्म गुहार गर्दै गर्नुभएको जस्तो छ । पुकार्दा-पुकार्दै उहाँको सोर भङ्ग भयो र ख्याप्पै सुक्यो । कतै परमेश्वरबाट सहायता आउँछ कि भन्ने आशामा निरन्तर क्षितिज हेरिरहेका उहाँका आँखाहरू सुन्निएर बन्द भए; तर कुनै सहायता भएन ।

**भजन ६९ः४ः** रिसाहा मानिसहरूको भीड़ले विषालु भावना, घृणा, कटुता र निर्दयताको उम्लिरहेको मिश्रण लिएर क्रूसको

अघि यता र उता गरिरह्यो। ब्रह्माण्डको सृष्टिकर्ता र पालनहार अपराधीझैं क्रूसमाथि झुन्डिनुभएको र उहाँका हत्याराहरू उहाँको सामु भेला भएको कस्तो दृश्य! यी अपराधीहरू को हुन् त? तिनीहरू ती स्त्री र पुरुषहरू हुन्, जो आफ्नो जीवनको एक-एक सासको निम्ति उहाँको ऋणी थिए, र पनि उहाँलाई विनाकारण घृणा गर्थे। तिनीहरूले उहाँलाई नाश गर्न दृढ़ निश्चय गरे; तिनी-हरूले झूटा आरोप लगाएर उहाँमाथि आक्रमण गरे।

किन? मेरा प्रभुले कुनचाहिँ अपराध गर्नुभएको? केले गर्दा यत्रो रिस, यत्रो द्वेष?
उहाँले लङ्गड़ाहरूलाई हिँडूने तुल्याउनुभयो;
उहाँले अन्धाहरूलाई दृष्टिदान दिनुभयो।
तिनीहरूको चङ्गाइ उहाँको अपराध ठहरियो, कि कसो हो?
बिचरा! तिनीहरू नै नाराज भए र उहाँको विरोधमा उठे, कसरी?

श्री सामुएल क्रसम्यान

अब मुक्तिदाता प्रभुका ओठहरूबाट यो मर्मस्पर्शी वाक्य फुटेर निस्कन्छः 'मैले चोरी नगरेको चीज मैले फिर्ता गरें।' मानिसको पापले परमेश्वरबाट सेवा, उपासना, आज्ञा-कारिता र महिमा लुट्यो भने त्यसले मानिसबाट जीवन, शान्ति, आनन्द र परमेश्वरसँगको सङ्गति लुट्यो। यसैले कुरा साँचो होः ख्रीष्ट येशू आफूले चोरी नगरेको चीज फिर्ता गर्न आउनुभयो।

आफ्नो परमसुन्दर ईश्वरीय वेशभूषा एकातिर फालेर उहाँले आफ्नो ईश्वरत्वमाथि देहको घुम्टो हालिदिनुभयो;
अनि त्यस माटोको चोलामा उहाँको अद्भुत प्रेमको प्रदर्शन भयो, र यसरी उहाँ आफूले लाँदै नलगेको कुरा फिर्ता गर्नुभयो।

अज्ञात लेखक

यस सम्बन्धमा उहाँले हामीलाई दोष-बलिको सम्झना गराउनुहुन्छ (लेवी ५)। त्यस दोष-बलिको मुख्य विशेषता के थियो भने, त्यस दोष-बलि चढ़ाउने व्यक्तिले क्षतिको निम्ति भर्ना गर्नुपरेको थियो र त्यसमाथि त्यसको पाँचौं भाग थप्नुपर्थ्यो। हाम्रो दोष-बलिको रूपमा प्रभु येशूले मानिसको पापले चोरी गरेको कुराको क्षतिपूर्ति मात्र गर्नुभएन, तर उहाँले त्यसमाथि अझ थपिदिनुभयो। किनकि परमेश्वरले ख्रीष्ट येशूले पूरा गर्नुभएको त्राणको कामद्वारा जति महिमा प्राप्त गर्नुभयो, त्यति महिमा त संसारमा पाप पस्दै नपसेको भए उहाँले प्राप्त गर्नुहुनेथिएन। पापद्वारा उहाँले सृष्टि गरिएका प्राणीहरूलाई गुमाउनुभयो, तर अनुग्रहद्वारा उहाँले पुत्रहरूलाई प्राप्त गर्नुभयो। पापमा पतित नभएको आदममा हामी जेजस्ता हुनेथियौं, त्योभन्दा कता हो कता उत्तम हाम्रो अवस्था ख्रीष्टमा छ।

ख्रीष्ट येशूमा आदमका सन्तानहरू गर्व गर्छन्, किनकि तिनीहरूका पुर्खाले गुमाएको भन्दा बढ़ी आशिषहरू तिनीहरूले उहाँमा पाएका छन्।

**भजन ६९ः५ः** यस पदको सन्दर्भ हाम्रै पापहरू हुन्, जुन पापहरू प्रभु येशूले राजीखुशीले आफूमाथि लदाउनुभयो। उहाँमा कुनै मूर्खता, कुनै भूल वा गल्ती छँदैथिएन, तर उहाँले हाम्रा पापहरू र हाम्रा शोकचिन्ताहरू लिनुभयो र ती आफ्नै तुल्याउनुभयो। उहाँले आफूलाई हामीसित यति साह्रै एक तुल्याउनुभयो, कि हाम्रा पापहरू उहाँकै पापहरू भए – त्यो कति अद्भुत अनुग्रह हो!!

**भजन ६९ः६ः** तब एक किसिमको डरले उहाँको पवित्र हृदयमा एउटा कालो छाया हाल्यो। किनकि उहाँले परमेश्वर पितासित गर्नुभएका प्रार्थनाहरू उत्तर नमिलेका देखेर कतिजना इमानदार ख्रीष्ट-विश्वासीहरूले ठक्कर पो खालान् कि भन्ने उहाँलाई डर भयो। यस्तो कदापि हुनुहुँदैनथियो। उहाँसित

जेजस्तो भइरहेको थियो, यसको खातिर परमेश्वरमाथि आशा राख्ने कोही पनि शर्ममा पर्नुहुँदैनथियो। अनि उहाँ अपमानित हुनुभएको र त्यागिनुभएको हुनाले इस्राएलका परमेश्वरको खोजी गर्ने कोही पनि लज्जित नहोस् – यही उहाँको प्रार्थना थियो।

**भजन ६९:७-८:** तर पिताकै इच्छाप्रति आज्ञाकारी हुनुभएको हुनाले उहाँले निन्दा सहनुपरिरहेको थियो। परमेश्वरलाई खुशी तुल्याउनमा उहाँको आनन्द हुन्थ्यो; अनि यस कुराले मानिसहरूलाई असाध्य शर्मले उहाँको अनुहार छोप्ने र उहाँको अनुहारमा थुक्ने अवसर दिलायो। उहाँले आफ्नो आज्ञाकारिताको निम्ति दाम चुकाउनुपर्‍यो: उहाँकी आमाका छोराछोरीहरूबाट त्यागिएको विछोड़को व्यथा थियो। किनभने उहाँका भ्फट्केला भाइहरूले उहाँलाई पागल ठाने।

**भजन ६९:९:** प्रभु येशूलाई आफ्ना पिताको घरको जोशले खाएको थियो। जब-जब मानिसहरूले परमेश्वरको विरुद्धमा निन्दा गरेको उहाँले सुन्नुहुन्थ्यो, तब-तब उहाँले त्यो आफ्नै निन्दा गरिएको ठान्नुहुन्थ्यो। उहाँले यरूशलेममा रुपियाँपैसा साट्ने सराफीहरूलाई मान्दिर-परिसरबाट लखेट्नुभएको दिनको कुरा होः त्यस बेलामा उहाँका चेलाहरूले 'तपाईंको घरको जोशले मलाई खाएको छ' भन्ने कुरा भजन ६९ मा लेखिएको छ भनी सम्भ्फे (यूहन्ना २:१७)।

**भजन ६९:१०-१२:** प्रभु येशू सिद्ध मानिस हुनुहुन्थ्यो; तर उहाँले यस धरतीमा जेजस्तो गर्नुभए पनि त्यसको एउटै पनि कामले उहाँको आलोचना गर्नेहरूलाई खुशी तुल्याउन सकेन। उहाँले उपवास बसेर आफ्नो प्राणलाई ताड़ना दिनुहुँदा पनि तिनीहरूले उहाँलाई 'खूब धर्मात्मा हुन खोजेको हँ' भन्दै दोषी ठहर्‍याउन खोजे। उहाँ गहिरो शोकमा डुब्दा पनि तिनीहरूले उहाँलाई सहानुभूति देखाउनको सट्टामा उहाँ तिनीहरूको निम्ति निन्दाकै पात्र पो हुनुभयो। शहरको मूल-ढोकामा बस्ने शासकहरूदेखि लिएर रक्सीका भट्टीहरूमा लगाम छोड़ेर चर्को सोरले उपहासपूर्ण गीतहरू गाउँदै गरेका मतवालाहरूसम्म समाजका सबै वर्गका मानिसहरूले उहाँको विरुद्धमा कुरा गर्थे। यो कति अनौठो कुरा होः जीवन र महिमाका प्रभु यस संसारमा आउनुभयो र उहाँ मतवालाहरूको गीतको विषय बन्नुभयो।

**भजन ६९:१३-१८:** यसकारण प्रभु येशू फेरि परमेश्वर, आफ्ना एकमात्र सहाराकहाँ जानुभयो। उहाँको प्रार्थनामा कति तीव्रता, कति एकाग्रता र कति जोर थियो! उहाँले निरन्तर गुहार माग्दै गरेका आफ्ना आग्रहहरूद्वारा स्वर्गका बुर्जहरू हल्लाइसक्नुभयो। तर यसो गरे तापनि उहाँले परमेश्वरलाई ग्रहणयोग्य समयमा प्रार्थनाको उत्तर दिने छुट दिनुभयो। जब उहाँ दलदलमा भासिनुभयो; तब तत्कालै उहाँले परमेश्वरलाई अनुरोध गर्नुभयो: 'आफ्नो विश्वासयोग्यतामा मलाई सहायता गर्नुहोस्, र मलाई बचाउनुहोस्! मलाई मेरा शत्रुहरूबाट छुटकारा दिलाउनुहोस्! अनि गहिरो पानी, बाढ़ी र खाड़लबाट मलाई बचाउनुहोस्!' आफ्नो आपद्‌विपद्‌को गहिराइमा उहाँले आफ्ना आग्रहहरू परमेश्वरको दयामा र उहाँका कोमल कृपाहरूमाथि बिछाउनुभयो। उहाँका निवेदनहरू छोटा र विषयबद्ध थिए, जस्तैः 'मेरो विन्ती सुन्नुहोस्, मतिर फर्कनुहोस्, आफ्नो अनुहार मदेखि नलुकाउनुहोस्, मेरो नजिक आउनुहोस्, दाम तिरेर मलाई छुटाउनुहोस् र मेरो छुटकारा गराउनुहोस्!' 'मेरा शत्रुहरूको खातिर मलाई छुटाउनुहोस्' भनेको मतलब 'नत्र ता तिनीहरूले मेरो कम नभएको कष्ट देखेर खुच्चिङ मच्चाउलान्' भन्नु हो।

**भजन ६९:१९-२०:** आफ्ना शत्रुहरूको कुरा गर्नसाथ उहाँले मानिसहरूको हातबाट

सहनुभएका सबै दुःखकष्टहरूको आलो सम्झना गर्नुभयो। उहाँले जीवनभरि निन्दा, शर्म र अनादर सामना गरिरहनुपर्‍यो। आफ्नो बाल्यावस्थामा विरोधीहरूले उहाँलाई खेदो गरेका थिए। तिनीहरूको सङ्ख्या कति थियो, सो परमेश्वरलाई थाहा छ। आदमका सन्तानहरूको निम्ति भलो मात्र चिताउने उहाँको हृदय अपमानहरूले छिया-छिया भयो। खेद र उदासीपनले उहाँलाई हताश बनाएको थियो। उहाँको शोक र दुःखमा उहाँलाई टिठ्याउने कोही पनि भएन। उहाँले व्यर्थैमा सान्त्वना दिनेहरूको खोजी गर्नुभयो। अँ, उहाँका चेलाहरूले पनि उहाँलाई छोड़े, र भागे। उहाँ एकलै हुनुभयो।

**भजन ६९:२१:** त्यसपछि हामी यहाँ दाऊदले बोलेका आश्चर्यचकित तुल्याउने भविष्यवाणीहरूमध्ये अर्को एउटा पढ्न पाएका छौं, जुन भविष्यवाणी प्रभु येशूमा पूरा भयोः *‘अनि खानको निम्ति तिनीहरूले मलाई पित्त दिए, र मलाई तिर्खा लाग्दा पिउनलाई तिनीहरूले मलाई सिर्का दिए।’* यो कुरा मत्ती २७:३४ र ४८ पदमा पूरा भयोः *‘तब तिनीहरूले उहाँलाई पित्त मिलाएको सिर्का पिउन दिए; अनि उहाँले चाख्नुभएपछि पिउने इच्छा गर्नुभएन। ... अनि उत्तिखेरै तिनीहरू-मध्ये एकजनाले दगुरेर एउटा स्पन्ज लियो, त्यसमा सिर्का भर्‍यो, र त्यो एउटा निगालोमा राखी उहाँलाई पिउन दियो।’*

पित्तचाहिँ एउटा तीतो र सम्भवतः विषालु पदार्थ थियो, जसको थोरै मात्राको सेवनले शामक औषधिको काम गर्थ्यो। प्रभु येशूले त्यो पिउने इच्छा गर्नुभएन; किनभने पूरा होशमा रहेर उहाँले हाम्रो सट्टामा दुःख भोग्नैपर्नेथियो। अनि त्यो सिर्काचाहिँ? यो त अमिल्याएको अङ्गुरको रस थियो, जसले तिर्खा मेटाउनुको सट्टामा बरु तिर्खा झन् बढ़ाउने गर्थ्यो।

**भजन ६९:२२:** यस बाइस पदमा आएर यस भजनको तरङ्गमा अकस्मात् परिवर्तन भएको छ। अनि आउँदा सातवटा पदहरूमा हामी मृत्युको मुखमा पुगिसक्नुभएको मुक्तिदाता प्रभुले परमेश्वरलाई पुकार्नुभएको पाउँछौंः उहाँले प्रभु येशूलाई मृत्यु-दण्डको योग्य ठहर्‍याउने त्यस जातिलाई दण्ड दिऊन्। प्रभु येशूले *‘हे पिता, तिनीहरूलाई क्षमा गर्नुहोस्; किनकि तिनीहरूले के गरिरहेका छन्, सो जान्दैनन्’* भनेर प्रार्थना गर्नुभएको कुरा याद गर्दाखेरि हामीलाई शुरुमा कस्तो-कस्तो लाग्छ (लूका २३:३४)। तर वास्तवमा ती दुईवटा प्रार्थनाहरूको बीचमा मेल नखाने कुरा छैन। ती मानिसहरूले पश्चात्ताप गरेका भए अवश्यै पापको क्षमा पाउनेथिए। तर तिनीहरूको हृदयमा कुनै बदलाव नआएको खण्डमा तिनीहरूको निम्ति यहाँ बयान गरिएको न्यायमा पर्नुबाहेक अरू के बाँकी रहन सक्थ्यो र?

यहाँ जान्नुपर्ने महत्त्वपूर्ण कुरा के हो भने, यी पदहरूको खास सन्दर्भचाहिँ इस्राएली जाति हो। रोमी ११:९-१० पदमा प्रेरित पावलले भजन ६९:२२ र २३ पदहरू इस्राएलसितै सम्बन्धित रहेका बताएका छन्। अनि पच्चीस पदमा ‘तिनीहरूका तम्बूहरू’ भनेर यहूदीहरूको छाउनीको कुरा गरिएको स्पष्ट बुझिन्छ; किनकि यो एक विशिष्ट यहूदी शब्द हो।

यी पदहरूले त्यही यहूदी-जातिका मानिसहरूमाथि आइपर्ने न्यायको बारेमा भविष्यवाणी गरेका छन्, जुन मानिसहरूले आफ्ना मसीहलाई रद्द गरे, र जो उहाँको क्रूसीकरण पूरा गर्नमा सफल भए।

तिनीहरूको टेबल एउटा पासो बन्नेथियो। उक्त टेबल भन्नाले इस्राएली जातिका सबै सौभाग्यहरू बुझिन्छ, जुन सौभाग्यहरू परमेश्वरले आफ्ना जनहरूलाई प्रदान

गर्नुभयो; किनकि तिनीहरू यस पृथ्वीमा उहाँको एकमात्र चुनिएको जाति थिए। तर यी सौभाग्यहरू आशिष हुनुको सट्टामा बरु तिनीहरूलाई दोषी ठहऱ्याउने नाप र मापक पो बन्नेथिए।

जब तिनीहरू समृद्धि उपभोग गर्छन्, (हिब्रूमा 'शलोम' अर्थात् शान्ति), तब यो तिनीहरूको निम्ति धराप बन्नेथियो। जब यस जातिका मानिसहरू 'सबै ठिक्कै छ' सम्झन्छन्, तब अचानक तिनीहरूमाथि सङ्कट आइपर्नेछ।

**भजन ६९:२३:** तिनीहरूका आँखाहरू देख्नै नसक्ने गरी अँध्यारा हुनेथिए। यसको सन्दर्भ तिनीहरूको सजायरूपी अन्धापन हो। यो अन्धापन इस्राएली जातिमाथि परेको छ (२ कोरिन्थी ३:१४)। तिनीहरूले ईश्वरीय प्रकाश रद्द गरेका हुनाले तिनीहरूलाई फेरि कुनै नयाँ प्रकाश दिइनेछैन।

तिनीहरूका कम्मरहरू निरन्तर कामिरहनेथिए। तिनीहरू जाति-जातिहरूको बीचमा तितरबितर भएर तिनीहरूका पैतालाहरूले विश्राम पाउनेथिएनन्, तर परमप्रभुले तिनीहरूलाई कामिरहने हृदय, धमिलो देख्ने आँखाहरू र मनको व्याकुलता दिनुहुनेथियो (व्यवस्था २८:६५)।

**भजन ६९:२४:** परमेश्वरको क्रोध तिनीहरूमाथि खनिनेथियो, र उहाँको बल्दो रिसले तिनीहरूलाई पक्रनेथियो। यहूदीहरूको विरोधमा ती डरलाग्दा-डरलाग्दा हत्याकाण्डहरू, ती नजरबन्दी शिविरहरू, ती ग्यास-च्याम्बर र भट्टीहरूमा उक्त भविष्यवाणी कसरी पूरा भयो, सो हामी तिनीहरूको निम्ति ठूलो सहानुभूति र संवेदना प्रकट गर्दै सम्झना गर्छौं। हो, दुष्ट मानिसहरूले ती क्रूरताहरू पूरा गरे, तापनि परमेश्वरले यहूदीहरूसित यसो हुन दिनुभयो; यसमा शङ्का छैन। किनकि तिनीहरूले यसो भनेः *'त्यसको रगत हामीमाथि र हाम्रा छोराछोरीहरूमाथि परोस्'* (मत्ती २७:२५)।

**भजन ६९:२५:** तिनीहरूको वासस्थान उजाड़ हुनेथियो र तिनीहरूका पालहरूमा कोही पनि बस्नेथिएन। यहाँ, यस ठाउँमा हामी मत्ती २३:३८ पदमा ख्रीष्ट येशूले भन्नुभएका निम्न शब्दहरू याद गर्छौं: *'हेर, तिमीहरूको घर तिमीहरूको निम्ति उजाड़ छोड़िन्छ।'* प्रभु येशूको वचन इस्वी संवत् ७० सालमा अक्षरशः पूरा भयो, जब रोमी सेनापति टाइटस र तिनको रोमी सेनाले यरूशलेमलाई ध्वंस पारे र यसको मन्दिर नाश गरे।

**भजन ६९:२६:** के तिनीहरूमाथि आइपरेको उक्त सजाय तपाईंलाई बढ़ी भएको लाग्दैछ? तब तपाईंले त्यसको कारण याद गर्नुहोला, र तिनीहरूको परम अपराध सम्झनुपर्छ।

*'किनकि जसलाई तपाईंले हिर्काउनुभएको छ, उसैलाई तिनीहरू सताउँछन्; र जसलाई तपाईंले घायल पार्नुभएको छ, तिनीहरू उनीहरूकै शोकको विषयमा कुरा गर्छन्।'*

आउनुहोस्, हामी दाखबारीको दृष्टान्तको कुरा सुनौं! किनकि मत्ती २१:३८ पदमा दाखबारीका मालिकका छोराको विषयमा किसानहरूले यसो भनेका लेखिएको छः *'हकवाला यही हो; आओ, हामी यसलाई मारौं, र यसको हकको सम्पत्ति हड़प गरौं!'* उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनी तिनीहरूलाई थाहै थियो, र पनि तिनीहरूले उहाँको हत्या गरे। अनि भजन ६९:२६ पदको खण्ड ख) को वाक्यले ख्रीष्ट येशूका ती चेलाहरूलाई बयान गरेको छ, जो उहाँको निम्ति शहीद हुनेथिए।

**भजन ६९:२७-२८:** यो कुरा ध्यानमा राखी मुक्तिदाता प्रभुका निम्न शब्दहरूको कठोरताको निम्ति खेद प्रकट गर्नुपर्ने आवश्यकता देखिँदैन।

*'तिनीहरूको अधर्ममाथि अधर्म थपिदिनुहोस्, अनि तिनीहरूलाई तपाईंको धार्मिकतामा आउन नदिनुहोस् । जीवितहरूको पुस्तकबाट तिनीहरू मेटिऊन्, र धर्मी जनहरूसँग तिनीहरूको नाम नलेखियोस् ।'*

यसो भए पनि हामीले यो कुरा भुल्नुहुँदैनः परमेश्वरका पुत्र क्रूसमा टाँगिनुभएपछि पनि परमेश्वरको आत्माले इस्राएली जातिलाई तिनीहरू पश्चात्ताप गरेर उहाँकहाँ फर्किआऊन् र प्रभु येशूलाई मसीहको रूपमा स्वीकार गरून् भनी आग्रह गर्नुभयो । प्रेरितहरूको पुस्तकमा वर्णन गरिएको सारा अवधिमा परमेश्वरको हृदयको धड्कन छाम्न सक्नुहुन्छ; उहाँ आफूले प्रेम गर्नुभएको त्यस जातिप्रति उत्कट चाहना राख्नुभयो र बड़ो प्रेमको साथ तिनीहरूलाई उहाँको कृपा र अनुग्रह ग्रहण गर्ने निम्तो दिनुभयो । अनि वर्तमान समयमा पनि अन्यजातिहरूलाई गरेजस्तै यहूदी मानिसहरूलाई पनि सुसमाचार प्रचार गरिँदैछ। यसकारण बुझ्नुहोस्ः भजन ६९ः२२-२८ पदहरूको खण्डमा उल्लेखित न्यायका दण्डहरू केवल ती मानिसहरूले भोग्नेछन्, जसले परमेश्वरका ख्रीष्टलाई तिरस्कार गरेर जानी-बुझी त्यस्तै दुर्भाग्य रोच्छन् ।

**भजन ६९ः२९ः** यस पदमा प्राण त्याग्ने बेलामा पापी मानिसहरूका मित्र येशूबाट बोलिएको अन्तिम शब्द दिइएको छ। अवर्णनीय पीड़ाले छट्पटिरहनुभएको बेलामा उहाँले 'तपाईंको उद्धारले मलाई सुरक्षासाथ उच्च स्थान राखोस्' भनेर प्रार्थना गर्नुभयो । अनि ठीक त्यस्तै हुन आयो पनि। उहाँ मर्नुभएको तेस्रो दिनमा परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभयो, र उहाँलाई प्रभु र मुक्तिदाताको रूपमा आफ्नै दाहिने हातपट्टि बसाउनुभयो। पापको निम्ति उहाँले सहनुभएका उहाँका कष्टहरू सदा-सर्वदाको निम्ति समाप्त भए। अनि हामी यसमा आनन्दित छौं ।

अबदेखि उसो परमप्रभु परमेश्वरले फेरि कहिल्यै हाम्रा प्राणको गोठालालाई प्रहार गर्नुहुनेछैन;
अनि क्रूर पापीहरूले फेरि कहिल्यै हाम्रा महिमित प्रभुसित तुच्छ व्यवहार गर्न पाउनेछैनन् ।

श्री रोबर्ट सी. च्यापम्यान

यसकारण हामी यसो भन्ने गीत गाउँछौंः

जुन आँधीबेह्रीले तपाईंको धन्यको शिर निहुराइदियो, त्यो आँधीबेह्री अब सदाको निम्ति शान्त भएको छ, अनि यसको सट्टामा तपाईंको शिरमाथि महिमाको मुकुट छ, र त्यो स्वर्गीय विश्राम हाम्रै भएछ ।

श्री एच. रोसियर

**भजन ६९ः३०-३३ः** यी अन्तिम सात पदहरूमा बोल्ने वक्ता हाम्रा बौरिउठ्नुभएको मुक्तिदाता हुनुहुन्छ। पहिले परमेश्वरले उहाँलाई मृत्यु र चिहानबाट छुटकारा दिनुभएकोमा प्रभु येशूले पिता परमेश्वरको बढ़ाइ गर्ने भाकल गर्नुहुन्छ। उहाँ गीतद्वारा परमेश्वरको नामको प्रशंसा गर्नुहुनेछ र धन्यवाद दिँदै उहाँको बढ़ाइ गर्नुहुनेछ। यस कुरामा परमप्रभुको निम्ति महँगा-महँगा बलिदानहरूमा भन्दा धेरै अर्थ र महत्त्व हुन्छ। सबै ठाउँहरूका थिचोमिचोमा परेका मानिसहरू तब ढाड़स पाउँछन्, जब तिनीहरू यो कुरा बुझ्छन्ः जसरी परमप्रभुले मुक्तिदाता प्रभुका प्रार्थनाहरू सुनेर उहाँलाई छुटकारा दिनुभयो, त्यसरी नै उहाँले खाँचोमा परेकाहरूको पुकार सुन्नुहुनेछ र ती कैदीहरूलाई छुटकारा दिनुहुनेछ, जसले उहाँलाई पुकार गर्छन् ।

**भजन ६९ः३४-३६ः** अनि इस्राएली जातिको विषयमा कसो हो? यी अन्तिम तीनवटा पदहरूले तिनीहरूको उज्ज्वल भविष्यको पूर्वजानकारी गरेका छन्। फिलहालमा तिनीहरू अस्थायी रूपले रद्द

गरिएका छन्; तर इस्राएली जाति फेरि आशिषको स्थानमा पुनर्स्थापित हुनेछ। अँ, जब तिनीहरूले उहाँलाई हेर्नेछन्, जसलाई तिनीहरूले घोचेका थिए, जब तिनीहरूले आफ्नो एकमात्र छोराको निम्ति विलाप गरेझैं उहाँको निम्ति विलाप गर्नेछन्, अनि जब तिनीहरूले यसो भन्नेछन्: 'परमप्रभुको नाममा आउनुहुने धन्यका हुनुहुन्छ', तब, अँ, तब नै परमेश्वरले सियोनलाई बचाउनुहुनेछ, र यहूदाका शहरहरू पुनर्निर्माण गर्नुहुनेछ। त्यस समयदेखि उसो तिनीहरू जाति-जातिहरूको बीचमा छरपस्ट हुनेछैनन्, तर उहाँका दासहरूले देशमा वास गर्नेछन् र उनीहरूका छोराछोरीहरूले त्यो अधिकार गर्नेछन्। त्यस कुराले ख्रीष्टको हजार वर्षको राज्यतिर पूर्वदृष्टि लगाइदिन्छ, जुन समयमा मसीह राजा हुनुभएको प्रभु येशूले राज्य गर्नुहुनेछ र इस्राएल जातिले सुरक्षासाथ देशमा वास गर्नेछ।

## भजन ७०: हे परमेश्वर, मलाई झट्टै सहायता गर्नुहोस्!

भजन ७० को अधिकांशमा भजन ४०:१३-१७ पदहरू दोहोरिएका छन्। अनि यसको शीर्षकमा 'याद दिलाउनको निम्ति दाऊदको भजन' लेखिएको छ। यो भजन चारवटा चरणहरूमा छुट्टिन सकिन्छ, जस्तैः

### क) भजन ७०:१: मलाई सहायता गर्न हतार गर्नुहोस्!

श्री जी. च्याम्पबेल मोर्गनले 'चिन्ताले ग्रस्त भएको मानिसको तीव्र सुँक्कसुँक्क' भन्ने शीर्षक दिएका छन्। अनि एक पदबाट हामी यस प्रकारको छाप पाउँछौं; किनकि दाऊदले यहाँ परमप्रभुसित 'मलाई छुटाउन हतार गर्नुहोस्' भनी आग्रहपूर्वक विन्ती गरेका छन्।

### ख) भजन ७०:२-३: पूरा तौरले दण्ड दिनुहोस्!

यस घड़ीमा तिनका शत्रुहरूको हार र लाज तिनको चिन्ताको मुख्य विषय रहेछ। तिनले तिनीहरूलाई के आरोप लगाउँछन् भने, तिनीहरूले तिनलाई मार्न खोजे; तिनीहरूले तिनको हानिबाट खूब मज्जा लिए; अनि तिनीहरूले तिनको विपत्तिमा खिसी गरेर हाँसे। यसकारण तिनको विन्ती थियोः तिनीहरू अक्क न बक्क परून्, तिनीहरू पछि हटून्, तिनीहरू शर्ममा परून्, अँ, तिनीहरू अझै शर्मले भुतुक्कै भएर पानी-पानी होऊन्।

### ग) भजन ७०:४: तपाईंको प्रशंसा निरन्तर भइरहोस्!

यहाँ विचार-धारा कहाँदेखि कहाँसम्म बहेको छ? परमेश्वरले भजनकारको उद्धार गर्नुभयो भने यसको निम्ति उहाँमाथि प्रशंसाको ठूलो वर्षा बर्सिनेछ। किनकि परमप्रभुको खोजी गर्नेहरू सबैले उहाँको सहायताले गर्दा उहाँको बढ़िबढ़ाइ गर्नेछन् र उहाँलाई उद्धारका महान् परमेश्वर भनी आराधना गर्ने सुअवसर पाउनेछन्।

### घ) भजन ७०:५: मलाई झट्टै सहायता गर्नुहोस्!

फेरि पनि यी सहाराहीन व्यक्तिबाट 'छिटोभन्दा छिटो मलाई बचाउनुहोस्' भन्ने पुकार उठेको छ। यसमा दाऊदको विश्वास उड्ने विश्वास थिएन; तर परमप्रभु तिनका सहारा र तिनका उद्धारक हुनुहुन्छ भन्ने तिनको विश्वास त थियो; अनि यस किसिमको विश्वास इनाम नपाई कहिल्यै खेर जानेछैन।

## भजन ७१ः वृद्ध भएको अवस्थामा

भजनलेखकका अनुभवहरू र इस्राएली जातिका अनुभवहरूको बीचमा ठूलो समानता रहेको छ। श्री जोह्न जी. बेलेटले गरेको सुझाउअनुसार यो भजन इस्राएली जातिको 'वृद्ध अवस्था'मा बाँकी रहेको भागरूपी इस्राएलीहरूले कष्ट पाउँदा गरेको प्रार्थनाको रूपमा अध्ययन गर्न सकिन्छ।[50)]

**भजन ७१ः१-३ः** शुरुका यी तीनवटा पदहरू भजन ३१ः१-३ पदहरूसँग मिल्दा-जुल्दा छन्। परमप्रभु आश्रय, चट्टान र गढ़ हुनुहुन्छ; अनि यसको निम्ति यहाँ उहाँको प्रशंसा गरिएको छ। भजनलेखकले छुटकारा, उद्धार र रक्षा पाउन उहाँमाथि भरोसा राखे; साथै बचाउको निम्ति उहाँलाई शरणस्थानको चट्टान र गढ़ बनाए; यो भरोसा खेर नजाओस् र सत्य ठहरिएको होस् भनेर तिनले अनुरोध गरे।

**भजन ७१ः४ः** यो प्रार्थना अघि बढ्दै जाँदा के थाहा लाग्छ भने, दाऊद बितेको समयमा परमेश्वरको सहायता पाएकोमा पूरा कृतज्ञ थिए; अनि तिनले आफ्नो बुढ़ेसकालमा उहाँको अटुट दया पाउँछु भन्ने भरोसा व्यक्त गरे।

यस भजनको अर्थ हामी इस्राएली जातिमाथि लागू गर्नु हो भने, चार पदमा उल्लेख गरिएको त्यो दुष्ट, अधर्मी र निर्दयी व्यक्तिचाहिँ ख्रीष्ट-विरोधी हो। त्यसको तानाशाह शासनको आतङ्कले पवित्र जनहरूको धैर्य सीमासम्म जाँच्नेछ र तिनी-हरूबाट गुहार माग्न परमजरुरी विन्तीहरू निकाल्नेछ।

**भजन ७१ः५-६ः** त्यो मानिस धन्यको हो, जसले 'मेरो बालककालदेखि परमेश्वर मेरा आशा र भरोसा हुनुभएको छ' भनेर भन्न सक्छ। जसले जन्मदेखि नै परमप्रभुमाथि अड़ेस लाग्न सिकेको छ, उसका जीवन अस्ताउने अन्तिम वर्षहरूमा उसलाई कुनै सहाराको अभाव हुनेछैन। उसले जन्मेको घड़ीदेखि आफ्नो जीवनमा परमेश्वरको अद्‌भुत अनुग्रह पत्ता लगाउन सक्यो भने आफ्नो जीवनका पछिल्ला वर्षहरूमा पनि उसलाई उहाँको प्रशंसा गर्ने कारणहरूको अभाव हुनेछैन।

**भजन ७१ः७-८ः** भजनकारले सहेको घोर तिरस्कार र कष्टको कारणले तिनी धेरैजनाको निम्ति एउटा आश्चर्यकर्म थिए; अनि ठीक त्यस्तै शायद तिनले अनुभव गरेका अद्‌भुत छुटकाराहरूको कारणले पनि तिनी तिनीहरूको ताजुब लाग्ने कारण थिए होलान्। तर तिनको जीवनका परिवर्तनशील परिस्थितिहरूबाट भएर जाँदा पनि परमेश्वर तिनको निम्ति बलियो शरणस्थान हुनुहुन्थ्यो। अनि यसकारण तिनले हरेक दिनमा आफ्नो मुख उहाँको प्रशंसा र उहाँको आदरले भरिएको चाहन्थे।

**भजन ७१ः९ः** *'बुढ़ेसकालमा मलाई नफाल्नुहोस्; मेरो बल घटेको बेलामा मलाई नत्याग्नुहोस्।'*

> 'गरिमापूर्ण रूपले वृद्ध हुँदै जानको निम्ति प्रकृतिले हामीलाई दिन सक्ने निगाहभन्दा बढ़ी अनुग्रहको आवश्यकता पर्छ। बुढ़ेसकालचाहिँ अनौठा संघर्षहरू र गुप्त डरहरूले पूर्ण एउटा नौलो दुनियाँ हो, जस्तैः एकलै छोड़िने डर, आफ्ना प्रियजनहरूको निम्ति भार र बोझ बन्ने डर, असहाय र अशक्त हुने डर, आत्मसंयमी हुन छोड़िने डर, झूटो आरोपको सिकार बनिने डर आदि। ती डरहरूमा कुनै नौला कुरा छैन। यसकारण यहाँ भजनलेखकले जीवनको शरत्‌कालका वर्षहरूमा जिइरहेकाहरूलाई उत्साह दिन आफ्नो मनको कुरा प्रकट गरेका छन्।'
>
> स्क्रिप्चर यूनियनका दैनिक पाठहरूबाट उद्धृत

**भजन ७१:१०-११:** अवश्यै पनि तिनलाई अर्को डर पनि थियोः ती शत्रुहरूबाट तिनलाई डर लागेको थियो, जसले तिनको बदनाम गर्ने गर्थे र तिनको हत्या गर्ने युक्ति रचे। परमेश्वरले तिनलाई त्याग्नुभएको गलत विचार गरेर तिनीहरू आफ्नो अन्तिम हमला गर्ने तयारीमा थिए; 'हाम्रो प्रतिरोध कसले गर्ला र' भनेर तिनीहरू ढुक्क र निष्फिक्री थिए।

**भजन ७१:१२-१३:** त्यस सङ्कष्टले तिनलाई आपत्कालीन पुकार गर्ने प्रेरणा दिलायो; यसमा तिनले परमेश्वरलाई 'मेरो पक्षमा लड्न आउनुहोस् र मलाई सहायता गर्नुहोस्' भनेर आग्रह गरे। परमेश्वरको निम्ति ती शत्रुहरूलाई शर्म र हार खुवाउन, निन्दा र अपमानले पुरिदिन कुनै थप कष्ट हुनेथिएन।

**भजन ७१:१४-१६:** तर छिट्टै आशाले तिनको डर जितेछ; अनि डरको सट्टामा तिनको प्रशंसाले आफ्नो चर्को उत्कर्ष सोर सुनाउन थाल्यो। यस स्तुतिगानका शब्द-हरूको बोल सुन्नुहोस्; किनकि यसमा परमेश्वरका धर्ममय कार्यहरूको वर्णन गरिएका छन् र उहाँले हैरानमा परेको आफ्नो बालकलाई अनगिन्ती पल्ट छुटाउनुभएको छ। पवित्र सङ्कल्पको साथमा भजनकारले यसो भनेका छन्ः 'यहोवा एलोहिमका शक्तिशाली कामहरूको अटुट वर्णन लिएर म आउनेछु।' 51)

**भजन ७१:१७-१८:** जसरी पाँच पददेखि एघार पदसम्मको खण्डमा यहाँ फेरि तिनले आफ्नो बालककालदेखि लिएर बुढ़ेसकाल-सम्मको अनुभव नियालेर हेरेका छन् (भजन ७१:१७-२१), तर परमेश्वरको विश्वास-योग्यता बाहेक तिनले यसमा अरू केही पनि पाउँदैनथिए। परमेश्वरले तिनलाई तिनको बालककालदेखि नै सिकाउनुभयो, अनि यसमा श्री नोक्सले आफ्नो अनुवादमा निम्न शब्दहरू थपेर भनेका छन्ः 'अझै पनि म तपाईंका आश्चर्यकर्महरूको बयान गरि-रहेछु।' अहिले तिनी वृद्ध भए र तिनको केश फुलिसकेको थियो, र पनि तिनलाई आफ्नो काम सिद्धिसकेको जस्तो लाग्दैनथियो। आउँदो पुस्ता र त्यसपछि आउने सबैलाई परमप्रभुका सामर्थ्यका कामहरूको बारेमा बताउन तिनले समय मागेछन्। यस प्रार्थनाको उत्तर जरुर भएको छ; किनकि पवित्र धर्मशास्त्र बाइबलमा यस भजनको संरक्षण भजनसंग्रहको पुस्तकमा भयो।

**भजन ७१:१९-२१:** परमेश्वर कति उदेकको हुनुहुन्छ! उहाँको शक्ति र उहाँको धार्मिकता आकाशभन्दा उच्च छन्। अनि उहाँले गर्नुभएका महान्-महान् कामहरूको बारेमा सोच्दाखेरि कोही पनि उहाँको तुलनामा आउन सक्दैन।

कहिलेकाहीं परमेश्वरले हुन दिनुभएकै कामको विषयमा उहाँले त्यो गर्नुभएको भनिन्छ। यहाँ पनि यस्तै छः उहाँले भजन-कारलाई (र इस्राएली जातिलाई पनि) धेरै तीता अनुभवहरू गर्न दिनुभयो। अनि इस्राएली जातिको सन्दर्भमा कुरा गर्नु हो भने, हामीले तिनीहरूको यस तिक्त अनुभवमा सङ्कष्टकाल बुझ्नुपर्छ। तर उहाँ पुनरुत्थानको परमेश्वर हुनुहुन्छ, र उहाँले आफ्ना जन-हरूलाई पुनर्जागृत गराउनुहुन्छ र तिनी-हरूलाई चिहानको मुखबाट खोस्नुहुन्छ। त्यति मात्र होइन; तर उहाँले तिनीहरूलाई निन्दाको सट्टामा आदर दिनुहुनेछ र तिनी-हरूलाई सान्त्वनाको घेराभित्र राख्नुहुनेछ।

**भजन ७१:२२:** परमेश्वरको विश्वास-योग्यताको प्रशंसा गर्न यहाँ सितार-बाजाको सेवा लिइन्छ। अनि इस्राएलका पवित्र जनको बढ़ाइ गर्न वीणाले साथ दिन्छ। भजन-संग्रहको पुस्तकमा 'इस्राएलका पवित्र जन' – परमेश्वरको यो नाम अरू दुईवटा ठाउँ-हरूमा पाइन्छः भजन ७८:४१ र भजन ८९:१८।

**भजन ७१:२३-२४:** यस स्तुतिगानमा भजनकारका ओठहरू, तिनको प्राण र तिनको जिब्रोले सितार-बाजा र वीणालाई साथ दिन्छन्। गीत गाउँदाखेरि तिनका ओठहरू आनन्दले बुद्बुद् हुनेछन्। थुमाको रगतको दाममा छुटकारा पाएको तिनको प्राण स्तुति गाउँदा औधि नै रमाउनेछ। अनि तिनको जिब्रो पनि परमेश्वरको भरोसा गर्न लायकको गुणको बारेमा कुरा गर्न कहिल्यै थाक्नेछैन; किनकि तिनका सबै शत्रुहरू पूरा शर्ममा परेका छन्।

## भजन ७२: ख्रीष्टको महिमाले भरपूर राज्य

यस भजनले शुरुमा पृथ्वीका एकजना राजाको निम्ति, सम्भवतः सुलेमानको निम्ति गरिएको प्रार्थनाको रूप लिएको छ; तर धेरै समय लाग्दैन, र हामी बुझिहाल्छौं, कि यस भजनका लेखकले सुलेमानको कुरा नाघेर पल्लो प्रभु येशू ख्रीष्टको राज्यको सारा महिमा पो देखेछन्। ख्रीष्टको राज्यचाहिँ यस थकित जुझो संसारको निम्ति उत्कृष्ट समय हुनेछ। अनि मानव-जातिले उत्कट चाहना गरेको त्यस स्वर्ण-युगको शुभारम्भ हुनेछ। सृष्टिको आर्तनाद र ऐया-आत्था बन्द हुनेछ अनि शान्ति र समृद्धि फस्टाउनेछ।

**भजन ७२:१:** एक पदमा राजाको राजाभिषेक हुँदा मनाइरहेको पवित्र सभाबाट उठेको प्रार्थना सुन्छौं। श्री नोक्सले निम्न शब्दले यो पद अनुवाद गरेका छन्: 'हे परमेश्वर, राजालाई तपाईंको न्याय गर्ने दक्षता दिनुहोस्! र सिंहासनको हकवाला-चाहिँ तपाईंजस्तै धर्मी र न्यायपरायण होऊन्!'

अनि भजन ७२ को बाँकी भागमा 'उनले यसो गर्नेछन्, उनले उसो गर्नेछन्' भनेर जेजति बताइएको छ, त्यी सबै कुराहरू मुक्तिदाता प्रभुले आफ्नो चम्किलो राज्य स्थापित गर्नुहुँदा वास्तविक रूपमा पूरा हुनेछन्।

**भजन ७२:२:** *'उनले धार्मिकतापूर्वक तपाईंका जनहरूको र न्यायपूर्वक तपाईंका गरिबहरूको न्याय गर्नेछन्।'* भ्रष्टाचार, घूसखोरी र अत्याचारको अन्त हुनेछ। अनि सबै न्यायजाँचहरू निष्पक्ष हुनेछन्, र गरिबहरूलाई फेरि कहिल्यै कुनै प्रकारको प्रतिकूलता हुनेछैन।

**भजन ७२:३:** पहाड़हरूले उहाँका जनहरूको निम्ति शान्ति र समृद्धिको प्रशस्त फसल दिनेछन्, र सठीक न्यायले डाँड़ाहरूलाई ढाक्नेछ। पवित्र धर्मशास्त्र बाइबलमा 'पहाड़हरू' भन्नाले प्रायः सरकारी अधिकारवर्ग बुझिन्छ। यसो हो भने, ख्रीष्टको राज्यमा उहाँको प्रजाले देशका सबै अदालतहरूमा सर्वोच्च न्यायालयदेखि लिएर स्थानीय कचहरीसम्म निष्पक्षता र समुचित न्यायको आशा राख्न सक्नेछ।

**भजन ७२:४:** धेरै शताब्दीहरूदेखि नै गरिबहरू र अभावग्रस्तहरू थिचोमिचोमा परेका छन्, कम्ती वेतनमा काम गरेका छन्, सतावटमा परेका छन् र हत्याको समेत शिकार बनेका छन्। तर ख्रीष्टको हजार वर्षको राज्यमा राजा स्वयम् तिनीहरूका वकील हुनुहुनेछ। उहाँले तिनीहरूलाई सधैंको निम्ति मुक्त गर्नुहुनेछ र तिनीहरूलाई दमन गरेर तिनीहरूबाट फाइदा उठाउनेहरूलाई दण्ड दिनुहुनेछ।

**भजन ७२:५-६:** घाम र जून रहुन्जेल पुस्ता-पुस्तासम्म उहाँको प्रजाले उहाँलाई आदर-सम्मान गर्नेछ र उहाँको डर मान्नेछ। काटेको घाँसमाथि पानी परेझैं र सुक्खा जमिनमाथि झरी परेझैं उहाँको उपस्थितिबाट लाभ र ताजापन आउनेछ।

**भजन ७२:७:** उहाँचाहिँ साँचो मल्किसेदेक हुनुहुनेछ; उहाँ धार्मिकताको राजा र शान्तिको राजा हुनुहुनेछ। उहाँको

राज्यकालमा सठीक न्याय फस्टाउनेछ र जून रहुन्जेल शान्तिको भरपूरी हुनेछ। यहाँ शान्तिको अघि धार्मिकता आउँछ भन्ने कुरा हामीले याद राख्नुपर्छ। *'धार्मिकताको काम शान्ति हुनेछ, र धार्मिकताको परिणाम सदाको निम्ति चैन र निर्धक्कता हुनेछन्'* (यशैया ३२:१७)। प्रभु येशूले क्रूसमाथि हाम्रो निम्ति धार्मिकताको काम पूरा गर्नुभयो र हाम्रो निम्ति शान्ति वसियत गरेर छोड़िराख्नुभयो। अनि एक दिन उहाँले आफ्नो धर्ममय शासनद्वारा युद्धग्रस्त संसारमा शान्ति ल्याउनुहुनेछ।

**भजन ७२:८:** 'ब्रिटिश साम्राज्यमा सूर्य कहिल्यै अस्ताउँदैन' भन्ने कुरामा यू.के.लाई गर्व लाग्थ्यो। किनकि ब्रिटिश उपनिवेशहरू संसारका अन्य राष्ट्रहरूको बीचमा जताततै छरिएर बस्थे। तर ख्रीष्टको राज्यचाहिँ विश्वव्यापी हुनेछ। यस राज्यले चारैतिर छरिएका उपनिवेशहरूको रूप लिनेछैन। तर विश्वका सबै जाति र राष्ट्रहरू यसैमा समाविष्ट हुनेछन्। उहाँको राज्य एक समुद्रदेखि अर्को समुद्रसम्म र यूफ्रेटिस नदीदेखि लिएर पृथ्वीका छेउछेउसम्म फैलिएको हुनेछ।

**भजन ७२:९:** मरुभूमिमा बसेका, अराजक हुने फिरन्ते बन्जारे जातिहरू अन्तिम आएर उहाँको सामु घोप्टो पर्नेछन्, र उहाँका शत्रुहरूको नमीठो हार हुनेछ। यस सिलसिलामा 'धूलो चाट्नु' भनेको अपमान-पूर्वक र लाजमर्दो ढङ्गमा दमन गरिनु हो।

**भजन ७२:१०-११:** अन्यजातिहरूका राजाहरू राजाहरूका राजाको निम्ति कर र उपहारहरू लिएर यरूशलेममा आउनेछन्। यता स्पेनको शासक आउने रहेछन्, उता विभिन्न टापु-देशहरूबाट राष्ट्रपतिहरू उपस्थित हुने रहेछन्; अनि नभन्दै दक्षिण अरबका जातिहरूका मुख्यहरू पनि आएका देखिनेछ। उहाँलाई भेट्न आउने ठूला-ठूला पदाधिकारीहरू र गण्यमान्य व्यक्तिहरूले हवाई-अड्डामा खचाखच भीड़ जम्नेछ; किनकि सबैजनाले उहाँको शासन स्वीकार गर्नेछन्, र एउटै नछोड़ी सबै जातिहरूले उहाँको सेवा गर्नेछन्।

> 'के धनको राजा, के विद्याको राजा, के संगीतको राजा र के कलाको राजा – यी सबै राजाहरूले उहाँलाई स्वीकार गरिसकेका छन् र अझै पनि स्वीकार गर्नेछन्'

भनेर श्री एफ. बी. मेयेरले भनेका छन्।

**भजन ७२:१२-१४:** खाँचोमा परेका-हरूप्रति राजाको कति ठूलो दयामाया रहेछ, सो यहाँ देखिन्छ। गरिबहरू, शोषित हुनेहरू अनि कमजोर र अभागी मानिसहरूले प्रभु येशूमा एकजना शक्तिशाली उद्धारकलाई पाउनेछन्। गरिबी हराएर जानेछ र सामाजिक अन्याय त उहिलेको कुरा बन्नेछ। कमजोर भएकाहरू र खाँचोमा परेकाहरूसँग तुरन्तै उहाँको उपस्थितिमा पुग्ने अधिकार हुनेछ; अनि तिनीहरूको मामिलामाथि ध्यान दिइनेछ र तत्कालै कारबाही गरिनेछ। उहाँले तिनी-हरूलाई अन्याय र क्रूर व्यवहारबाट छुटाउनु-हुनेछ र तिनीहरूका जीवन आफ्नो दृष्टिमा कति अमूल्य रहेछन् भन्ने कुरा संसारलाई देखाउनुहुनेछ।

**भजन ७२:१५:** उहाँका विश्वासयोग्य प्रजाहरूको मुखबाट 'महाराजा अमर रहून्' भन्ने नारा गुँजिनेछ। उहाँप्रति कृतज्ञ भएर तिनीहरूले उहाँलाई शेबाका भण्डारहरूबाट सुन दिनेछन्। उहाँको निम्ति सारा संसारबाट अटुट प्रार्थना चढ़ाइनेछ, अनि मानिसहरूले मिरमिरे उज्यालोदेखि साँझ नपरेसम्म उहाँलाई धन्यको भन्नेछन्।

**भजन ७२:१६:** जमिनको उर्वरता अर्थात् उब्जाउ-शक्ति अवर्णनीय हुनेछ। अन्न राख्ने भण्डारहरू र गाईबस्तुको निम्ति घाँस राख्ने साइलोहरू अन्नले भरिएर टनाटन हुनेछन्।

पहाड़का टाकुराहरू जस्तै अघि कहिल्यै खनजोत नगरिएका ठाउँहरूमा लेबानोनका तरङ्गित वनहरूझैं बारीहरूमा पाकेका अन्नाहरू शीतल हावामा लहलह झुल्नेछन् ।

अनि शहरहरू मानिसहरूले भरिभराउ हुनेछन्, जसरी मैदानहरू घाँसपातले भरिएका हुन्छन् । जनसङ्ख्याको वृद्धि बेहिसाब हुनेछ; रपनि खाद्य पदार्थको कुनै अभाव हुनेछैन ।

**भजन ७२ः१७ः** उहाँको नाम सदा-सर्वदा रहिरहनेछ, सदैव प्रिय मानिनेछ र सदा आदरणीय भइरहनेछ । सूर्य रहुन्जेल उहाँको सुनाम र कीर्ति रहिरहनेछ । परमेश्वरले अब्राहामलाई गर्नुभएको प्रतिज्ञाअनुसार सबै मानिसहरू उहाँमा आशिषित हुनेछन्, र सबै जातिहरूले उहाँलाई धन्यको भन्नेछन् ।

**भजन ७२ः१८-१९ः** एउटा स्तुतिगानको साथमा यो भजन समाप्त हुन्छ । प्रभु येशूको महिमाले भरपूर राज्यचाहिँ परमेश्वरको उपलब्धि हो । उहाँ नै यी सबै अद्‌भुत स्थितिहरूको कर्ता र प्रबन्धक हुनुहुन्छ; अरू कसैले पनि यस्तो काम गर्न सक्दैन । यसकारण उहाँको महिमापूर्ण नामको प्रशंसा सदा-सर्वदा भइरहोस्, र उहाँको महिमाले सम्पूर्ण पृथ्वी भरियोस् ! योजस्तै सुहाउने कुरा अरू के हुन सक्थ्यो र ?

**भजन ७२ः२०ः** यिशाईका पुत्र दाऊदका प्रार्थनाहरू समाप्त भए । यस भनाइको अर्थ के हुन सक्छ र के हुन सक्दैन, सो हामी हेरौं ! त्यसको मतलब 'समस्त भजनसंग्रहको पुस्तकको हिसाबले दाऊदका प्रार्थनाहरू समाप्त भए' भनेर भनेको होइन; किनकि पछि भजनसंग्रहको पुस्तकमा दाऊदका अरू भजनहरू पनि धेरै हालिएका छन् । हुन सक्छ, त्यसको मतलब भजनसंग्रहको दोस्रो खण्डमा भएका दाऊदका प्रार्थनाहरू समाप्त भए; किनकि भजन ७२ चाहिँ भजनसंग्रहको दोस्रो खण्डमा अन्तिम भजन थियो । तर त्योभन्दा अझ विश्वासलाग्दो स्पष्टीकरण छँदैछः प्रभु येशू ख्रीष्टको भावी राज्यचाहिँ तिनका प्रार्थनाहरूले माग गरेको चरमसीमा र परम उत्तर हो । जुन राज्यको बारेमा अघिका पदहरूमा विस्तृत वर्णन गरिएको छ, त्यो राज्यचाहिँ तिनका अन्तिम शब्दहरूको विषयवस्तु थियो (२ शमूएल २३ः१-४), अनि त्यो महिमित घटना तिनका प्रार्थनाहरूको अन्तिम लक्ष्य थियो । जब ख्रीष्ट येशूले यस राज्यको सिंहासनमाथि आफ्नो आसन ग्रहण गर्नुहुनेछ, तब दाऊदका सबै आकाङ्क्षा र इच्छाहरू पनि पूरा हुनेछन् ।

# खण्ड ३
# भजन ७३-८९ः
# पुस्तक तीन

## भजन ७३ः विश्वासको समस्या

**भजन ७३ः१ः** यस भजनमा आसाफले कुरा गरिरहेका छन् । अनि उनले यसो भनेका छन्ः 'शुरुमा म यो कुरा स्पष्ट पार्न चाहन्छु, कि इस्राएलको निम्ति परमेश्वर भला हुनुहुन्छ, तिनीहरूको निम्ति, जसको हृदय शुद्ध छ । यो कुरा मलाई पक्का थाह छ । अनि यो तथ्य यति सरल र सर्वविदित छ, कि यस कुराको विषयमा कसले पो शङ्का गर्ला भनेर यो मेरो विचार थियो, अनि शायदै यो तपाईंको पनि विचार होला ।'

**भजन ७३ः२-३ः** 'तर यस्तो एउटा समय थियो, जुन समयमा मेरो मनमा यसको विषयमा शङ्का उठ्न थाल्यो; अनि यस विषयमा लिएको मेरो अड़ान डगमगाउन लाग्यो र एक क्षणको लागि मेरो विश्वास